# नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको स्थिति अध्ययन

## प्रतिवेदन



नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर
२०७४ साल पुस

# नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको स्थिति अध्ययन

## प्रतिवेदन

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर
२०७४ साल पुस

**प्रकाशक**

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर

**प्रतिः ५००**

**प्रकाशन मिति**

पुस, २०७४

**सर्वाधिकार**
केन्द्रीय बालकल्याण समिति, ललितपुर

**आर्थिक सहयोग**

सेभ द चिल्ड्रेन, नेपाल कार्यालय

**मुद्रणः**
अशिम प्रिण्टिङ्ग प्रेस, शंखमूल, काठमाडौं

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
# केन्द्रीय बाल कल्याण समिति
# Central Child Welfare Board
हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति.........................

## शुभकामना

नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको हेरचाह र पारिवारिक स्थितिको अवस्था एवम् त्यस्ता बालबालिकाको अधिकार संरक्षणका लागि अपनाउनु पर्ने उपायहरु खोजी गर्ने उद्देश्यका साथ केन्द्रीय बालकल्याण समितिले २३ वटा जिल्लाबाट तथ्यांक संकलन तथा विश्लेषणपश्चात **नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको स्थिति अध्ययन प्रतिवेदन** प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ ।

नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको सर्वाङ्गीण विकासका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरु प्रशस्त रहँदा रहँदै पनि यस्ता बालबालिकाको संरक्षणका निमित्त अपनाउनुपर्ने उपायका बारेमा साझा अवधारणा र सेवा प्रवाहमा समेत एकरुपता नहुँदा उनीहरुको जीवनमा अपेक्षाकृत सकारात्मक परिवर्तन आएको देखिँदैन । यस सन्दर्भमा यो अध्ययनबाट प्राप्त नतिजाले नेपालमा बालबालिकाको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैरसरकारी निकाय, सामाजिक संघ/संस्था, योजना तथा नीति निर्माणकर्ता, निर्णयकर्ताहरु सबैमा अनाथ बालबालिकाको संख्यात्मक तथा गुणात्मक अवस्था, समस्या, चुनौति तथा समस्या सम्बोधनका उचित उपायको बारेमा स्पष्ट हुन सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीनको तहको हुने र तीनै तहको सरकारद्वारा राज्य सञ्चालन प्रक्रिया अघी बढ्ने भन्ने व्यवस्था गरेसंगै अनाथ बालबालिकाको विषयलाई पनि तीनै तहको सरकारले उच्च प्राथमिकतामा राखी बालमैत्री शासनको स्थापनामा सकारात्मक कदम चाल्नको लागि आग्रह गर्दै यो अध्ययन प्रतिवेदन तयार गर्न प्रत्यक्ष रुपमा योगदान गर्नु हुने यस समितिका कार्यकारी निर्देशकज्यू लगायत अध्ययनसंग सम्बन्धित कर्मचारी मित्रहरु, अध्ययनकर्ताहरु सबैप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

..................
(बबिना श्रेष्ठ)
अध्यक्ष

"बालमैत्री शासन : बालअधिकारको सम्मान"

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

# प्राक्कथन

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि (सन् १९८९) लाई नेपालले अनुमोदन गरेपछि बालबालिकाको हित, संरक्षणका लागि नेपालमा भएका साविक व्यवस्थाहरुमा थप प्रयासहरु भएका छन् । जसानुरुप नेपाल सरकारले बालअधिकार संरक्षण र सम्बर्द्धनको लागि अझ बढी संवेदनशील भई संविधान, कानून, नीति, योजना, कार्यक्रम एवम् संस्थागत संरचनामा उल्लेखनीय सुधार गर्दै आएको छ ।

उपर्युक्त प्रयास हुँदाहुँदै पनि बालसंरक्षणका विभिन्न विषयहरुमा थुप्रै कार्यहरु गर्नुपर्ने देखिएको छ । बालसंरक्षण अन्तर्गतको एउटा संवेदनशील विषय बाबुआमा विहीन तथा असहाय बालबालिकाको बालसुलभ एवम् सम्मानजनक जीवनयापन सुनिश्चित गर्नु चुनौतिपूर्ण रहँदै आएको छ । विभिन्न समुदायमा आमाबाबु दुवैको मृत्यु भइसकेका, आमाबाबुमध्ये कुनै एकको मृत्यु भई बालबालिकाको लालनपालन यथोचित रुपमा नभएका, आमाबाबुमध्ये दुवै वा एक हुँदाहुँदै पनि शारीरिक, मानसिक तथा आर्थिक कारणले बालबालिकाको लालनपालन गर्न असक्षम भएका बालबालिका उल्लेख्य रुपमा रहेको जानकारी पाइन्छ । यस्ता बालबालिका तुलनात्मक रुपमा शोषण, दुर्व्यवहार, भेदभाव, उपेक्षालगायतको बढी जोखिममा पर्दछन् ।

बाबुआमा विहीन तथा असहाय बालबालिकाको विस्तृत स्थिति दर्शाउने विशिष्ट अध्ययन हालसम्म भएको देखिँदैन । केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो एक अध्ययन नेपाल बहुसूचकाङ्क क्लष्टर सर्वेक्षण सन्, २०१४ बाट ०-१७ वर्ष उमेरका कूल बालबालिकामध्ये ५ प्रतिशत बालबालिका आफ्ना आमाबाबुबाहेक अन्यसंग बस्ने गरेको र करिव ४ प्रतिशत बालबालिकाको आमाबाबुमध्ये दुवै अथवा एकजनाको मृत्यु भैसकेको पाइएको छ । तर आमाबाबु दुवैको मृत्यु भैसकेका तथा आमाबाबु दुवै जीउँदै हुँदाहुँदै पनि दुवैबाट परित्यक्त वा छुट्टिएर बस्न बाध्य भएका बालबालिकाको संख्या एकिन गर्न सकिएको देखिँदैन । यसैगरी बाबुआमा विहीन तथा असहाय बालबालिकाको शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था र विविध जोखिममा रहेका बालबालिकाको संरक्षणबारे एकिन जानकारीको अभाव भएकोले यस्ता बालबालिकाको स्थिति र आवश्यकताबारे विस्तृत जानकारी उपलब्ध गराउन र सरकारको तर्फबाट त्यस्तो अवस्थामा रहेका बालबालिकाका लागि के कस्ता सेवासुविधाहरुको व्यवस्था गर्नु पर्छ र गर्न सकिन्छ भन्नका लागि यो अध्ययन गरिएको हो । यस अध्ययनको नतिजाले बाबुआमा विहीन तथा असहाय बालबालिकाका लागि नीति तथा कार्यक्रम तर्जुमाका लागि महत्वपूर्ण सूचना प्रदान गर्ने आशा गरिएको छ ।

यस अध्ययनका लागि आर्थिक सहयोग उपलब्ध गराउने सेभ द चिल्ड्रेनको नेपाल कार्यालय, २३ जिल्लामा स्थलगत अध्ययन सञ्चालन गर्ने बालअधिकार स्रोतव्यक्तिहरु र सूचना व्यवस्थापन अधिकृतहरु, स्थलगत अध्ययनको सूचनालाई सफ्टवेयरमा प्रबिष्टी गरी विविध तालिका र ग्राफ तयार गर्ने कार्यमा संलग्न योगन्द्र नापित, विश्वजित बर्तौला र ममता सिटौला, उपलब्ध सूचना तथा मस्यौदाको आधारमा परिच्छेद २, ३ र ५ को लेखन तथा परिच्छेद १ र ४ को पुनर्लेखन तथा सम्पादन कार्य सम्पन्न गर्ने काठमाण्डौं विश्वविद्यालयका उप-प्राध्यापक शिव प्रसाद पौडेल, यस अध्ययन कार्यलाई संयोजन र प्रतिवेदनलाई अन्तिम रुप दिने केन्द्रीय बालकल्याण समितिका ज्ञानेन्द्रकुमार श्रेष्ठ तथा अध्ययन कार्यमा सहयोग गर्ने आत्माराम थापा, केशब चालिसे लगायत संलग्न अन्य कर्मचारीहरुलाई वहाँहरुको योगदानका लागि धन्यबाद ज्ञापन गर्दछु ।

**(तारक धिताल)**
कार्यकारी निर्देशक

# विषयसूची


**अध्याय -एक** १

नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको स्थिति अध्ययन १

१.१ पृष्ठभूमी १

१.२ अध्ययनको औचित्य ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ "अनाथ" बालबालिका एवम् "संरक्षक" को परिभाषा ४

१.५ अध्ययन विधि ४

१.५.१ तथ्याङ्क एवम् सूचनाको स्रोत तथा प्रकृति ४

१.५.२ तथ्याङ्क संकलनका विधि, उपाय वा तरिका ५

१.५.३ जिल्ला, सूचनादाता तथा समुदायको छनौट ६

१.५.४ स्थलगत अध्ययन योजना तथा व्यवस्थापन ६

१.५.५ बालसुलभ विधि र आचारंहिता ६

१.५.६ अध्ययनको सीमा ७

१.५.७ प्रतिवेदनको ढाँचा ७

**अध्याय – दुई** ८

कानून, नीति तथा योजनाहरुमा अनाथ बालबालिकासम्बन्धी व्यवस्था ८

२.१ संविधानमा अनाथ बालबालिकासम्बन्धी व्यवस्था ८

२.२ विभिन्न ऐन, नियमावली, नियम, कार्यविधि, मार्गदर्शनहरुमा अनाथ बालबालिका १०

२.३ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, कार्ययोजनाहरुमा अनाथ बालबालिका १८

**अध्याय – तीन** २६

राष्ट्रिय सर्भेक्षणमा अनाथ बालबालिका २६

**अध्याय – चार** ३४

अनाथ, आफन्त तथा अन्य व्यक्तिको संरक्षणमा रहेका बालबालिकाको स्थितिसम्बन्धी स्थलगत अध्ययनको विश्लेषण ३४

**अध्याय – पाँच** ४९

निष्कर्ष तथा सूझाव ४९

**तालिका सूची**

तालिका १ : अध्ययनको उद्देश्य, सूचनाको श्रोत तथा सूचना प्राप्त गर्ने विधिको संक्षिप्त रुप ५
तालिका २ : बालबालिकाको बसाई स्थिति (राष्ट्रिय जनगणना २०५८) २७
तालिका ३ : बालबालिकाको बसाई स्थिति (राष्ट्रिय जनगणना २०६८) २८
तालिका ४ : विवाहित जनसंख्या (राष्ट्रिय जनगणना २०६८) ३०
तालिका ५ : बालबालिकाका आमाबाबु भए नभएको स्थिति ३२
तालिका ६ : बालबालिकाको बसाईको स्थिति (नेपाल बहुसूचकांङ्क क्लस्टर सर्वेक्षण २०७१) ३२
तालिका ७ : बालबालिकाको आमाबाबु देश बाहिर वा भित्र ३३
तालिका ८ : बालबालिकाको उमेर समूह ३४
तालिका ९ : उत्तरदाताको लैंङ्गिक विवरण ३५
तालिका १० : बालबालिकाको पालनपोषण गर्नेसंगको नाता सम्बन्ध ३६
तालिका ११ : संरक्षक र संरक्षित बालबालिका ३७
तालिका १२ : संरक्षित बालबालिकाको आमाबाबुको स्थिति ३८
तालिका १३ : बालबालिकाको घरायसी र घर बाहिरको कार्यमा संलग्नता ४०
तालिका १४ : बालबालिकालाई हेप्ने वा ज्यादै मन नपर्ने गरी जिस्काउने काम ४१
तालिका १५ : बालबालिकालाई दुर्व्यवहार हुने स्थान ४२
तालिका १६ : शारीरिक सजाँयको प्रकृति ४२
तालिका १७ : बालबालिकालाई पालनपोषण गर्ने संरक्षकले भोगेका समस्याहरु ४३
तालिका १८ : संरक्षकले आफ्ना समस्याहरु समाधान गर्न बताएका उपायहरु ४४
तालिका १९ : बालबालिका र स्वास्थ्य सेवामा उनीहरुको पहुँच ४५
तालिका २० : बालबालिकाको मनोरञ्जनको स्थिति ४६
तालिका २१ : संरक्षित बालबालिकालाई चाहिने सहयोग ४७

**चित्रसूची**

चित्र नं १ : बालबालिका बसेको घरको आर्थिक अवस्था ३७
चित्र नं २: पढाइको स्थिति ३९

**अनुसूचीहरु**

अनुसूची १ : अन्तर्वाता लिइएका बालबालिका, परिवार र समुदायको विवरण ५६
अनुसूची २ : जनगणना २०५८ अनुसार कूल बालबालिकाको संख्या ५७
अनुसूची ३ : जनगणना २०६८ अनुसार कूल बालबालिकाको संख्या ५८
अनुसूची ४ : अध्ययनमा सहभागि व्यक्तिहरुको जिल्लागत विवरण ५९
अनुसूची ५ : समुदायलाई सोधिएका प्रश्नहरु ६०
अनुसूची ६ : घरमुली वा बालबालिकाको संरक्षकलाई सोधिएका प्रश्नहरु ६१
अनुसूची ७ : बालबालिकालाई सोधिएका प्रश्नहरु ६३

# अध्याय- एक

# नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको स्थिति अध्ययन

यस स्थिति अध्ययनमा आमाबाबु दुवै नभएका अनाथ बालबालिकासम्बन्धी तथ्याङ्कका लागि केन्द्रीय तथ्याङ्क विभागबाट सम्पन्न गरिएको नेपाल जनगणना २०६८ र नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ (Nepal Multi-indicators Cluster Survey, 2014) ले समेटेको बसाईको आधारमा बालबालिकाको तथ्याङ्क र स्थितिलाई आधार मानिएको छ भने अनाथ एवम् आमाबाबुमध्ये कुनै एकको मृत्यू भएका र मूलतः आफन्तको संरक्षणमा रहेका बालबालिकाको शैक्षिक, आर्थिक, श्रम लगायत बालसंरक्षणका विविध विषयसम्बन्धी स्थितिका लागि केन्द्रीय बालकल्याण समितिद्वारा जिल्ला बालकल्याण समितिसंगको सहकार्यमा २३ जिल्लाहरुमा गरिएको स्थलगत अध्ययनको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

## १.१ पृष्ठभूमि

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ का अधिकांश व्यवस्थाहरु अनाथ तथा आमाबाबुमध्ये एक नभएका बालबालिकालाई मात्र नभइकन सवै बालबालिकाको निमित्त आकर्षित हुन्छन् । ती अधिकार हरुमा भेदभाव विरुद्धको अधिकार, उच्चतम हित, बाँच्न पाउने र दीर्घ जीवनको अधिकार, नाम र राष्ट्रियताको अधिकार, पहिचान खुल्ने अभिलेखको सुरक्षाको अधिकार, गैरकानूनी हस्तान्तरण र अपहरण विरुद्धको अधिकार, विचार अभिव्यक्तिको स्वतन्त्रता, अभिव्यक्त विचार उपर उपयुक्त सुनवाईको अधिकार, सूचनामा पहुँच एवम् सूचना माग्ने र पाउने अधिकार, हानिकारक सूचनाबाट जोगिन पाउने अधिकार, विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकार, संगठन खोल्न र सहभागी हुन पाउने अधिकार, गोपनियताको अधिकार, दुर्व्यवहार, हेलाँ र अपमानबाट संरक्षण पाउने अधिकार, स्वास्थ्य सम्बन्धी अधिकार, सामाजिक सुरक्षाको अधिकार, उपयुक्त वातावरणमा स्तरीय बसाई, शिक्षाको अधिकार, खेलकुद, कला तथा साँस्कृतिक गतिविधिमा संलग्न हुन पाउने अधिकार, आर्थिक शोषण तथा जोखिमपूर्ण श्रम विरुद्धको अधिकार, लागूऔषधको प्रयोगबाट बच्न पाउने अधिकार, यौन दुर्व्यवहार, बेचबिखन तथा कुनै पनि प्रकारको शोषणविरुद्धको अधिकार, ऋुर, अमानवीय, अपमानजनक व्यवहार एवम् यातना विरुद्धको अधिकार र सशस्त्र द्वन्द्वमा प्रयोग विरुद्धको अधिकार पर्दछन् ।

सबै बालबालिकाका निमित्त समान रुपमा लागु हुने माथिका अधिकारहरु बाहेक महासन्धिमा केही अधिकारहरु खास समूहका बालबालिकाको निमित्त मात्र सुनिश्चित गरिएको छ । ती समूहहरुमा मुख्यतः शरणार्थी बालबालिका, आमाबाबु नभएका बालबालिका, अपराध गरेको आरोप लागेका बालबालिका

वा आरोप प्रमाणित भएका बालबालिका, अपाङ्गता भएका बालबालिका, अल्पसंख्यक तथा आदिवासी बालबालिका र हिंसापीडित बालबालिका पर्दछन् ।

महासन्धिले आमाबाबु नभएका बालबालिकाको निमित्त धारा २० र २१ मा वैकल्पिक स्याहारको खाका प्रस्तुत गरेको छ । वैकल्पिक स्याहारमा परिवारमा आधारित स्याहार, धर्मसन्तानसम्बन्धी व्यवस्था एवम् संस्थागत स्याहार सबै पर्दछन् । वैकल्पिक स्याहारका क्रममा बालबालिकालाई आफ्नो पूर्ववत धर्म, संस्कार, मातृभाषामा नै हुर्काउन पाउने कुरामा जोड दिने दायित्व समेत राज्यलाई सुम्पिएको छ । त्यसैगरी आमाबाबु वा परिवार नभएका बालबालिकाको हकमा केही धाराहरु सान्दर्भिक हुँदैनन् । जस्तै धारा ५ र १८ मा भएको बालबालिकाको विकासको उपयुक्त वातावरण तयार गर्न आमाबाबुलाई राज्यले सहयोग पुऱ्याउनु पर्ने, धारा ७ ले व्यक्त गरे जस्तो यी बालबालिकालाई आफ्ना आमाबाबुबाट स्याहार पाउने र धारा ९ र १० मा सुनिश्चित गरिए जस्तै बालबालिकालाई सकेसम्म आमाबाबुसंग अलग्ग नगरिने, अलग्ग भएको अवस्थामा पुर्नमिलन र निरन्तर भेटघाटको अधिकार उनीहरुको हकमा आकर्षित हुदैन । तर यी माथिका व्यवस्थाहरु आमाबाबुमध्ये एक भएका बालबालिकाको निमित्त भने आकर्षित हुन्छन् ।

महासन्धिमा आधारित भएर संयुक्त राष्ट्रसंघले अनाथ बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी मार्गदर्शन, २००९ जारी गरेको छ जसमा अनाथ बालबालिकाको लागि परिवारमा आधारित तथा संस्थागत स्याहार लगायत अनाथ बालबालिकाको उमेर हेरी सुपरिक्षेणमा आधारित स्वतन्त्र बसोबास जस्ता वैकल्पिक हेरचाहका उपायहरुको सिफारिश गरेको छ ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गर्नु भन्दा पूर्वदेखि नै अनाथ बालबालिकाको स्याहारको निमित्त नेपालमा केही कानूनी व्यवस्थाहरु मुलुकी ऐन, २०२० मा रहँदै आएका थिए । संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिको अनुमोदन पश्चात नेपालले बालबालिकासम्बन्धी ऐन, २०४८ जारी गरी अनाथ बालबालिकाको हेरचाहको निमित्त परिवारमा आधारित उपाय र संस्थागत स्याहार (बालगृहमा राखी गरिने स्याहार) दुवैलाई समान रुपमा अगाडि बढाएको छ । हालसालै जारी गरिएको नेपालको संविधान २०७२ ले अनाथ बालबालिकाको संरक्षण र हेरचाहको विषयलाई संविधानमा नै समावेश गरी अनाथ बालबालिका प्रति राज्यको प्रतिबद्धतालाई प्रष्ट्याएको छ । तथ्याङ्कहरुले नेपाल सरकारले अनाथ बालबालिकाप्रतिको लगानी पनि क्रमशः बढाँउदै लगेको पनि संकेत गर्दछ ।[१]

बालबालिका भित्रका विभिन्न समूहमा अनाथ बालबालिका निकै जोखिममा रहेको हुन्छ । जुनसुकै स्थितिमा भए पनि अन्य बालबालिकाको निमित्त आमाबाबु छन् र उनीहरुले हेरचाह वा स्याहारको प्राथमिक जिम्मेवारी लिएका हुन्छन् भनी अनुमान गर्न मिल्दछ तर अनाथ बालबालिकाको निमित्त स्याहारको जिम्मा लिने कार्य राज्यले नै गर्नुपर्ने हुन्छ । संयुक्त राष्ट्रसंघीय महासन्धि र नेपालको प्रचलित कानूनले पनि अनाथ बालबालिकाको निमित्त राज्यले उनीहरुको आमाबाबु सरह कै संरक्षकको भूमिका निभाउनु पर्ने दायित्व सुम्पेको छ ।

१ केन्द्रीय बालकल्याण समितिबाट प्रकाशित बालबालिकाको स्थिति प्रतिवेदनको समग्र अध्ययनको निष्कर्ष ।

### १.२ अध्ययनको औचित्य

सरकारी तथा सामाजिक संघसंस्थाहरुले विगतका धेरै दशकदेखि अनाथ तथा आमाबाबुमध्ये एक भएका बालबालिकाको संरक्षण तथा हेरचाहमा सहयोग गर्दै आएको छ। विभिन्न समुदायमा यी बालबालिका रहेबसेको जानकारी पत्रपत्रिका मार्फत बेलाबेलामा पाइन्छ। यस्ता बालबालिकाको विस्तृत स्थिति दर्शाउने छुट्टै (विशिष्ट) राष्ट्रिय स्तरको अध्ययन हालसम्म भएको देखिँदैन।

२०६८ सालको केन्द्रीय तथ्याङ्क विभागको जनगणना अनुसार आमाबाबु दुवैसंग बसेको बालबालिका ८७.०७ प्रतिशत र आमाबाबुमध्ये एकजनासंग बसेको बालबालिका १० प्रतिशत र अन्य नातेदारसंग वसेका बालबालिका ०.४८ प्रतिशत देखिएको छ। कुल ९७.५५ प्रतिशत बालबालिका आमाबाबु वा आफन्तसंग नै देखिन्छन्। बाँकी २.४५ प्रतिशत बालबालिकामात्र रोजगारदाता लगायत अन्यसंग बसेको देखिन्छ।[२]

केन्द्रीय तथ्याङ्क विभागले यूनिसेफको सहयोगमा प्रत्येक ५ वर्षमा सञ्चालन गर्ने नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ को प्रतिवेदनलाई विश्लेषण गर्दा १७ वर्ष उमेरसम्मका कूल बालबालिकामध्ये ९५.२ प्रतिशत बालबालिकाका आमाबाबु दुवै भएका र ४ प्रतिशत बालबालिकाको आमाबाबुमध्ये एक भएका देखाएको छ। यस प्रतिवेदनको आधारमा ०.८ प्रतिशत बालबालिका मात्र आमाबाबु नभएका देखिन्छन्। यस सर्वेक्षणले आमाबाबु दुवैसंग बसेका बालबालिका ६९.४ प्रतिशत, आमाबाबु मध्ये एकजनासंग बसेका बालबालिका २५.२ प्रतिशत, गरी आमाबाबुको रेखदेखमा ९४.६प्रतिशत बालबालिका भएको देखाएको छ। यस सर्वेक्षणले बाँकी ५.४ प्रतिशत बालबालिकामध्ये ४.८ प्रतिशत बालबालिका आमाबाबु बाहेक अरुसंग बस्ने गरेको देखाएको छ। (विस्तृत विश्लेषण अध्याय ३ मा गरिएको छ।)

यी माथिका दुई अध्ययनहरुले अनाथ बालबालिकाको संख्यात्मक अवस्था देखाए पनि उनीहरुको हेरचाहको अवस्थालाई इंगित गर्दैन। तसर्थ, केन्द्रीय बालकल्याण समितिले आफ्नो सीमित श्रोत र क्षमताको अधिनमा रही अनाथ बालबालिकाको स्थिति, उनीहरुको हेरचाह, स्याहार सम्भार, आधारभूत अधिकार उपभोग स्थिति, उनीहरुको संरक्षणसम्बन्धी स्थिति र आवश्यकताबारे विस्तृत जानकारी सङ्कलन गर्न र सहभागितामूलक विधिबाट यो अध्ययन गरिएको छ। यस अध्ययनले अनाथ बालबालिकाको निमित्त राज्यले कस्ता सेवासुविधा वा अन्य उपायहरुको व्यवस्था गर्नु पर्छ भन्ने निष्कर्षमा पुग्न राज्यलाई सहयोग पुग्ने अपेक्षा पनि गरिएको छ।

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य अनाथ बालबालिकाको स्थिति अध्ययन गर्नु रहेको छ। विशिष्ट उद्देश्यहरु निम्नानुसार छन् :

१. अनाथ तथा आमाबाबुमध्ये एकमात्र भएका बालबालिकाको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने।
२. अनाथ तथा आमाबाबुमध्ये एकमात्र भएका बालबालिकाको पारिवारिक स्थिति र हेरचाहको अवस्थासम्बन्धी सूचना सङ्कलन गर्ने।
३. बालबालिकाको अधिकार संरक्षणका लागि अपनाउनु पर्ने उपायहरुबारे सुझाव सङ्कलन गर्ने।

२ http://cbs.gov.np/nada/index.phpcatalog/54/variable/V159 - page 1 (मिति २०७४ फागुन १७ मा उपलब्ध)।

## १.४ “अनाथ” बालबालिका एवम् “संरक्षक”को परिभाषा

अनाथ बालबालिकाको विश्वव्यापी रुपमा स्वीकृत परिभाषा पाइँदैन । नेपाली कानूनमा पनि अनाथ शब्दको परिभाषा गरिएको पाइँदैन । संविधान, कानून, नीतिगत व्यवस्था, कार्ययोजनाहरुले अनाथ शब्दलाई विभिन्न अर्थमा प्रयोग गर्दै आएका छन् । यस अध्ययनको प्रयोजनकालागि केन्द्रीय बालकल्याण समितिले “अनाथ” शब्दलाई आमाबाबु दुवै मृत्यु भएका बालबालिकाको रुपमा परिभाषित गरेको छ । आमाबाबु मध्ये एकजनाको मृत्यु भएका बालबालिकालाई अनाथ नमानिए पनि जोखिम अवस्थामा रहेका बालबालिकाको रुपमा लिएको छ । नेपाल सरकारका नीति तथा कार्ययोजनाहरुले अनाथ बालबालिका जनाउनकालागि अभिभावकविहीन बालबालिका भनी कतै कतै उल्लेख गरिएको पनि पाइन्छ । बालबालिकासम्बन्धी ऐनले संरक्षक विना कुनै पनि बालबालिका रहन नसक्ने भएकाले अभिभावक शब्दको प्रयोग आमाबाबु तथा नजिकका नातेदारलाई बुझाउन प्रयोग गरेको अनुमान गर्न सकिन्छ । (हेर्नुहोस्, नीति तथा कार्ययोजनासम्बन्धी परिच्छेद)

संविधानले अनाथ शब्दको अलावा “टुहुरा” शब्दको प्रयोग अनुसूची ७ मा गरेको छ । यस अध्ययनमा टुहुरा शब्दलाई प्रयोग गरिएको छैन । नेपाली चलन चल्तीमा अनाथ वा टुहुरा शब्दको एकै अर्थ पाइँदैन । यो शब्दको अर्थ समाज र संस्कृति अनुसार फरक फरक पाइन्छ । कुनै समुदायमा आमाबाबु दुवै नभएकालाई अनाथ भनिन्छ भने कुनै समुदायमा आमा वा बाबुमध्ये एक भएकालाई पनि अनाथ भनिन्छ ।

बालबालिकासम्बन्धी ऐन २०४८ को दफा २१ र २२ को व्यवस्थाले एकाघरका नातेदार बाहेक अरुले बालबालिकाको हेरचाह गर्दा जिल्ला बालकल्याण अधिकारीबाट संरक्षक नियुक्त भएर मात्र बालबालिकाको संरक्षण गर्नुपर्ने देखिन्छ । मुलुकी देवानी (संहिता) ऐन, २०७४ ले आमाबाबु बाहेक अन्य व्यक्ति संरक्षक हुनका लागि जिल्ला अदालतबाट नियुक्त हुनुपर्ने व्यवस्था गरेको छ । यस अध्ययनको प्रयोजनको निमित्त संरक्षक शब्दको प्रयोग कानूनी अर्थमा नभइकन “अनाथ” वा आमाबाबु मध्ये एक जीँउदो भए पनि वा दुवै जीँउदो भए पनि यथार्थमा हेरचाह गरिरहेका परिवारको मुलीलाई संरक्षक मानिएको छ ।

## १.५ अध्ययन विधि

### १.५.१ तथ्याङ्क एवम् सूचनाको श्रोत तथा प्रकृति

यस अध्ययनको प्राथमिक सूचनाको श्रोतअन्तर्गत बालबालिका, संरक्षक र समुदायका सम्पर्कमा आएका व्यक्तिहरुसंगको अन्तरवार्ता रहेको छ ।

द्वित्तीय श्रोतअन्तर्गत संख्यात्मक स्थितिका लागि यस अध्ययनले पहिलो समूहमा नेपाल सरकार तथ्याङ्क विभागले प्रकाशन गरेको २०६८ को जनगणना र तथ्याङ्क विभाग र यूनिसेफको सहकार्यमा नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ द्वारा सङ्कलन गरिएको तथ्याङ्कलाई आधार बनाएको छ । साथै संविधान, ऐन, नियमावली वा नियम, मापदण्ड, आदेश, नीति, कार्ययोजना, आवधिक विकास योजनामा भएका व्यवस्थाहरु एवम् नेपाल सरकारले तर्जुमा गरेको वार्षिक कार्यक्रम लगायत अन्तराष्ट्रिय कानूनका दस्तावेजहरुलाई पनि आधार बनाएको छ ।

### १.५.२ तथ्याङ्क सङ्कलनका विधि, उपाय वा तरिका

तलको तालिकामा अध्ययनको उद्देश्य, सूचनाको श्रोत तथा सूचना प्राप्त गर्ने विधिको संक्षिप्त स्वरुपको जानकारी प्रस्तुत गरिएको छ ।

**तालिका १ : अध्ययनको उद्देश्य, सूचनाको श्रोत तथा सूचना प्राप्त गर्ने विधिको संक्षिप्त रुप**

| उद्देश्यहरु | सूचनाका श्रोत | सूचना प्राप्त गर्ने विधि |
|---|---|---|
| अनाथ बालबालिकाको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने । | क) प्राथमिक वा मूल श्रोत<br>बालबालिका<br>बालबालिकाका हेरचाह गर्ने व्यक्तिहरु<br>समुदायका अन्य व्यक्तिहरु<br>ख) द्वित्तीय श्रोत<br>राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन<br>बहुसूचक  समूह सर्वेक्षण, २०७१<br>कानून, नीति, योजना तथा कार्यक्रमहरु | अन्तर्वार्ता<br>समूह छलफल<br>अध्ययन तथा विश्लेषण |
| अनाथ बालबालिकाको पारिवारिक स्थिति र हेरचाहको अवस्थासम्बन्धी सूचना सङ्कलन गर्ने । | बालबालिका<br>संरक्षकहरु<br>समुदायका अन्य व्यक्तिहरु | अन्तर्वार्ता<br>समूह छलफल |
| अनाथ बालबालिकाको अधिकार संरक्षणका लागि अपनाउनु पर्ने उपायहरुबारे सुझाव सङ्कलन गर्ने । | बालबालिका<br>संरक्षकहरु<br>समुदायका अन्य व्यक्तिहरु | अन्तर्वार्ता<br>समूह छलफल<br>अध्ययन तथा विश्लेषण |

स्थलगत अध्ययनमार्फत १०९८ जना व्यक्तिसंग सूचना सङ्कलन गर्नकालागि क) अध्ययन तथा विश्लेषण, ख) अन्तर्वार्ता, र ग) समूह छलफल विधिहरु अवलम्बन गरिएका थिए ।

**क) अध्ययन तथा विश्लेषण**

अनाथ बालबालिकासंग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी प्रावधानहरु, संविधान र अन्य सम्बन्धित ऐन/कानून, राष्ट्रिय नीति, आवधिक योजना र विषयगत कार्ययोजनाहरु साथै यो अध्ययनसंग सम्बन्धित हुने अन्य अध्ययन अनुसन्धानका प्रतिवेदनहरुको अध्ययन तथा विश्लेषण गरिएको छ । अनाथ बालबालिकाको संख्याका लागि राष्ट्रिय जनगणना २०६८, नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ लाई आधार बनाइएको छ ।

**ख) अन्तर्वार्ता**

यस अध्ययनका लागि जिल्ला बालकल्याण समितिमा रहेको तथ्याङ्कको आधारमा पूर्व पहिचान गरी ४२५ जना संरक्षकहरु, ४७० जना बालबालिका र १३३ समुदायका २०३ जना व्यक्तिहरुसंग अन्तर्वार्ता लिइएको थियो । बालबालिकाको उमेरको आधारमा कतिपय बालबालिकासंग पूरक अन्तर्वार्ता समेत गरिएको थियो । यो अन्तवार्ताको निमित्त सूची (चेकलिष्ट) लाई आधार बनाइएको थियो । अन्तर्वार्ता लिइएका

कूल बालबालिकामध्ये ५८.७ % बालबालिका ११ देखि १५ वर्ष उमेर समूहका, २७.४% बालबालिका ६ देखि १० वर्ष उमेर समूहका, ७.४ % उत्तरदाता १६ देखि १८ वर्ष उमेर समूहका र बाँकी ६.४ प्रतिशत बालबालिका ५ वर्ष वा सो भन्दा कम उमेर समूहको रहेको छ । बालबालिकाको निमित्त बालशुलभ विधिको प्रयोग गरिएको थियो ।

**ग) समुदायमा छलफल**

अध्ययनले समेटेका बालबालिका रहेबसेका बस्तीका छिमेकीदेखि वडा सचिव, गाविस सचिव, शिक्षक, गाँउ बालसंरक्षण समितिका सदस्य, राजनैतिक दलका स्थानीय स्तरका अगुवाहरु, महिला समूहका सदस्यहरु र स्थानीय स्तरमा काम गर्ने सामाजिक परिचालकहरु गरी १३३ समुदायका २०३ जना व्यक्तिहरु सहभागी थिए ।

### १.५.३ जिल्ला, सूचनादाता तथा समुदायको छनौट

केन्द्रीय बालकल्याण समितिअन्तर्गत विभिन्न २३ जिल्लामा (झापादेखि कञ्चनपुरसम्म) कार्यरत बालअधिकार स्रोतव्यक्ति, सूचना व्यवस्थापन अधिकृत र कार्यक्रम अधिकृतहरुबाट स्थलगत सूचना सङ्कलन गरिएको थियो । यी २३ वटा जिल्लाहरुमा तराई तथा पहाड, गाउँ तथा शहर र ७ वटै प्रदेश समेटिएको थियो । जिल्ला बालकल्याण समितिमा भएको पूर्व सूचनाका आधारमा उद्देश्यीय नमुनाको आधारमा आमाबाबु कोही नभएका वा आमाबाबु मध्ये एक भएको परिवार र त्यसै परिवारहरु रहेबसेको स्थानका बालबालिका र समुदायसंग छलफल सम्पन्न गरिएको थियो ।

२३ जिल्लाका ४७० जना बालबालिका, ४२५ जना बालबालिकाको संरक्षक र २०३ जना समुदायका उत्तरदाताबाट (१३३ समुदाय) सूचना सङ्कलन गरिएको छ । अध्ययनमा संलग्न बालबालिका, परिवार र समुदायसम्बन्धी विस्तृत विवरण अनुसूची १ मा दिइएको छ ।

### १.५.४ स्थलगत अध्ययन योजना तथा व्यवस्थापन

केन्द्रीय बालकल्याण समितिमा एक समिति गठन गरी बृहत छलफलपश्चात अध्ययनको योजना निर्माण गरिएको थियो । सूचना सङ्कलनका निमित्त स्थलगत अध्ययनमा सहभागी भएका जिल्ला बालकल्याण समितिका कर्मचारीहरुलाई प्रश्नावली अनुसार सूचना सङ्कलन गर्न स्पष्ट मार्गदर्शन गरिएको थियो ।

बालबालिका, बालबालिकाको संरक्षक र समुदायका उत्तरदाताका लागि छुट्टा छुट्टै प्रश्नहरु (अनुसूची २, ३ र ४ मा संलग्न) तयार पारी काठमाण्डौं र ललितपुरका विभिन्न समुदायहरुमा पूर्व परीक्षण समेत गरिएको थियो । अध्ययनबाट प्राप्त सूचनालाई विश्लेषण गर्न कम्प्युटर प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन प्रणालीलाई प्रयोग गरिएको थियो ।

### १.५.५ बालशुलभ विधि र आचारसंहिता

बालबालिकासंग सूचना सङ्कलनकालागि बालशुलभ विधिको प्रयोग गरी निम्न बमोजिमको आचारसंहिता समेत अवलम्बन गरिएको थियो ।

**बालबालिकासंग अन्तरवार्ता लिँदा अपनाइएका आचारसंहिता**

बालसम्वेदनशीलताको मूल मर्मलाई आत्मसात गर्दै यस अध्ययनमा तपसिल बमोजिमका आचारसंहिता पालना गरिएको थियोः

१) बालबालिकालाई कुनै पनि हानि वा जोखिममा नपार्ने गरी अध्ययनको विधि तथा औजारहरुको छनौट गर्ने ।

२) बालबालिकालाई अध्ययनको उद्देश्य स्पष्टरुपमा बताई सकेपछि मात्र लिखित तथा मौखिक सहमति लिने । बालमनोविज्ञान र बालसम्वेदनशील दृष्टिकोणबाट बालबालिकासंग सूचना सङ्कलन गर्ने ।

३) सहभागी बालबालिकाले भन्न नचाहेका सूचना तथा जानकारीहरू कुनै प्रलोभन देखाई वा आश्वासन दिई वा डरत्रास देखाई दवाव दिएर जबर्जस्ती रूपमा लिन नहुने ।

४) अध्ययन अनुसन्धानको क्रममा प्रयोग भएका विधि वा औजारहरुले बालबालिकालाई शारीरिक तथा संवेगात्मक रुपमा नकारात्मक असर नपर्ने सुनिश्चित गरिनु

५) कुनैपनि बालबालिकालाई अन्तवार्तामा सहभागी गराउँदा सुरक्षित तथा सबैले देख्ने ठाउँमा, विद्यालय वा संस्था/कार्यालयको कोठामा भए ढोका बन्द नगरीकन अध्ययन टोली बाहेक अन्य असम्बन्धित व्यक्तिको उपस्थिति नहुने निश्चित गरिनु ।

६) अध्ययन कार्यमा संलग्न अभिभावकको सूचना तथा जानकारी जान्न पाउने अधिकार तथा बालबालिकासंग सम्बन्धित सूचना तथा जानकारीको गोपनीयताको अधिकारको बीचमा उचित सन्तुलन राख्न पर्ने ।

७) अध्ययन अनुसन्धानकर्ताहरूले आफुलाई निश्पक्ष अनुसन्धानकर्ताको रुपमा प्रस्तुत गर्नु पर्ने र बालबालिकालाई संरक्षण प्रदान गर्ने निकाय, संस्था, परिवार तथा बालबालिकाप्रति कुनै पनि आग्रह वा पूर्वाग्रह राख्न नहुने ।

८) बालबालिकालाई जात, धर्म, वर्ग, सम्प्रदाय, उमेर, क्षमताको आधारमा विभेद गर्न नहुने ।

९) बालबालिकाको अवस्था एवम् स्वाभिमानलाई सदैव सम्मान गर्नु पर्ने ।

### १.५.६ अध्ययनको सीमा

यो अध्ययन ३ महिनाको समयमा सम्पन्न गरिएको हो । जिल्ला बालकल्याण समितिहरुमा व्यवस्थापन गरिएको सूचनाको आधारमा २३ जिल्लाका १०९८ व्यक्तिहरुसंगको छलफलबाट स्थलगत सूचना सङ्कलन गरिएको थियो । बालबालिकाको संरक्षकले दिएको सूचनालाई बालबालिका र समुदायले दिएको सूचनासंग तुलना गरी विश्लेषण गरिएको छ । यस अध्ययनले अनाथ बालबालिकाको अधिकार, उनीहरुको पालनपोषणसम्बन्धी सैद्धान्तिक पक्ष, अन्तराष्ट्रिय कानून र अदालती फैसलाहरुको विवेचना गरेको छैन । यस अध्ययनले बालबालिका पालनपोषण गर्ने व्यक्तिहरुमध्ये कति व्यक्तिले बालकल्याण समितिबाट संरक्षकत्व प्रदान गर्ने अख्तियारी प्राप्त गरेका छन् भन्ने कुरालाई समेत हेरिएको छैन ।

### १.५.७ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनलाई पाँचवटा अध्यायमा व्यवस्थित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय दिइएको छ भने दोश्रो अध्यायमा अनाथ बालबालिकासम्बन्धी कानून, नीति तथा योजनाहरुको चर्चा गरिएको छ । तेश्रो अध्यायमा जनगणना, २०६८ र नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ मा समेटिएको बालबालिकाको बसाईसम्बन्धी तथ्याङ्क र स्थितिको छोटकरी विश्लेषण गरिएको छ । चौथो अध्यायमा स्थलगत अध्ययनको विश्लेषण दिइएको छ । अन्तिम अध्यायमा निष्कर्ष र सुझाव दिई यो प्रतिवेदनको अन्त्य गरिएको छ ।

# अध्याय- दुई

# कानून, नीति तथा योजनाहरुमा अनाथ बालबालिकासम्बन्धी व्यवस्था

यस अध्यायमा अनाथ तथा आमाबाबुमध्ये एक भएका बालबालिकाको निमित्त प्रचलित कानूनमा भएका व्यवस्थाहरुलाई संक्षिप्तमा विश्लेषण गरिएको छ ।

## २.१ संविधानमा अनाथ बालबालिकासम्बन्धी व्यवस्था

नेपालको संविधान, २०७२ मा बालबालिकासम्बन्धी व्यवस्थाहरु कम्तिमा पनि तीन भागमा रहेका छन् । ती तीनै भागमा भएका व्यवस्थालाई छोटकरीमा निम्नानुसार व्याख्या गरिएको छ ः

### क) मौलिक हक र अनाथ बालबालिका

नेपालको संविधान, २०७२ को भाग ३ को एकतीस धारामा मौलिक अधिकारहरुको व्यवस्था गरिएका छन् । यी एकतीस वटा धाराहरुमध्ये अधिकांश धाराहरु बालबालिकाका निमित्त पनि समान रुपले आकर्षित हुन्छन् । जस्तै, सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्यायसम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजर विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षासम्बन्धी हक, भाषा तथा सँस्कृतिको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हक ।

संविधानले बालबालिकाको निमित्त केही विशेष अधिकाहरु पनि पहिचान गरेको छ । जसमा धारा ३९ ले किटान गरेका बालबालिकाको हक र धारा ४३ ले स्पष्ट रुपमा उल्लेख गरेको सामाजिक सुरक्षाको हक बालबालिकाको विशिष्ट हकका रुपमा पर्दछन् । हुनत यस अधिकारमा शिक्षाको हकलाई पनि समावेश गर्न सकिन्छ किनकि सबै नागरिकको लागि उपलब्ध भए पनि मूलतः यो अधिकार बालबालिकाको निमित्त नै बढी प्रासंगिक हुन्छ ।

धारा ३९ ले बालबालिकाको विशिष्ट हकको रुपमा निम्न अधिकारहरुलाई सुनिश्चित गरेको छ ः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

संविधानमा उल्लेखित मौलिक अधिकारहरुले बालबालिकालाई बाल अधिकार महासन्धिले स्वीकार गरेका बाल बचाउ, संरक्षण, विकास, सहभागिताका सबै महत्वपूर्ण क्षेत्रहरुलाई समेटेको देखिन्छ । सामान्य नागरिकलाई प्राप्त भएका अधिकारहरु बालबालिकाका निमित्त आकर्षित नहुने रुपमा व्याख्या गरिएला भन्ने उद्देश्यले शिक्षा, स्वास्थ्य, संरक्षणकाहकहरुलाई धारा ३९ ले थप जोड दिएको पाइन्छ ।

अनाथ बालबालिकाको हकमा सबै बालबालिकाले प्राप्त गर्ने अधिकारको अलावा धारा (३९) उपधारा (९) मा विशेष संरक्षण र सुविधा पाउने हक सुनिश्चित गरेको छ । उपधारा (२) ले परिवार भएका बालबीलकाको सन्दर्भमा "प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।" भनी व्यवस्था गरेकोमा अनाथ बालबालिकाको हकमा उपधारा (९) ले "असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।" भन्ने व्यवस्था गरी परिवारबाट पाउने लालनपालन, संरक्षण वा रेखदेखको जिम्मेवारी राज्यले पूर्ण रुपमा आफूमा लिएको देखिन्छ ।

त्यस्तै गरी धारा ४३ ले बालबालिकाको सामाजिक न्यायको हकको सुनिश्चित गरेको छ । यस धाराले "अनाथ बालबालिका" लाई छुट्टै रुपमा पहिचान नगरे पनि बालबालिकालाई सामाजिक न्याय चाहिने समूहको रुपमा समावेश गरेको छ । सामान्य अवस्थाका परिवार भएका तथा आर्थिक र भौतिक रुपले सक्षम बालबालिकाको आवश्यकतालाई संविधान सभाले सामाजिक न्यायको शिर्षक भित्र सम्वोधन गर्न खोजेको नभइकन जोखिमपूर्ण अवस्थामा रहेका अनाथ बालबालिका जस्ता समूहको अधिकारलाई सम्बोधन गर्न खोजेको स्पष्ट हुन्छ ।

**ख) नागरिकताको हक र अनाथ बालबालिका**

अनाथ बालबालिकाको आमा वा बाबुको पहिचान भएको छ र उनीहरुमध्ये कुनै एक नेपाली नागरिक हुन् भने ती बालबालिकाले आमा वा बाबुको नामबाट नागरिकता लिने बाटो संविधानले सुनिश्चित गरेको छ । नेपाल भित्र फेला परेको तर आमाबाबु दुवै पत्ता नलागेका बालबालिकाको हकमा पनि संविधानले वंशजको आधारमा नै नागरिकता प्रदान गर्ने सुनिश्चित गरेको छ (धारा ११ को ४) ।यी बालबालिकाका आमाबाबु पहिचान भएको खण्डमा आमाबाबुको नागरिकताको आधारमा उनीहरुको नागरिकताको प्रकृति परिवर्तन हुन सक्ने देखिन्छ ।

**ग) राज्यशक्तिको बाँडफाँड र बालबालिका**

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँड गरेको छ । अनाथ बालबालिकाको विषय संघ र प्रदेशको साझा अधिकारको सूचीको रुपमा अनुसूची ७ मा उल्लेख छ । यसको बुँदा ५ मा पारिवारिक मामला भित्र टुहुरा बालबालिकाको विषय र धर्मसन्तानको विषय उल्लेख गरिएको छ ।

देवानी संहिता ऐनले अनाथ बालबालिकाको सम्बन्धमा केही अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । संविधानमा अनुसूचीमा उल्लेखित अधिकार बाहेक अन्य अधिकारहरुको प्रयोग संघीय संसदबाट प्रयोग हुने भनी धारा ५८ मा उल्लेख भएबाट अनाथ बालबालिकाले रेखदेख र स्याहारसम्बन्धी व्यवस्थामा प्रदेशले बनाएको कानून अपुग भएमा वा संघले थप कानूनी व्यवस्था गर्न आवश्यक ठानेमा संघले कानून बनाउन सक्ने नै देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका र गाउँपालिकाको काम, कर्तव्य र अधिकार तोकिएको छ । यस व्यवस्था अन्तर्गत दफा ११ (त५) मा अनाथ बालबालिकाको लागि पुनर्स्थापना केन्द्रहरुको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने कार्य उल्लेख छ । संविधानको कार्यान्वयनकालागि जारी गरिएको यस ऐनले संघीय संसदको अधिकारमध्ये अनाथ बालबालिकाको निमित्त संस्थागत हेरचाहको जिम्मेवारी स्थानीय निकायलाई दिएको छ । राज्यको अनाथ बालबालिकाको संरक्षणका निमित्त अपनाउनुपर्ने उपायका बारेमा एकै अवधारणा नहुँदा निरन्तर रुपमा संस्थागत हेरचाहले मात्रै प्राथमिकता पाउने गरेको स्थानीय सरकार सञ्चालन ऐनको भाषाले देखिन्छ । पुनर्स्थापना केन्द्रको सञ्चालनको सट्टा पुनर्स्थापन सेवाहरु सञ्चालन गर्ने भनी तोकिदिएको भए विषयगत ऐनले देखाएको मार्गदर्शन अनुसार कार्य गर्न सहज हुन्थ्यो ।

## २.२ विभिन्न ऐन, नियमावली, नियम, कार्यविधि, मार्गदर्शनहरुमा अनाथ बालबालिका

**क) बालबालिकासम्बन्धी ऐन, २०४८**

बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालबालिकाका अधिकारहरुलाई मूल रुपमा परिच्छेद २ मा उल्लेख गरे पनि अन्य परिच्छेदमा पनि बालबालिकाका अधिकारहरु उल्लेखित छन् । ऐनमा संरक्षकत्वसम्बन्धी

व्यवस्था, पर्याप्त आयस्ता नभएका बालबालिकाको पालनपोषण, बाबुको पत्ता नलागेको व्यक्तिले आमाको र आमातर्फका हजुरबाको नाम उल्लेख गर्न पाउने अधिकार जस्ता केही अधिकारहरु भने प्रत्यक्ष रुपमा अनाथ बालबलिकाप्रति आकर्षित हुने देखिन्छ ।

बालबालिकासम्बन्धी ऐन २०४८ ले "अनाथ" तथा "अनाथालय" भन्ने शब्दहरुलाई दफा ३४, ४०, ४३ र ४४ मा प्रयोग गरेको छ तर ऐनले अनाथ बालबालिकाको परिभाषा गरेको छैन । दफा ४३ को व्यवस्थाले नेपाल सरकारले आवश्यकता अनुसार अनाथालय खोल्ने र ती अनाथालयमा नेपाल सरकारले नै शिक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ । तर दफा २१ र २२ को व्यवस्था एवम् दफा ४३ को व्यवस्थालाई एकै ठाँउमा राखेर हेर्दा बालबालिका अनाथ भए पनि पहिले पारिवारिक स्याहारमा र सो संभव नभएमा मात्र अनाथालय वा बालकल्याण गृहमा राखेर हेरचाह गर्नुपर्दछ भन्ने देखिन्छ । नेपाली वृहत् शब्दकोषले टुहुरा शब्दलाई भने आमाबाबु नभएको व्यक्तिको रुपमा परिभाषा गरिएको छ । अनाथाश्रम भन्ने शब्दलाई भने आमाबाबु नभएका बालबालिका रहने र पढ्ने ठाँउको रुपमा परिभाषित गरिएको छ ।

दफा २१ ले "कुनै बालकको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको" व्यहोरा प्रमुख जिल्ला अधिकारी वा जिल्ला बालकल्याण अधिकारीलाई जानकारी हुन आएमा निजले बालबालिकाको पालनपोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनुपर्ने अनिवार्य दायित्व तोकिएको छ भने दफा २२ ले "बाबु वा आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको" वा "जीवित भए पनि शारीरिक वा मानसिक अशक्तताका कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने" भएमा त्यस्तो बालबालिकाका निमित्त संरक्षक तोक्नुपर्ने व्यवस्था गरिएको छ । यसरी बालबालिकाको पालनपोषणको व्यवस्था मिलाँउदा देहाय बमोजिमको प्राथमिकताका आधारमा गर्नुपर्ने भनी तोकिएको पाइन्छ ।

क) नजिकको नातेदार (नजिकको नभएमा टाढाको नातेदार)
ख) सो बालकको पालनपोषण गर्न इच्छुक व्यक्ति वा संस्था
ग) बालकल्याण गृह (माथिका दुवै श्रेणीको कुनै नातेदार, व्यक्ति वा संस्था नभएमा मात्र)

दफा २ (ङ) मा बेवारिसे बालबालिकाको परिभाषा निम्नानुसार गरिएको छः

क) जसको हेरचाह गर्नको निमित्त बाबुआमा वा परिवारको कुनै सदस्य छैन ।
ख) जसको बाबुआमा वा परिवारको सदस्य भए पनि तिनीहरुबाट तिरस्कृत भएको छ ।
ग) जसको जीविकोपार्जनको कुनै स्रोत छैन ।

यी व्यवस्थालाई क्रमशः निम्नानुसार विश्लेषण गरिन्छ :

**(क) आमाबाबु वा परिवारको कुनै सदस्य नभएको बालबालिकाको हेरचाह**

विधायीकाले दफा २१ र २२ को व्यवस्था हेर्दा शारीरिक तथा मानसिक असक्षमताका कारणले आमाबाबुले पालनपोषण तथा रेखदेख गर्न नसक्ने बालबालिकालाई सकेसम्म परिवारका नातेदारलाई, नातेदार नभए पालनपोषण गर्न चाहने व्यक्ति वा संस्था र त्यस्तो संस्था वा व्यक्ति हेरचाह गर्न तयार नभएमा मात्र

अनाथ बालबालिकालाई बालकल्याण गृहमा पठाउने कुरा स्पष्ट उल्लेख गरेको छ । तसर्थ दफा २ (ङ) को खण्ड (क) को व्यवस्थालाई दफा २१ र २२ लाई प्रतिस्थापन गर्ने गरी बुझ्न उपयुक्त हुदैन । कानून व्याख्यासम्बन्धी सामञ्जस्यको सिद्धान्तले कानूनको व्याख्या गर्दा बिधायीकाले बनाएका सबै कानूनका दफाहरु एक अर्कासंग बाझिदैनन, एकै अर्थ दिन्छन् भन्ने मान्यता राख्नुपर्ने हुन्छ । यसर्थ, अनाथ बालबालिकालाई बेवारिसे बालबालिकाको रुपमा समेटिए पनि निजको हकमा वैकल्पिक हेरचाहसम्बन्धी निर्णय गर्दा दफा २१ र २२ ले उल्लेख गरेको हेरचाहको प्राथमिकता र प्रक्रिया अबलम्बन गर्नुपर्ने नै हुन्छ ।

**(ख) तिरस्कृत बालबालिकाको हेरचाहसम्बन्धी**

दफा २ को खण्ड (ख) ले "आमाबाबु वा परिवारका सदस्य भए पनि तिरस्कृत" बालबालिकालाई बेवारिसे बालबालिका मानी सिधै उनीहरुलाई बालकल्याण गृह मार्फत पालनपोषण गर्ने व्यवस्था गरेको छ । यस व्यवस्थालाई दफा ४ र ४० को परिप्रेक्ष्यमा व्याख्या गरिनु पर्दछ । दफा ४ ले बालबालिकाको हेरचाहको प्राथमिक जिम्मा आमाबाबुलाई दिएको छ, जसबाट आमाबाबुले बालबालिकालाई तिरस्कार गर्न मिल्ने कुनै कल्पना गरेको छैन । दफा ४० ले पनि बालबालिकालाई आमाबाबुले बालकल्याण गृहमा राख्न सक्ने व्यवस्थालाई स्वीकार गरेको छैन । तसर्थ कुनै बालबालिका एक्लै छ तर उसको आमाबाबु भेटिन्छन् भने ती बालबालिकालाई आमाबाबुसंगै राखेर हुर्काउन पर्ने ऐनको उद्देश्य देखिन्छ । तिरस्कृत अवस्थामा पाइएको र आमाबाबुको पत्ता नलागेको बालबालिकालाई मात्र बालगृहमा राखी हेरचाह गर्ने ऐनको उद्देश्य रहेको भनी व्याख्या गर्दा उपयुक्त हुन्छ ।

**(ग) जीविकोपार्जनको कुनै स्रोत नभएको बालबालिकाको हेरचाह**

दफा २ को खण्ड (ग) ले "जीविकोपार्जनको कुनै स्रोत" नभएका बालबालिकालाई बेवारिस बालबालिका मानी बालकल्याण गृहमा राखी हेरचाह गर्ने बन्दोबस्त गरेको छ । यस खण्डको अर्थ पनि दफा २१ र २२ बमोजिम हेरचाह गर्ने आमाबाबु नभएका, भए पनि शारीरिक र मानसिक अशक्तताका कारणले हेरचाह गर्न असमर्थ भएका र हेरचाह पालनपोषण गर्ने अन्य नातेदार पनि नभएका बालबालिकाले "अपुताली" वा "अंश" पाएका हुनाले जीविकोपार्जनको स्रोत छ भने निजलाई बालकल्याण गृहमा नराख्ने भन्ने बुझिन्छ । धनसम्पत्ति भएका बालबालिकालाई हेरचाहको बन्दोबस्त हुन सक्ने भएकाले निजलाई स्वतः बालकल्याण गृहमा राख्न नमिल्ने व्यवस्थालाई यस ऐनले अवलम्बन गरेको देखिन्छ । दफा ३० को व्यवस्थाले पर्याप्त आयस्ता हुने बालबालिकाको संरक्षक तोकी निजमार्फत नै हेरचाह गराउने व्यवस्था छ । आयस्ता पर्याप्त नभएमा संरक्षकले सरकारी सहायता माग्न सक्ने र प्रमुख जिल्ला अधिकारीले आवश्यक सरकारी सहायता उपलब्ध गराउनु पर्ने किटान उल्लेख छ । यस दफाले सरकारी सहायता उपलब्ध हुन नसकेमा मात्र बालकल्याण गृहमा राख्ने व्यवस्था उल्लेख गरिएको छ । यस व्यवस्थाले पनि बालकल्याण गृह पूर्व संरक्षक तोकी हुर्काउने व्यवस्थालाई प्राथमिकता दिएको छ । तसर्थ जीविकोपार्जनको श्रोत नभएको आधारमा मात्र बालबालिकालाई सिधै बालकल्याण गृहमा राख्नुपर्दछ भनी भन्न मिल्दैन ।

**घ) बालकल्याण गृह धेरैको लागि तात्कालिक हेरचाह केन्द्र र थोरै बालबालिकाको निमित्त मात्र दीर्घकालिन हेरचाह केन्द्र हो**

बेवारिसे बालबालिकासम्बन्धी व्यवस्थाले सडकमा वा अन्य स्थानमा आमाबाबु वा परिवारबाट छुट्टिएर अलपत्र अवस्थामा रहेका बालबालिकाको हेरचाहलाई सम्बोधन गर्न खोजेको देखिन्छ। दफा ३५ (५) ले बालकल्याण अधिकारी, प्रहरी कार्यालय र बालकल्याण गृह प्रमुखले बेवारिसे बालबालिकाको आमाबाबु खोजी गर्न सक्ने व्यवस्था गरेको छ। ऐनमा यो व्यवस्था राख्नुको अर्थ विधायीकाले तात्कालिक हेरचाहको निमित्त बेवारिसे बालबालिकालाई बालकल्याण गृहमा राख्ने व्यवस्था गरेको देखिन्छ। तर बालबालिकाको आमाबाबु खोजी गर्ने बाध्यात्मक व्यवस्था नराखिएको, आमाबाबु र परिवारको खोजी गरी पुनर्एकिकरणको व्यवस्था नलेखिएको, बालबालिकालाई तिरस्कार गर्ने आमाबाबुलाई दण्डित गर्ने प्रावधान नभएको, आर्थिक कारणले बालबालिका तिरस्कृत हुने अवस्थामा पारिवारिक सहयोग कार्यक्रम मार्फत बालबालिकालाई परिवारमा नै राख्नुपर्ने व्यवस्था ऐनमा उल्लेख नभएकाले एकपटक बेवारिसे बालबालिका बालकल्याण गृहमा आइसकेपछि त्यही रहीरहने सम्भावना देखिएको हो । तर दफा ३६ (३) को व्यवस्थाले बेवारिसे बालबालिका सबै तिरस्कृत बालबालिका नभइकन आमाबाबुबाट कुनै कारणवश छुट्टिएका वा अलग्ग भएका बालबालिका पनि बेवारिसे  बालबालिका हुन सक्ने कुरा स्पष्ट पारेको छ। वैकल्पिक हेरचाहको विधामा बालबलिकालाई सकेसम्म आमाबाबु र परिवारमा नै राखेर हेरचाह गर्नुपर्ने सिद्धान्तलाई विश्वव्यापी रुपमा स्वीकार गरिन्छ । दफा २१ र २२ ले यो सिद्धान्तलाई स्वीकार गरे पनि ऐनका अन्य व्यवस्थाले बेवारिसे बालबालिकालाई परिवारमा पुर्नमिलन गराउनु पर्ने बाध्यात्मकता सिर्जना नगरेकाले अनाथ दफा २ (ङ) खण्ड (२) र (३) बमोजिमका आमाबाबुबाट तिरस्कृत र अलग्गिएका बालबालिका बालकल्याण गृहमा रहन सक्ने देखिएको छ। यथार्थमा आमाबाबु नभएका वा भए पनि विभिन्न कारणले आमाबाबुबाट अलग्ग भएका बालबालिकाको निमित्त अस्थायी र आफ्ना आमाबाबु तथा नातेदार नभएका र वैकल्पिक पारिवारिक हेरचाह (धर्मसन्तान समेत)मा जान नसकेका बालबालिकाको निमित्त स्थायी हेरचाह केन्द्र हो।

दफा २१, २२, ४२ र ४३ अनुसार संस्थागत हेरचाहका चारै गृहहरु नेपाल सरकारले आफै स्थापना र सञ्चालन गर्ने व्यहोरा उल्लेख गरेको छ। नेपाल सरकारले आफैले स्थापना नगरेसम्मका निमित्त मात्र गैर सरकारी संस्था वा व्यक्तिद्वारा सञ्चालित बालकल्याण गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्र प्रयोग गर्ने व्यवस्था माथिका दफाहरुमा उल्लेख गरिएको छ।

**ख) आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९**

यस मापदण्डले आमाबाबु दुबै नभएका वा भएर पनि हेरचाह गर्ने शारीरिक वा मानसिक अवस्थामा नभएका परिवारका बालबालिकाको हेरचाह सकेसम्म उसको नातेदारहरुबीच गरिनु पर्दछ र राज्यले त्यसमा सघाउनु पर्दछ भन्ने मान्यता राखेको छ । यो मान्यता बालअधिकार महासन्धि अनुकुल हो । आफ्ना आमाबाबु गुमाएका "अनाथ" बालबालिकालाई सकेसम्म नातेदारको परिवार मै राखी र त्यो नभएमा मात्र बालबालिकालाई नाता नपर्ने अन्य परिवारमा राख्ने विकल्प (Foster care) रोज्ने, सो सम्भव नभएमा देशभित्रै धर्मसन्तान हुने, देशभित्र धर्मसन्तान हुन नसके अन्तरदेशीय धर्मसन्तानमा पठाउने विकल्प रोज्ने र

परिवारमा हुर्कन पाउने माथि भनिएका जस्ता कुनै पनि विकल्प उपलब्ध नभएका बालबालिकाका हकमा मात्र राज्यले त्यस्ता बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उपभोग गर्ने अवसर उपलब्ध गराउन सकेसम्म कम समयका लागि आवासीय बालगृहमा राख्न अनुमति दिने र व्यवस्था गर्ने उल्लेख गरिएको छ। यस मापदण्डले "अनाथ बालबालिका" लाई "विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका" का रुपमा परिभाषित गरेको छ। यस मापदण्डले आफू भित्र ७८ वटा मापदण्ड समावेश गरेको छ। बालबालिकासम्बन्धी ऐन २०४८ अन्तर्गतका चारवटै संस्थागत स्याहार सञ्चालनमा यो मापदण्ड लागू हुन्छ।

**ग) आपतकालिन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७**

यस नियमावलीको दफा २ (ख) (९) ले आपतकालिन उद्धार गर्नुपर्ने बालबालिका भित्र "आमाबाबु वा संरक्षकबाट वञ्चित भएका" बालबालिकालाई पनि समावेश गरेको छ। आपतकालीन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्न, राहत दिन तथा पुनस्थापना गर्न उक्त कोषको उपयोग गरिने भनी नियमावलीमा स्पष्ट उल्लेख भए अनुसार अनाथ बालबालिकाको उद्धार, राहत तथा पुनस्थापनाका लागि समेत सकारात्मक कदम रहेको प्रष्ट हुन्छ।

**घ) मुलुकी ऐन २०२० र मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा अनाथ बालबालिका**

***अ) मुलुकी ऐन, २०२०***

अनाथ बालबालिकाका सम्बन्धमा मुलुकी ऐन २०२० (संशोधन सहित) मा केही व्यवस्थाहरु गरिएको छ। यी व्यवस्थाहरु प्रत्यक्ष रुपमा अनाथ बालबालिकाको निमित्त नभइकन अप्रत्यक्ष रुपमा उनीहरुको निमित्त आकर्षित हुने देखिन्छ।

*१) गरीब कंगालको महल*

गरीब कंगालको महलको दफा ३ मा बाबु मरेको वा वेपत्ता भएको वा विदेश गएको र आमा पनि अर्को विवाह गरेको अवस्थामा बालबालिकाको एकाघरका उमेर पुगेको कोही रहेनछ र जायजेथा पनि रहेनछ भने आमाले पालनपोषण गर्नुपर्ने उल्लेख छ। तर जायजेथा भएको वा एकाघरका उमेर पुगेका नातेदार भएकोमा ८ वर्षभन्दा मुनीका बालबालिकालाई आमाले चाहेमा, आमाले र नचाहेमा मात्र एकाघरका नातेदारले हेरचाह गर्ने व्यवस्था छ। ८ वर्ष माथिको बालबालिकालाई एकाघरका नातेदारले बालबालिकाको पालनपोषण गर्न नचाहेमा आमाले नै पालनपोषण गर्ने व्यवस्था छ। दफा ४ ले "आपस्त वा संरक्षकले हेरविचार नगरेको वा त्यस्तो कोही नभएको" बालबालिकाको हेरचाहको व्यवस्था गरेको छ। अनाथ बालबालिकाको हेरचाहका निमित्त गाँउ वा नगरपालिकाले कुनै व्यवस्था गरेकोमा सोही स्थानमा अनाथ बालबालिकाको हेरचाह गर्ने र त्यस्तो केही व्यवस्था रहेनछ भने प्रमुख जिल्ला अधिकारी समक्ष पठाइ दिने व्यवस्था गरिने कुरा उल्लेख छ। यसरी सिफारिश भई आएका बालबालिकालाई प्रमुख जिल्ला अधिकारीले अनाथ बालबालिकाको हेरचाहको निमित्त राजगुठीबाट बन्दोबस्त गर्ने, पालनपोषणका निमित्त दरबन्दी समेत सिर्जना गर्ने र १६ वर्षसम्म हेरचाह गर्नुपर्ने बाध्यात्मक दायित्व ऐनले सिर्जना गरेको छ।

*२) अंशबण्डाको महल*

मुलुकी ऐन, २०२० को अंशबण्डाको महल पनि अनाथ बालबालिकाको हेरचाहका सन्दर्भमा आकर्षित हुन्छ । कुनै बालबालिका अनाथ भयो भने निजको आमाबाबुको सम्पत्ति वा आमाबाबुको अंश लाग्ने सम्पत्तिमा उसको हक मेटिदैन ।[1] मुलुकी ऐनको यस व्यवस्थालाई टेकेर बालबालिकासम्बन्धी ऐनको दफा २२ ले अनाथ बालबालिकाको सम्पत्तिको संरक्षणको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । अंशवण्डाको महलले आमाबाबुले छोराछोरीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकता अनुसार शिक्षा-दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने दायित्व सिर्जना गरेको छ । यो व्यवस्था बालबालिकासम्बन्धी ऐनको दफा ३ भन्दा वृहत देखिन्छ । मुलुकी ऐनको यस व्यवस्थाले बालबालिकालाई आफूले पालनपोषण नगरी अरुलाई दिने वा तिरस्कृत गर्ने स्थितिको कल्पना गर्दैन (दफा १०) ।

*३) धर्मसन्तानसम्बन्धी व्यवस्था*

मुलुकी ऐनको धर्मपुत्र धर्मपुत्रीसम्बन्धी महलले देश भित्र र अन्तरदेशीय धर्मसन्तान दिनेलिनेसम्बन्धी व्यवस्था गरेको छ । देश भित्र धर्मसन्तान दिनेलिनेसम्बन्धी व्यवस्थामा समयानुकूल परिवर्तन गरिएको छ । यस महलले अनाथ बालबालिकालाई धर्मसन्तान लिँदा प्राथमिकता दिने व्यवस्था गरेको छैन ।[2] एकजना भन्दा धेरै छोरा वा एकजना भन्दा धेरै छोरी हुनेले आफूसंग एक छोरा वा एक छोरी राखी अरुलाई धर्मसन्तान दिन सक्ने देखिन्छ । बेवारिसे  रुपमा फेला परेको बालबालिका धर्मसन्तानमा गएको रहेछ र पछि निज बालबालिकालाई फाल्ने आमाबाबु पत्ता लाग्यो भने निजहरुको र सम्बन्धित बालकको अंश धर्मसन्तानको रुपमा लिने व्यक्तिलाई दिलाउनु पर्ने कानूनी व्यवस्था छ ।

***आ) नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, २०६५ र अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७***

मुलुकी ऐनको धर्मपुत्र धर्मपुत्रीको महलको दफा १२ (क) लाई टेकेर यो शर्त प्रक्रिया बनाइएको छ । मुलुकी ऐनको प्रतिस्थापन संगै यो शर्त तथा प्रक्रिया पनि प्रतिस्थापन हुने देखिन्छ । यस शर्त तथा प्रक्रियाले धर्मसन्तान लिनेदिने प्रयोजनकालागि अनाथ बालबालिकालाई देहाय बमोजिम परिभाषित गरेको छ ।[3]

क) बेवारिसे अवस्थामा प्रहरीले फेला पारेका,

ख) अस्पतालमा बेवारिसे अवस्थामा छाडिएका, र

ग) आमाबाबु दुवैको मृत्यु भई परिवारका कुनै सदस्य, नातेदार वा हकवाला फेला नपरेका वा सम्पत्ति समेत नभएका ।

माथिको खण्ड (क) र (ख) ले बालबालिकासम्बन्धी ऐनको दफा २ मा परिभाषित “बेवारिस” बालबालिका

---

१ मुलुकी ऐन, दफा १ र ३ ।

२ संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ र अन्तरदेशीय धर्मसन्तान सम्बन्धमा बालबालिकाको संरक्षण र सहकार्य सम्बन्धी हेग महासन्धि, १९९३ ।

३ नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, नियम ४ ।

भित्र तिरस्कृत बालबालिकालाई नै व्याख्या गरेको पाइन्छ । मुलुकी ऐन ज्यानसम्बन्धीको महलको दफा ३० ले जन्मेको जीँउदो बालक फालिएको देखियो भने सो कुराको जानकारी नजिकको प्रहरी कार्यालयमा दिनुपर्दछ भनी उल्लेख सम्म गरेको छ । मुलुकी ऐन धर्मसन्तानको महल बालबालिकालाइ फाल्ने व्यक्ति (अर्थात आमा वा बाबु) भेटिए निजको अंशसमेत बालबालिकालाई दिलाउने कुरा गरेको छ । माथि खण्ड (ग) ले सम्पत्ति नभएका बालबालिकालाई अन्तरदेशीय धर्मसन्तानमा पठाउन सकिने तर सम्पत्ति भएमा पठाउन नसकिने व्यवस्था गरेको पाइन्छ । सम्पत्ति भएको बालबालिकालाई अन्तरदेशीय धर्मसन्तानमा पठाँउदा उसको नागरिकता समेत परिवर्तन हुने र सम्पत्ति माथिको हक स्वतः नष्ट हुने भएकाले ती बालबालिकालाई नेपाल भित्र नै हेरचाह गरिनुपर्दछ भन्ने मान्यता यस शर्त प्रक्रियाले राखेको देखिन्छ । ऐनको दफा २१, २२ र ३० ले बालबालिकाको हक लाग्ने (मुलुकी ऐन अंशवण्डाको महल बमोजिम) सम्पत्ति संरक्षण गर्ने, सम्पत्तिको प्रयोग र परिचालनबाट बालबालिकालाई फाइदा पुऱ्याउने, र बालबालिकाको सम्पत्ति र आयस्ता नभएको बालबालिकालाई सरकारले मद्यत गर्ने व्यवस्था गरेको पाइन्छ । यी व्यवस्थाहरु एकआपसमा नबाझिई एकअर्काको अनुकूल नै देखिन्छन् ।

शर्त तथा प्रक्रियामा अनाथ बालबालिका बाहेक अन्तरदेशीय धर्मसन्तानमा जानसक्ने बालबालिकाको अर्को समूह "स्वेच्छाले त्यागिएका बालबालिका" पर्दछन् । स्वेच्छाले बालबालिका त्याग्ने व्यवस्था बालबालिकासम्बन्धी ऐन र मुलुकी ऐन अंशवण्डाको महल र धर्मपुत्र पुत्रीको महलमा गरिएको व्यवस्था अनुकूल देखिदैन । प्रचलित कानूनले बालबालिकालाई फाल्ने कुरालाई दण्डित गरेको अवस्थामा जर्वजस्ती करणीबाट कुनै महिला वा बालिकाको गर्भ रहेको र मुलुकी ऐन ज्यान मार्नेको महलले अनुमती दिएको १८ हप्ता भित्र गर्भपतन गर्न नसकिई बालबालिका जन्मन पुगेमा र त्यस्तो बालबालिकालाई स्वेच्छाले परित्याग गर्न पर्ने परिस्थिति आउन सक्दछ ।

***इ) मुलुकी देवानी (संहिता) ऐन, २०७४***

मुलुकी ऐन, २०२० का देवानी व्यवस्थाहरुलाई प्रतिस्थापन गर्ने गरी मुलुकी ऐन देवानी (संहिता) ऐन २०७४ जारी गरिएको छ । यो ऐन २०७५ साल भदौ १ गते देखि लागू हुन्छ । यस ऐनको दफा २ (ङ) ले नाबालक भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई सम्झनुपर्दछ भनी भनेको छ । यो व्यवस्थाले नाबालकको परिभाषाका सम्बन्धमा हालसम्म भएका अन्योललाई समाप्त पारेको छ । सामान्य कानूनमा नै नाबालकको सम्बन्धमा स्पष्ट व्यवस्था भएपछि बालबालिकाको उमेर १८ वर्ष कायम भएको छ ।

यस ऐनको भाग १ को परिच्छेद २ मा देवानी कानूनको सिद्धान्त लेखिएको छ । त्यस्तै, भाग २ को परिच्छेद १ लगायत विभिन्न स्थानमा नागरिकका अधिकारहरुलाई उल्लेख गरिएका छन् । ती अधिकारहरु बालबालिकाको हकमा पनि लागू हुन्छ । अनाथ बालबालिकाका सम्बन्धमा आकर्षित हुने व्यवस्थाहरुलाई निम्नानुसार छलफल गरिएको छ :

*क) संरक्षकत्वसम्बन्धी व्यवस्था*

भाग ३ को परिच्छेद ४ र परिच्छेद ५ मा जन्मदर्ता, स्याहार सम्भार आदि अधिकारहरु उल्लेख गरिएको

छ । बालबालिकाको आफ्नै आमाबाबु, नातेदार वा अन्य वैकल्पिक स्याहारका उपायहरु यसै भागमा छन् । दफा ११४ ले आमाबाबुले आफ्ना छोराछोरीलाई संयुक्त रूपमा हेरचाह र स्याहार सम्भार गर्नु पर्ने र हेरचाह र स्याहार सम्भार गर्दा आमाबाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्योपचार, शिक्षा, दीक्षा, खेलकूद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नु पर्ने उल्लेख छ । दफा ११५ र ११६ ले आमाबाबुको वैवाहिक सम्बन्ध अन्त्य भएको अवस्थामा बालबालिकाको हेरचाहको जिम्मेवारीको बाँडफाँड पनि गरेको छ । प्रचलित कानूनमा भएका धेरै व्यवस्थाहरु यस परिच्छेदले निरन्तरता दिएको छ ।

परिच्छेद ६ ले संरक्षकत्वसम्बन्धी व्यवस्था गरेको छ । संरक्षक भित्र पनि नाता भित्रका बयस्क मानिसलाई स्वतः संरक्षक, त्यस बाहेकका अरु व्यक्तिलाई संरक्षक, संरक्षक नभए बालबालिकालाई पालनपोषण गर्ने बालकल्याण गृह वा अनाथालयलाई संरक्षक र उक्त संरक्षक पनि नभए परिच्छेद ७ बमोजिम माथवर तोक्ने व्यवस्था यस ऐनले गरेको छ ।स्वतः संरक्षक नभएमा वा स्वतः संरक्षक भए पनि निजले हेरचाह गर्न नचाहेमा वा सरोकारवालाले अदालतमा निवेदन दिएमा अदालतले संरक्षक तोकी दिन्छ ।

यस ऐनले संरक्षक तोक्ने प्रक्रिया पनि उल्लेख गरेको छ । कुनै बालबालिकाको हेरचाह आफ्ना नातेदारले नगरेको व्यहोरा थाहा पाई वडा समिति वा अन्य कुनै सरोकारवालाले जिल्ला अदालतमा निवेदन दिएमा जिल्ला अदालतले संरक्षक तोक्ने कुरा ऐनमा उल्लेख छ । बालबालिकाको स्याहार सम्बन्धमा यस ऐनले वडा समितिलाई उत्तरदायी बनाई बालबालिकालाई संस्थागत स्याहारका निमित्त एकैपटक बालकल्याण गृहमा ल्याउने वा पठाउने कुरालाई रोक्न खोजेको देखिन्छ ।

स्वतः संरक्षकको प्राथमिकतामा आमाबाबु दुवै र आमाबाबुमध्ये एक भएकोमा निज, निज पनि नभएमा बाजे बज्यै, त्यसपछि साबालक दाजुभाई, त्यसपछि मात्र मावलीपट्टीका बाजे, बजै, मामा, माइजु लाई तोकेको छ । दफा १३७ ले स्वतः संरक्षक हुने व्यक्ति भन्दा अन्य व्यक्तिले बालबालिकाको पालनपोषण गरेकोमा त्यस्तो व्यक्ति संरक्षक मानिने उल्लेख गरिएको छ । ऐनको भाषाले स्वतः संरक्षक अदालतले तोक्न नपर्ने त्यो बाहेक संरक्षक वा माथवर तोकिँदा अदालतले प्रमाणित गर्नुपर्ने व्यवस्था गरेको छ (दफा १५७) । यो व्यवस्थाले बालबालिकासम्बन्धी ऐन २०४८ को दफा २१ र २२ मा भएको बालकल्याण अधिकारीले संरक्षक तोक्ने व्यवस्थालाई प्रभाव पार्दछ ।

दफा १३१ मा मात्र निम्न तीन अवस्थामा बालबालिका संरक्षक वा माथवरसंग रहन सक्ने व्यवस्था गरेको छ :

क) आमाबाबु दुवैको मृत्यु भएको वा वेपत्ता भएको
ख) बाबुको मृत्यु भई आमाले अर्को विवाह गरेको
ग) आमाबाबु दुवैको होस ठेगानमा नभएको

*ख) माथवरसम्बन्धी व्यवस्था*

मुलुकी ऐन देवानी (संहिता) ऐन २०७४ ले माथवरसम्बन्धी व्यवस्था पनि गरेको छ । माथवर भनेको प्रचलित नेपाली भाषामा पत्यार गर्न लायक, विश्वासिलो भन्ने बुझिन्छ । माथवरसम्बन्धी व्यवस्था भएको

परिच्छेद ७ को दफा १५३ मा "परिच्छेद ६ बमोजिम कुनै संरक्षक नभएमा" भन्ने उल्लेख गरिएको छ । यो व्यवस्थाले माथवरसम्बन्धी व्यवस्था संरक्षक नियुक्त गर्ने परिच्छेद ६ को व्यवस्थाको वैकल्पिक हो कि भन्ने देखाएको छ ।

दफा १५५ ले दश वर्षमुनीको नाबालकको बाबुको मृत्यु भएमा, वेपत्ता भएमा, वा होस ठेगानमा नभएमा वा विदेश गएको अवस्थामा "सम्बन्ध विच्छेद भई अर्को विवाह गरेकी" आमा माथवर हुन सक्ने भन्ने व्यवस्था गरेको छ । परिच्छेद ६ को व्यवस्थाले आमालाई पुर्नविवाह गरे पनि बालबालिकाको हेरचाह नभएकोमा संरक्षकत्व प्राप्त गर्न अदालतमा जान सक्ने बाटो खोलेको नै देखिन्छ । दफा १०८ मा पितृत्व, मातृत्व ठेगान नभएको शिशु आफ्नो हो भनी दावी गर्ने हदम्याद दुई वर्ष तोकिएको छ । कुनै कारणवश आफ्नो नवजात शिशु हराएको वा विछोड भएकोमा यो हदम्याद आकर्षित हुने देखिन्छ । वैकल्पिक हेरचाहमध्ये यदि त्यस्तो शिशु संस्थागत स्याहारमा वसेको छ भने दुईवर्षको हदम्यादले आमाबाबुसंगको पुनर्मिलनमा अप्ठ्यारो हुने देखिन्छ ।

## २.३ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, कार्ययोजनाहरुमा अनाथ बालबालिका

### क) बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९

बालबालिकाको संरक्षण, स्वास्थ्य र विकास, सहभागिता, बालबालिका प्रतिको विभेदको अन्त्य र बालन्यायको सुदृढीकरणलाई राष्ट्रिय नीति २०६९ को प्रमुख उद्देश्यहरू बनाइएको छ । यसमा अनाथ बालबालिका शब्दको प्रयोग गरिएको छ तर परिभाषा गरिएको छैन । तसर्थ सैद्धान्तिक दृष्टिकोणले बालबालिकासम्बन्धी नीतिको यो व्यवस्थालाई पुनर्विचार गर्नुपर्ने देखिन्छ । नेपालको सरहदभित्र जन्मेका वा बेवारिसे  अवस्थामा फेला परेका कुनै पनि लिंगका बालबालिकालाई अनिवार्य रुपमा तुरुन्त जन्मदर्ता गर्ने र आमा वा बाबु दुवै नभई हेरचाह गर्ने कोही नभएका र आमाबाबुमध्ये एक भए पनि पालनपोषण गर्न सक्षम नभएका वा परित्यक्त वा बेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गर्ने उल्लेख गरिएको छ । बेवारिसे रुपमा फेला परेका, हराएका वा अलपत्र अवस्थामा भेटिएका र जोखिममा परेका तथा सीमान्तकृत बालबालिकाकालाई उद्दार गर्ने, अस्थायी केन्द्रमा राखी आमाबाबु वा परिवार खोज्ने, परिवारमा पुनर्एकीकरण र पुनर्स्थापना गर्ने र सो कार्यमा स्थानीय निकाय लगायत सरकारी र गैर सरकारी संस्था परिचालन गर्ने र आमाबाबु वा परिवार भेटिएमा परिवारमा नै राखी हेरचाह गर्ने उपाय गर्ने व्यवस्था मिलाउने कुरा यस नीतिले लिएको छ ।

यस नीतिले बालगृह र धर्मसन्तानमा पठाउने दुवै कार्यलाई अन्तिम विकल्प भनिएको छ । तर पारिवारिक हेरचाह भएसम्म संस्थागत हेरचाहमा नपठाउने सिद्धान्त बमोजिम धर्मसन्तानलाई संस्थागत स्याहार भन्दा पहिलेको अवस्थामा राख्नुपर्ने देखिन्छ । तर आमाबाबु शारीरिक र मानसिक रुपमा असक्त भएको अवस्थामा निजका सन्तानलाई धर्मसन्तानमा दिनुभन्दा संस्थागत स्याहारमा दिनु उपयुक्त हुन्छ जसका कारणले बालबालिकाको आफ्ना आमाबाबुसंगको सम्बन्ध कायम रहिरन्छ ।

**ख) आवधिक योजना र अनाथ बालबालिका**

अनाथ बालबालिकाको निमित्त देश भित्र थुप्रै क्रियाकलाप भएका हुन सक्दछन् तर सबैले थाहा पाउने गरी अनाथ बालबालिकाको निमित्त पहिलो संस्थागत कार्य वि.सं. २००८ सालमा परोपकार अनाथालयको स्थापना बाट भएको हो भन्ने देखिन्छ। त्यसपछि राष्ट्रिय निर्देशन ऐन २०१८ अन्र्तगत बाल मन्दिरको रुपमा नेपाल बाल संगठनको स्थापना २०२१ सालमा भयो। बाल मन्दिर विद्यालयको देशव्यापी विस्तार संगै अनाथ बालबालिकाको शिक्षा र हेरचाहको व्यवस्था यस संस्थाले गऱ्यो।[४]

**सातौं योजना** (२०४२/४३–२०४६/४७)

पहिलो पटक यस आवधिक योजनाले बालबालिकाको सम्बन्धमा छुट्टै परिच्छेद समावेश गरेको छ र अनाथ बालबालिका सम्बन्धी व्यवस्था पनि गरेको छ। यस योजनाले बाल मन्दिर, एसओएस बालग्राम, परोपकारको क्षमता अभिवृद्धि गरी अरु अनाथ बालबालिकालाई पनि यी संस्थाहरुमा स्याहार सम्भार र अनाथ बालबालिकाको शिक्षाद्धारा व्यवसायिक सीप विकास गरिने, अनाथ तथा असहाय बालबालिकालाई आवासको व्यवस्था गर्ने लगायत असहाय र अनाथ बालबालिकाको बौद्धिक र मानसिक विकासको निमित्त विभिन्न कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ।

**आठौं योजना** (२०४७/४८–२०५१/५२)

आठौं योजनाले देश भित्र तौलिहवा, राजविराज, विराटनगर र विरगञ्जमा चारवटा बालकल्याण गृह खोलिएकामा त्यसकालाई आठवटा बनाउने, काठमाण्डौं र पोखरामा मागी हिँड्ने बालबालिकाका निमित्त बालगृहको स्थापना गर्ने, गरीब र अपाङ्गता भएका बालबालिकाको निमित्त ११ वटा आवासीय सुविधा (होस्टल) स्थापना गर्ने र विभिन्न किसिमको तालिम प्रदान गर्ने कुरा पनि उल्लेख छ। यस बाहेक यस योजनाले बालबालिकाको निमित्त सामाजिक सुरक्षाको व्यवस्था, पिछडिएका बालबालिकाको शारीरिक, मानसिक विकासको निमित्त छात्रवृत्ति लगायत आवासीय शिक्षाको व्यवस्था गरिएको छ। अनाथ र गरीब बालबालिकालाई एकै ठाँउमा राखी यस योजनाले समाज कल्याण समन्वय परिषद् अन्र्तगत अनाथ र गरीब बालबालिकाको निमित्त व्यवसायिक तालिम र शैक्षिक छात्रवृत्ति लगायतका शारीरिक, मानसिक, बौद्धिक कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख छ। यस योजनाले एकातर्फ बालबालिकालाई परिवारमा नै राखी छात्रवृत्ति प्रदान गर्ने भनी उल्लेख गरिएको हुनाले परिवारबाट बालबालिका अलग्ग नगर्ने तर्फ राज्यको ध्यान गएको हो कि भन्ने आभाष हुन्छ भने अर्कोतर्फ बाल विकासको शिर्षक अन्र्तगत अनाथ बालबालिकाको निमित्त बालकल्याण गृह, अनाथालय, एसओएस बालग्रामको विस्तार गरिने कुराले राज्यको मूल कार्यक्रम संस्थागत हेरचाह नै हो कि भन्ने पनि देखिन्छ।

---

४ हेर्नुहोस् http://www.nconepal.org.np/sample-page/history / / https://en.wikipedia.org/wiki/Daya_Bir_Singh_Kansakar

**नवौं योजना** (२०५२/५३-२०५६/५७)

यस योजनाले बाल विकासको परिच्छेद अन्तर्गत अनाथ बालबालिकाको निमित्त गैरसरकारी संस्थाहरु समेतको सहयोगमा ५ वटा विकास क्षेत्रहरुमा बाल कल्याण गृहहरु स्थापना गर्ने कुरा उल्लेख गरेको छ। यी बाल कल्याण गृहहरुमा अनाथ बालबालिकाको साथै सडक बालबालिका, अपाङ्गता भएका बालबालिका, मागी हिड्ने बालबालिका राखिने कुरा समेत उल्लेख छ। केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको स्थापना र सो मार्फत ७५ जिल्लामा बालकल्याण गृहको स्थापना गरिने र त्यसमा खराब संगत भएका बालाबलिकालाई राखिने कुरा यस योजनामा उल्लेख छ। यस योजनाले जोखिम अवस्थामा रहेका बालबालिका अर्न्तगत अपाङ्गता भएका, अनाथ, मागी हिड्ने बालबालिकालाई समावेश गरी उनीहरुलाई स्वावलम्बन बनाउनका निमित्त शिक्षा, स्वास्थ्य र आवासको व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ। बालबालिकाको जीवनमा परिवर्तन ल्याउन अभिभावक शिक्षा प्रदान गरिने कुरा यस योजनामा उल्लेख छ।

**दशौं योजना** (२०५७/५८-२०६१/६२)

यस योजनाले बाल संरक्षण कार्यक्रम अर्न्तगत अनाथ बालबालिकालाई अप्ठ्यारो स्थितिमा भएका बालबालिकाको रुपमा समेटेको छ। यी समुदायका बालबालिकालाई आत्मनिर्भर र स्वावलम्बी हुने कार्यक्रम गैससससंगको सहकार्यमा समुदायमा आधारित रहेर सञ्चालन गर्ने उल्लेख गरिएको छ। असहाय, अपाङ्गता भएका र ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षाको व्यवस्था गरिने भनिएको छ तर त्यस श्रेणीमा अनाथ बालबालिकालाई समावेश भने गरिएको छैन। सशस्त्र द्वन्द्वबाट पीडित बालबालिकाको निमित्त समुदायमा आधारित पुनर्स्थापना र आर्थिक उपार्जन हुने कार्यक्रम सञ्चालन गर्ने, दलित एवम् उत्पीडित बालबालिका सहयोग कार्यक्रम अन्तर्गत असहाय र उत्पीडित बालबालिका राख्ने अनाथालयलाई पनि आर्थिक सहयोग गर्ने कुरा मात्र यस योजनामा उल्लेख छ।

**एघारौं (त्रिवर्षीय) योजना** (२०६२/६३-२०६६/६७)

यस योजनाको शान्ति, पुनर्स्थापना, पुनर्एकीकरण र पुनर्निर्माण शिर्षक अन्तर्गत शहीद परिवारका बालबालिका र अन्य अनाथ बालबालिकाको निमित्त पनि उपयुक्त कार्यक्रम बनाउने कुरा उल्लेख गरिएको छ। बालबालिकाको परिच्छेदमा बालबालिकाको आकस्मिक सहयोग र उद्धारकालागि स्थायी बालकोषको स्थापना, सबै बालबालिकाको निमित्त सामाजिक सुरक्षाको व्यवस्था, फोस्टर केयर, धर्मपुत्र धर्मपुत्री सम्बन्धी व्यवस्थाको सुदृढीकरणको निमित्त नीति तथा कानून बनाउने कुरा उल्लेख गरिएको छ।

बाल कल्याण कार्यक्रम अर्न्तगत जोखिममा रहेका बालबलिकाको पुनर्स्थापनाको निमित्त अनुदान, जोखिममा रहेका बालबालिकालाई राख्ने अन्तिम विकल्पको रुपमा बाल मन्दिरको सुदृढीकरण गर्ने, बालगृहको निमित्त न्यूनतम मापदण्डको तोक्ने जस्ता कार्यक्रमले यस योजनामा प्राथमिकता पाएका छन्। त्यस्तै बालकल्याण समिति अन्तर्गत सडक तथा जोखिममा रहेका बालबालिकाको संरक्षण र विकास गरिने, उनीहरुका निमित्त सीप तथा रोजगार विकास गरिने उल्लेख गरिएको छ। जोखिममा रहेका बालबालिकाको निमित्त वैकल्पिक स्याहारको व्यवस्था गरिनुले यो समूह भित्र अनाथ बालबालिकालाई पनि समेटेको इङ्गित हुन्छ।

**बाह्रौं (त्रिवर्षीय) योजना** (२०६७/६८–२०६९/७०)

बालबालिकासम्बन्धी उपशिर्षक अन्तर्गत बालबालिकाका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य जस्ता आधार भूत सेवा उपलब्ध गराउने र सबै किसिमका कठिन परिस्थितिमा रहेका बालबालिकाको संरक्षण गरी बालबालिका सुहाउँदो समाजको विकासलाई बालबालिकाको आवश्यकताको रुपमा यस योजनाले समावेश गरेको छ । बालबालिकासम्बन्धी कार्यनीति अन्तर्गत परिवारविहीन र जोखिममा रहेका बालबालिकालाई मूल रूपमा लक्षित गरी पुनःस्थापना र वैकल्पिक स्याहारको प्रवर्द्धन गर्ने कुरा उल्लेख छ । जोखिममा रहेका बालबालिकाको निमित्त उद्धार, पुनर्स्थापना र संरक्षणकालागि प्रभावकारी लक्षित कार्यक्रमहरु विस्तार गर्दै लग्ने, फोस्टर केयर र स्पन्सरसीप प्रवर्द्धन, धर्मपुत्र/पुत्री जस्ता कुरालाई नियमन गरी बालबालिकाको विकास एवम् संरक्षणका लागि विकल्पहरुको विस्तार गर्ने, सबै बालबालिकाहरूलाई सामाजिक सुरक्षाको दायरा भित्र ल्याउने र जिल्लाहरुमा बाल मन्दिर, बालगृहलाई कानूनी व्यवस्था अन्तर्गत ल्याई न्यूनतम मापदण्ड र सूचक तैयार गरी खडा भएका पूर्वाधारहरुलाई तत्कालका लागि संरक्षण आवश्यक भएका बालबालिकाको हितको पक्षमा सञ्चालन गरिने कुरालाई उल्लेख गरेको छ ।

आर्थिक कारणले परिवारबाट छुट्टिने अवस्था भएका बालबालिकालाई स्पोन्सरसीपको व्यवस्था गर्ने व्यवस्थाले आमाबाबु भएका बालबालिकालाई उनीहरुसँगै राखी हेरचाह गर्ने कार्यको प्रवर्द्धन गरेको पाइन्छ । समुदायबाट बालबालिकालाई टाढा नलैजानेसम्बन्धी व्यवस्था, अपाङ्गता भएका व्यक्तिसम्बन्धी शिर्षकमा "सबै प्रकारका अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरुका लागि समुदायमा आधारित पुनःस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।" भन्ने व्यवस्थाले बालबालिकालाई समुदायबाट टाढा नलाने कुरालाई जोड दिएको पाइन्छ । सबै प्रकारको अपाङ्गताले गम्भीर बौद्धिक अपाङ्गतालाई पनि जनाउने भएकाले बालबालिकासम्बन्धी ऐनमा भएको बालबालिकालाई सुस्त मनस्थिति केन्द्रमा राख्ने व्यवस्थालाई पनि यसले परिवर्तगन गर्न खोजेको पाइन्छ । सामाजिक सुरक्षातर्फ जोखिममा रहेका बालबालिकाका निमित्त सामाजिक संरक्षणका कार्यहरु सुदृढीकरण र सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरी ५ वर्षमुनीका कर्णाली अञ्चलका सबै र देश भरका दलित बालबालिकाको निमित्त बाल संरक्षण अनुदान नामक सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता गरेको छ ।

**तेह्रौं (त्रिवर्षीय) योजना** (२०७०/७१–२०७२/७३)

यस योजनाले बालबालिका तथा किशोरकिशोरी उपशिर्षक अन्तर्गत बालबालिका तथा किशोरकिशोरीहरू विरुद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार, भेदभाव र बहिष्करणको नियन्त्रण गरी बालबालिकालाई उनीहरूको अधिकारको प्रत्याभूति गर्ने, गर्भावस्थादेखि जन्म पछिसम्म आवश्यक स्याहार तथा पोषण व्यवस्थाको सुनिश्चितता गर्ने, बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक क्षमता विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने रणनीति लिएको छ । अन्तर्देशीय तथा आन्तरिक धर्मपुत्र धर्मपुत्री व्यवस्थापनसम्बन्धी कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाउने, बालगृहहरूलाई आवासीय बालगृहहरूको सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०६९ अनुकूल बनाउने, हराएका बालबालिकाको खोजी तथा पुनःर्स्थापना, जोखिममा रहेका बालबालिकाको आपतकालीन सेवा, उद्धार एवम् पुर्नस्थापनाका निमित्त बालकल्याण समिति कोषको

स्थापना गर्ने र मानसिक समस्या भएका र सुस्त मनस्थिति भई परिवारबाट त्यागिएका बालबालिकाको संरक्षणका लागि सुस्त मनस्थिति केन्द्रको स्थापना तथा सञ्चालन गर्ने कुरा उल्लेख छ ।

बालबालिकालाई आमाबाबुको हेरचाहमा हुर्कन पाउने अधिकार प्रर्वद्धन गर्न चेतनामूलक पारिवारिक सहयोग कार्यक्रम सञ्चालन गर्ने, आन्तरिक धर्मपुत्र धर्मपुत्रीसम्बन्धी व्यवस्थालाई व्यवस्थित बनाउन नीति/कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गर्ने योजना पनि उल्लेख छ ।

सामाजिक सुरक्षा तथा संरक्षण उप शिर्षकमा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति भई सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्ने दीर्घकालिन सोच अर्न्तगत "अत्यन्त जोखिममा रहेका लोपोन्मुख एवम् सीमान्तकृत समुदायहरू, एच.आइ.भी. एड्सबाट प्रभावित बालबालिका र आमाबाबु दुवै गुमाएका बालबालिकालाई क्रमशः (सामाजिक सुरक्षा) कार्यक्रमहरूको सञ्जाल भित्र ल्याइने" कार्यनीति यस योजनाले राखेको छ । स्पष्ट रुपमा अनाथ बालबालिकालाई पनि सामाजिक सुरक्षाको कार्यक्रम भित्र ल्याइने प्रतिवद्धता यसै योजनाले गरेको हो ।

**चौधौं** (**त्रिवर्षीय**) **योजना** (२०७३/७४–०७५/७६)

यस योजनाले अनाथ बालबालिकालाई बालगृहमा राखी पुर्नस्थापना गर्ने कार्यक्रम राखेको छ । सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोरकिशोरीलाई संरक्षण गर्ने, सडकमा रहेका बालबालिकाको उद्धार, मनोसामाजिक परामर्श, पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका टुहुरा, बेसहारा तथा जोखिममा रहेका बालबालिकाहरूलाई बालगृहमा बसेको अवधिभर सम्पूर्ण स्वास्थ्य सेवा स्वास्थ्य मन्त्रालयमार्फत निःशुल्क उपलब्ध गराउने, अभिभावक नभएका बेसहारा बालबालिकाको संरक्षण, आश्रय, शिक्षा तथा पुनर्स्थापनाको व्यवस्था गर्न प्रत्येक प्रदेशमा बालबालिका संरक्षण केन्द्र स्थापना गर्ने कुरा उल्लेख छ । यस योजनाले आमाबाबु नभएका बालबालिकालाई पुनः बालगृहमा राखेर पालनपोषण गर्ने कुरामा जोड दिएको छ ।

माथिका आवधिक योजनाहरुले अनाथ बालबालिकाको स्याहारका सम्बन्धमा विविध व्यवस्था गरे पनि ती व्यवस्थाहरु एकै प्रकृतिका छैनन् । कुनै योजनाले बालबालिकालाई परिवार वा समुदायमा राखी हुर्काउने कुरा गरेको छ भने कुनै योजनाले बालबालिकालाई बालगृहमा राखी हुर्काउने कुरा उल्लेख गरेको छ । बालबालिकासम्बन्धी कानूनमा अनाथ बालबालिकाको पालनपोषणसम्बन्धी दोहोरो अर्थ नलाग्ने स्पष्ट व्यवस्था नभएकाले योजनाहरुले पनि एकै कार्यदिशा लिन नसकेको आभाष हुन्छ ।

**ग) बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजनाहरु**

बालबालिकासम्बन्धी छुट्टै कार्ययोजना तय गर्ने क्रममा नेपाल सरकारले बालबालिकासम्बन्धी प्रथम कार्ययोजनाको रुपमा सन् १९९० को दशकको लागि बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना र दोस्रो कार्ययोजनाको रुपमा सन् २००४-२०१४ को लागि दशबर्षे कार्ययोजना तयार गरी लागू गरिसकेको छ । तेस्रो कार्ययोजना तयारी क्रममा रहेको छ । साथै, सशस्त्र द्वन्द प्रभावित बालबालिकाको पुर्नस्थापना तथा पुर्नएकीकरण, राष्ट्रिय कार्ययोजना, किशोर-किशारीसम्बन्धी राष्ट्रिय कार्ययोजना, मानव ओसारपसारसम्बन्धी

राष्ट्रिय कार्ययोजना लगायतका कार्ययोजनाहरु कार्यान्वयनमा रहेका छन् । सवै कार्ययोजनाहरु अप्रत्यक्ष रुपमा अनाथ बालबालिकासंग सम्बन्धित छन् तर यस अध्ययनकालागि मूलतः देहायका कार्ययोजनाहरुलाई समावेश गरिएको छ ।

**क) बालबालिकाका लागि १० वर्षे राष्ट्रिय कार्ययोजना** (२०६१/६२–२०७१/७२) (**संशोधित**)

बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना २०६०/२०६१ देखि २०७१/२०७२ को सामान्य नीतिमा अनाथ, शरणार्थी, द्वन्द्व प्रभावित, अपाङ्गता भएका, दलित बालबालिका लगायत जोखिममा रहेका अन्य सबै बालबालिकालाई शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाको वितरणमा प्राथमिकता दिने कुरा उल्लेख गरेको छ । संरक्षणको उपशिर्षक अन्तर्गत संस्थागत स्याहार प्रदायक बालकल्याण गृह वा अनाथालयको निमित्त न्यूनतम मापदण्डा जारी गर्ने कुरा उल्लेख छ । परिच्छेद ४ मा अनाथ बालबालिकालाई विशेष परिस्थितिमा रहेका बालबालिका परिभाषित गरी उनीहरुलाई शिक्षा प्रदान गर्ने र पुर्नस्थापना गर्ने कुरा उल्लेख छ । संरक्षण उपशिर्षक भित्र दुर्व्यवहार, शोषण र हिंसाबाट संरक्षण भित्र अनाथ, असहाय, परित्यक्त लगायत जोखिममा भएका बालबालिकाको सहयोग र पुर्नस्थापनाका लागि उद्देश्य नं. ६ र ९ राखिएको छ । यी उद्देश्यहरु अन्तर्गत क) अनाथ, असहाय, गरीब, शोषित, परित्यक्त लगायत जोखिममा भएका बालबालिकाको २०७० भित्र पहिचान गरी अभिलेखीकरण गर्ने र ख) यी बालबालिकालाई २०७१ भित्र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने भनी उल्लेख गरिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत यस कार्ययोजनामा उल्लेख भएको कार्य पूणरुपमा सम्पन्न भएको भने पाँइदैन ।

**ख) सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवम् पुनः एकीकरणकालागि राष्ट्रिय कार्ययोजना, २०६७**

नेपाल सरकार मन्त्रिपरिषद्बाट २०६७ पुष १४ गते स्वीकृत यो कार्ययोजनाको बृहत उद्देश्य सशस्त्र द्वन्द्वबाट प्रभावित सबै बालबालिकाको पारिवारिक तथा सामाजिक पुनःस्थापना एवम् पुनःएकीकरण गर्ने हो । सशस्त्र द्वन्द्वबाट प्रभावित समूह भित्र बाबु वा आमा मृत्यु भएका बालबालिका (वा अनाथ) पनि पर्दछन् । यस कार्ययोजनाले "अनाथ" भन्ने अवधारणाको प्रयोग नगरिकन "टुहुरा" भन्ने अवधारणाको प्रयोग गरेको छ । यस कार्ययोजनाले केन्द्रीय बालकल्याण समितिद्वारा प्रकाशित प्रतिवेदनको आधारमा द्वन्द्व प्रभावित कूल बालबालिकाको करिब २० प्रतिशत (अर्थात ३,९३०) बालबालिकाले आमा वा बाबु गुमाएका र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनको आधारमा ८ हजार भन्दा बढी बालबालिकालाई टुहुरा बालबालिकाको रुपमा उल्लेख गरेको छ ।

यो कार्ययोजनाले संरक्षकत्व गुमाएका बालबालिकाको वैकल्पिक हेरचाह नहुनुलाई समस्याको रुपमा पनि प्रस्तुत गरेको छ । समाधानका रुपमा द्वन्द्व प्रभावित बालबालिकालाई मनोसामाजिक हेरचाह प्रदान गर्ने । परिवारमा नै पुनर्मिलन गराउने र पुनर्मिलन हुन नसकेका बालबालिकाको निमित्त मात्र दीर्घकालिन वैकल्पिक हेरचाहको उपायहरु खोज्ने, सीप, शिक्षा र आयआर्जनका कार्यक्रमहरु गरिने कुरा उल्लेख छ । यस कार्ययोजनाले परिवार पत्ता नलागेका कारणले पुर्नस्थापना हुन नसक्ने बालबालिकाका निमित्त वैकल्पिक

उपायका रुपमा देहायको व्यक्तिहरुसंग पुर्नस्थापना गराउने कुरा उल्लेख छ ः

क) नातेदार वा

ख) समुदाय वा

ग) धर्मसन्तानको रुपमा ग्रहण गर्ने व्यक्ति वा संरक्षक वा

घ) कानूनी संरक्षक

ङ) अन्तिम विकल्पको रुपमा बालगृह

माथिको स्याहारका उपायहरुमा प्राथमिकता निर्धारण गरिएको छैन ।"अन्तिम विकल्पकको रुपमा" बालगृह भनिएको बाट बालगृहलाई अन्तिम अवस्थामा परिवार वा समुदायमा पुनर्स्थापना हुन नसकेमा मात्र विकल्पकको रुपमा प्रयोग गर्ने बुझिन्छ । त्यस्तै, माथि खण्ड (घ) मा उल्लेख गरिएको कानूनी संरक्षक भनेको को हो स्पष्ट हुन सकेको छैन । प्रचलित कानून अनुसार एकाघरका परिवार बाहेक अरुसंग बालबालिका राख्नुपर्दा कानूनतः निर्णय गर्नुपर्दछ र ती सबै कानूनी संरक्षक हुने व्यवस्था हो । (हेर्नुहोस बालबालिकासम्बन्धी ऐन सम्बन्धी विवेचना )

माथि भनिए अनुसार परिवार वा समुदायमा पुनर्स्थापना गर्दा शिक्षा, स्वास्थ्य, व्यवसायिक दक्षता तालिम, स्वरोजगार कार्यक्रम आदि सञ्चालन गर्ने कुरा समेत उल्लेख छ ।

**ग) आमाबाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८**

यस कार्यविधिले संवत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसीर ५ गते सम्मको सशस्त्र द्वन्द्वका क्रममा देहायको अवस्थामा भएका बालबालिकालाई आमाबाबु गुमाएका बालबालिका मानी उनीहरुको निमित्त मासिक रु. ५००० आर्थिक सहायता प्रदान गरिएको छ ।

क) आमाबाबु दुवैको मृत्यु भई वा बेपत्ता भइ टुहुरा भएका,

ख) द्वन्द्वको क्रममा बाबु वा आमामध्ये कुनै एकको मृत्यु भएको वा बेपत्ता पारिएको र बाबु वा आमामध्ये एकको अन्य कुनै कारणले मृत्यु वा बेपत्ता भई दुवै नभएको, वा

ग) बाबुको द्वन्द्वका क्रममा मृत्यु वा बेपत्ता पारिएको र आमाले अर्को विवाह गरी आमाबाबु दुवै नभएको

माथिका बालबालिकाका कससंग रहने वा वस्ने भन्ने बारेमा यस कार्यविधिले बोलेको छैन । यसले मासिक वृत्ति संरक्षकलाई दिने सम्म कुरा गरेको छ । यो संरक्षक बालबालिकासम्बन्धी ऐन २०४८ बमोजिम नियुक्त भएको संरक्षक सम्झनुपर्ने हुन्छ ।

**घ) किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना** (२०७१/२०७२ – २०७४/७५)

यस योजनाले किशोरकिशोरीका रुपमा १० देखि १९ वर्षसम्मको बालबालिकालाई लिएको छ । यस योजनामा "अनाथ बालबालिका" भन्ने अवधारणाको प्रयोग गरिएको छैन । यसको सट्टा अभिभावकविहीन र परित्यक्त बालबालिका भन्ने शब्दावलीको प्रयोग गरिएको छ । समस्या पहिचान गर्ने क्रममा अभिभावकविहीन

र परित्यक्त बालबालिका अझै पनि शिक्षाको अवसरबाट वञ्चित भइरहेको, स्वास्थ्य सेवावाट वञ्चित भएको उल्लेख गरेका छ। परिवार भएका तर गरीब परिवारका किशोरकिशोरीको निमित्त यो कार्ययोजनाले जिविकोपार्जनको निमित्त सीपमूलक तालिम, लघुउद्यमको थालनी गर्न समूह जमानी र सस्तो व्याजदरमा ऋृण उपलब्ध गराउने, परिवारका किशोरकिशोरीलाई विद्यालयसम्म ल्याउने वा अनौपचारिक र वैकल्पिक शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने, र अभिभावक नभएका, बुबा पत्ता नलागेका किशोरकिशोरीलाई नागरिकता प्रदान गर्ने व्यवस्था मिलाउने विषय यस कार्ययोजनामा उल्लेख छ।

**घ) नेपाल सरकारको २०७४/०७५ को कार्यक्रम र बजेटमा अनाथ बालबालिका**

नेपाल सरकारको बजेट तथा कार्यक्रमः आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नं १४१ मा अनाथ बालबालिकाको उद्धार, पालनपोषण र पुनर्स्थापनाका लागि समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन गरिने उल्लेख गरिएको छ। साथै, बुँदा नं १२४ मा खुल्ला तथा वैकल्पिक विद्यालयहरुमार्फत विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याई निरन्तर रुपमा शिक्षा हासिल गर्ने अवसरको सुनिश्चितता प्रदान गर्ने भनी स्पष्ट उल्लेख भएको छ।

नेपाल सरकारको वार्षिक विकास कार्यक्रमः महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको वार्षिक विकास कार्यक्रम २०७४/०७५ मा अनाथ बालबालिकाको बालगृहमा पुनस्थापना गर्ने नतिजा सूचक अन्तर्गत आव २०७४/७५ र २०७५/७६ मा ३००/३०० जना गरी जम्मा ६ सय अनाथ बालबालिकालाई बालगृहमा पुनस्थापना गर्ने लक्ष्य रहेको छ। साथै, जोखिमपूर्ण अवस्थामा रहेका ३ हजार बालबालिका आव २०७४/७५ मा र ३ हजार बालबालिका आव २०७५/७६ मा उद्धार तथा पुनस्थापना गर्ने लक्ष्यसमेत रहेको छ। साथै, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपतकालिन उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन, पुनरएकीकरणसम्बन्धी कार्यक्रम सञ्चालन मन्त्रालयको प्राथमिकतामा परेको छ।

# अध्याय- तीन

# राष्ट्रिय सर्वेक्षणमा अनाथ बालबालिका

केन्द्रीय तथ्याङ्क विभागबाट २०५८ र २०६८ को राष्ट्रिय जनगणनामा बालबालिकाको बसाइसम्बन्धी केही सूचना समावेश गरिएको छ। यसैगरी केन्द्रीय तथ्याङ्क विभागबाट गरिने नेपाल बहुसूचकाङ्क क्लस्टर सर्भेक्षणले बालबालिकाको बसाई लगायत अन्य धेरै सूचनाहरु समावेश गरेको पाइन्छ। तर अनाथ तथा आफन्त एवम् अन्यको संरक्षणमा रहेका बालबालिकाको सामाजिक, आर्थिक लगायतका स्थिति समेटिने गरी समग्र अध्ययन गरिएको छैन। बालबालिकासम्बन्धी ऐन, २०४८ अन्तर्गत बालबालिकासम्बन्धी सूचना व्यवस्थापन गर्ने जिम्मेवारी केन्द्रीय र जिल्ला बालकल्याण समिति अन्तर्गत पर्न आउने भएता पनि समितिहरुबाट यस विषयको अद्याबधिक तथ्याङ्क राख्न सकेको देखिँदैन। घरधूरी सर्वेक्षणका आधारमा तथ्याङ्क सङ्कलन गरिने राष्ट्रिय जनगणना, २०६८ र नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ ले समेटेको बालबालिकाको बसाइसम्बन्धी सूचना नै अहिलेको लागि विश्वासीला आधार देखिन्छन्। यी दुई अध्ययनबाट सङ्कलन गरिएका तथ्याङ्कहरुलाई अनाथ बालबालिकाको सन्दर्भमा छोटकरीमा यहाँ विवेचना गरिएको छ। तुलनात्मक अध्ययनकालागि राष्ट्रिय जनगणना २०५८ लाई समेत संलग्न गरिएको छ।

बालबालिकाको उमेरको सन्दर्भमा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि (सन् १९८९) ले १८ वर्षमुनीका जनसंख्यालाई बालबालिका भनी परिभाषित गरेको छ। नेपालको जनगणनाले ० वर्ष र सोभन्दा माथिका उमेरको जनसंख्याको विवरण दिएको हुन्छ। यस अनुसार ० - १७ वर्ष उमेर पुगेका जनसंख्यालाई बालबालिकाको जनसंख्या मान्नु पर्ने हुन्छ।

### क) राष्ट्रिय जनगणना २०५८ र अनाथ बालबालिका

राष्ट्रिय जनगणना २०५८ मा पहिलोपटक बालबालिकाको बसाइको स्थिति देखाइएको थियो। त्यसकै आधारमा बालबालिकाको अनाथताको अनुमान गर्ने गरिएको पाइन्छ। यस जनगणना अनुसार कूल जनसंख्या २,३१,५१,४२३ (पुरुष १,१५,६३,९२१ र महिला १,१५,८७,५०२) रहेकोमा १८ वर्षमुनीका बालबालिकाको संख्या १,०५,८५,७९१ (४५.७२ प्रतिशत) रहेको थियो। जसमा बालक ५३,८४,१६२ र बालिका ५२,०१,६३० रहेको थियो। विस्तृत विवरण अनुसूची २ मा दिइएको छ।

*अ) बालबालिकाको बसाई*

राष्ट्रिय जनगणना २०५८ मा अनाथ बालबालिकाको प्रत्यक्ष तथ्याङ्क सङ्कलन गरिएको थिएन। बालबालिका कोसंग रहेबसेका छन् भन्ने आधारमा बालबालिकाको अनाथताको अनुमान गरिएको छ। बालबालिका रहेबसेको ठाँउको स्थिति तलको तालिकाले स्पष्ट पार्दछ।

तालिका २: बालबालिकाको बसाइको स्थिति (राष्ट्रिय जनगणना २०५८)

| रहेवसेका व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|
| आमावुवा | ८३,०५२३० | ८७.६४ |
| आमा मात्र | ५,२५,८८७ | ५.५४ |
| वुवा मात्र | १,१४,३५१ | १.२० |
| बाबु र सौतेनी आमा | ७८,८४३ | ०.८३ |
| आमा र सौतेलो वुवा | ६४,४४२ | ०.६८ |
| अन्य नातेदार | ८९, ८१३ | ०.९४ |
| रोजगारदाता | ६३,२३१ | ०.६६ |
| अन्य | २,३४,१०१ | २.४७ |
| **कूल संख्या** | **९४,७५,८९८** | **१००** |

स्रोतः केन्द्रीय बालकल्याण समिति, बालबालिकाको स्थिति प्रतिवेदन २०६३, पेज २२)

२०५८ को जनगणनाले नेपाली समाजमा पारिवारिक सम्बन्ध निकै बलियो भएको देखाँउदछ। अधिकांश बालबालिका अर्थात ८७.६४ प्रतिशत बालबालिका आफ्ना आमाबाबुसंगै वस्छन् । यस तथ्याङ्कले आमाबाबु, आमा वा बाबु तथा अन्य नातेदारसंग वस्ने बालबालिकाको संख्या ९६.८७ प्रतिशत देखाएको छ । आफ्ना परिवारसंग वस्ने यी बालबालिका आफ्ना परिवारबाट नछुट्टिउन भन्नका निमित्त राज्यले बालबालिकाको लगत र उनीहरुको पारिवारिक स्थिति अनुसार सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जसमा आर्थिक सहयोग पनि पर्न सक्दछ र अन्य किसिमको स्याहार हेरचाहसम्बन्धी पनि हुन सक्दछन् । माथिको तथ्याङ्कमा रोजगारदातासंग रहेको बालबालिकाको संख्या ०.६६ प्रतिशत देखिएको छ । यी सबै बालबालिका श्रमिक बालबालिकाका रुपमा जनिए पनि उनीहरु सबै अनाथ हुन् भन्न मिल्ने स्थिति भने छैन । गरिवीका कारणले बालबालिकालाई श्रममा पठाउने सामाजिक प्रचलन अनुसार यी बालबालिका श्रमिक बालबालिकाका रुपमा रहेका हुन सक्दछन् ।

त्यस्तै, माथिको तालिकामा अन्य बालबालिकाको समूह धेरै भएको हुँदा ती बालबालिका पनि अनाथ हुन् भनी यकिनका साथ भन्न सक्ने स्थिति पनि छैन । माथिको तथ्याङ्कले ८७.६४ प्रतिशत बालबालिकाको दुवै आमाबाबु भएको, बाँकी ८.२५ प्रतिशतको आमाबाबुमध्ये एक भएको तथ्य भने पुष्टी गर्दछ। अर्थात्, २०५८ को तथ्याङ्कले ९५.८९ प्रतिशत बालबालिकाको आमाबाबु दुवै वा एक भएको पुष्टि गर्दछ । बाँकी ४.११ प्रतिशत सबै अनाथ हुन भनेर यकिन भन्न सकिँदैन तर अनाथ बालबालिकाका संख्या योभन्दा बढी नभएको भने निश्चित हो । स्याहारको दृष्टिकोणले आमाबाबु नभएका वा उनीहरुबाट हेरचाह नपाएकाहरुलाई राज्यले विशेष ध्यान दिनुपर्ने हुन्छ। माथिको तालिकामा अनाथ हुन सक्ने सम्भावना रहेका ४.११ प्रतिशतमध्ये ०.९४ प्रतिशत बालबालिका नातेदारहरु भित्रै रहेको अर्को राम्रो तथ्य हो। आमाबाबु

नभएका बालबालिकाका निमित्त वैकल्पिक हेरचाहको पहिलो प्राथमिकता आफ्नै परिवार हुने कानूनी मान्यता पनि हो र सो मान्यता सामाजिक रुपमा स्वीकार्य भएको जनगणनाले पनि देखाएको छ। राज्यले पारिवारिक हेरचाहको प्रणालीलाई अभिलेखीकरण गरी स्याहारमा थप टेवा समेत दिनुपर्ने समेत हुन्छ।

### ख) राष्ट्रिय जनगणना, २०६८ र अनाथ बालबालिका

राष्ट्रिय जनगणना, २०६८ अनुसार कूल जनसंख्या २,६४,९४,५०४ रहेको छ। यसमध्ये पुरुषको जनसंख्या १,२८,४९,०४१ (४८.५ प्रतिशत) र महिलाको जनसंख्या १,३६,४५,४६३ (५१.५ प्रतिशत) रहेको छ। ० देखि १७ अर्थात १८ वर्षमुनीका बालबालिकाको संख्या १,१०,८४,३११ रहेको छ। जुन कूल जनसंख्याको ४१.८३ प्रतिशत हुन आउँछ। १६ वर्षमुनीका बालबालिकाको प्रतिशत कूल जनसंख्याको ३७.३७ प्रतिशत छ भने १४ वर्षमुनीका बालबालिका ३२.३५ प्रतिशत रहेको छ। बालबालिकाको उमेर अनुसारको संख्या र प्रतिशत अनुसूची ३ मा दिइएको छ।

जनगणना २०६८ ले बालिकाको संख्या बालकको भन्दा क्रमशः घट्दै गएको देखाँउदछ। वयस्कमा महिलाको संख्या बढी देखिए पनि बालबालिकामा भने बालिकाभन्दा बालकको संख्या बढी देखिन्छ। यो जनगणनाले जनसंख्या वृद्धिदर १.३५ प्रतिशत देखाएको छ।

*अ) बालबालिकाको बसाई*

अनाथ बालबालिकाको सम्बन्धमा यस जनगणनाले पहिलेका जनगणनामा जस्तै १६ वर्षमुनीका बालबालिका कोसंग बस्दछन् भनी सूचना सङ्कलन गरेको पाइन्छ। (माथि पेज २६४।) गणकहरुलाई दिइएको विवरण फारममा समावेश भएका आठवटा उत्तरहरुमा गणकले एउटामा चिन्ह लगाउनुपर्ने हुन्छ। आठवटामध्ये अन्तिममा भएको अन्यमा चिन्ह लगाइसकेपछि थप विवरण लेख्ने ठाउँ पनि फारममा छ। तर जनगणनाको प्रतिवेदनमा "अन्य" लाई विश्लेषण गरेको पाइँदैन। यसरी सङ्कलन गरिएको तथ्याङ्कले बालबालिका कोसंग बस्दछन् भन्ने कुरा व्यक्त गर्दछ र त्यसैका आधारमा बालबालिकाको पारिवारिक स्याहारको स्थिति पत्ता लगाउने गरिएको छ। जनगणना २०६८ ले सङ्कलन गरेको बालबालिकाको विवरणलाई तालिका ३ मा देखाइएको छ :

**तालिका ३: बालबालिकाको बसाइको स्थिति (राष्ट्रिय जनगणना २०६८)**

| रहेवसेका व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|
| आमावुवा | ८५,७६,१४० | ८७.०७ |
| आमा मात्र | ८,९६,८०० | ९.१० |
| वुवा मात्र | ६६,६३८ | ०.६७ |
| बाबु र सौतेनी आमा | १८७३७ | ०.१९ |
| आमा र सौतेलो वुवा | ४४५६ | ०.०४ |
| अन्य नातेदार | ४७४७७ | ०.४८ |

| | | |
|---|---|---|
| रोजगारदाता | ८१८० | ०.०८ |
| अन्य | १४७५२६ | १.४९ |
| उल्लेख नगरिएको | ८२७९९ | ०.८४ |
| **कूल संख्या** | **९८,४८,७५३** | **१००** |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८[१])

यस जनगणना अनुसार ९७.५८ प्रतिशत बालबालिका पारिवारिक स्याहारमा नै रहेको देखिन्छ। जसमध्ये आमाबाबु दुवैसंग ८७.०७ प्रतिशत, आमासंग मात्रै ९.१० प्रतिशत, बाबुसंग मात्र ०.६७ प्रतिशत, बाबु र सौतेनी आमासंग ०.१९ प्रतिशत, आमा र सौतेलो बाबुसंग ०.०४ प्रतिशत र आफ्ना परिवारका नातेदारसंग ०.४८ प्रतिशत बालबालिका रहेबसेको देखिन्छ। जनगणना २०५८ को तुलनामा आमाबाबु दुवैसंग वस्ने बालबालिकाको प्रतिशत ०.८० प्रतिशत अर्थात्, करिव १ लाख कम भएको देखिन्छ। यो प्रवृत्तिलाई हेर्दा २०७८ को जनगणनामा यो संख्यामा अझ कम हुने सम्भावना तर्फ पनि इंगित गर्दछ।

वैदेशिक रोजगारमा गएका बाबुका कारणले घरमूली आमा भएका महिलाको संख्या २५ प्रतिशत देखिन्छ। बाबु विदेशमा भए पनि आमाबाबु एकै परिवारमा भएसम्म माथिको गणनाले बालबालिकालाई आमाबाबुसंग देखाएको छ। तसर्थ ८७.०७ प्रतिशत बालबालिका आमाबाबुसंग बस्नु भन्नुको अर्थ आमाबाबु दुवै दैनिक रेखदेखका निमित्त उपलब्ध नभए पनि आमाबाबुको सम्बन्ध कायम रहिरहेको भन्ने पनि हो। माथिको तथ्याङ्कमा अन्य नातेदारसंग रहेका बालबालिकाको संख्या ०.४८ प्रतिशत देखिन्छ। आमाबाबु दुवै वैदेशिक वा अन्य रोजगारीमा भएर हो वा आमाबाबु दुवै मृत्यु भएर हो वा उनीहरुबाट परित्यक्त भएर हो भन्ने कुरा जनगणनाको प्रतिवेदनमा देखिँदैन।

त्यस्तै माथिको तथ्याङ्कले आमा मात्रैले स्याहार गरेका बालबालिकाको संख्या ९.१० प्रतिशत देखिन्छ। बाबुमात्रैले स्याहार गरेको बालबालिका भने ०.६७ प्रतिशत देखिन्छ। यी दुवै परिस्थितिमा बालबालिकाको आमा वा बाबु के कारणले अलग्ग छन् भन्ने देखिँदैन। तर पनि आमा मात्रैले संरक्षण गर्ने बालबालिका धेरै देखिनुले पनि महिलालाई स्वतः कानूनी संरक्षकका रुपमा हेरिनु पर्ने आवश्यकता देखिएको छ र उनीहरुको भूमिका बाबुहरुको भन्दा बढी रहेको सामाजिक यथार्थता प्रष्ट्याएको पनि छ।

माथिको तथ्याङ्क अनुसार पारिवारिक हेरचाहमा नरहेका २.४२ प्रतिशत बालबालिकामध्ये रोजगारदातासंग श्रमिक बालबालिकाका रुपमा रहेका बालबालिकाको संख्या ०.०८ प्रतिशत मात्र रहनुले २०५८ को तुलनामा २०६८ को जनगणनामा बालश्रमिकको संख्या (०.५८%) घटेको देखिन्छ। बाँकी बालबालिकाको स्थिति नखुलेकोले उनीहरु कहाँ छन् यकीन भन्न सक्ने स्थिति छैन। तर उनीहरु अनाथ नै हुन् भन्न सक्ने स्थिति पनि छैन। अनुमानका आधारमा पारिवारिक स्याहारमा नरहेका यी २.४२ प्रतिशत बालबालिका र अन्य नातेदारसंग रहेका बालबालिका ०.४८ प्रतिशतलाई जोड्दा अनाथ हुन सक्ने बालबालिकाको प्रतिशत

१ हेर्नुहोस् http://cbs.gov.np/image/data/Population/District%20Level%20Detail%20Report/Volume05Part12.pdf (मिति फागुन १७, २०७४ मा उपलब्ध)।

कूल बालबालिकाको ३ प्रतिशत भन्दा कम नै देखिन्छ। संख्यात्मक हिसाबले यी बालबालिका २,८५,९८२ (अर्थात करिब ३ लाख मात्र) देखिन्छ।

*आ) सम्बन्ध विच्छेद र बालबालिकाको स्थिति*

जनगणना २०६८ ले १० वर्षमाथिका मानिसहरुको विवाहको स्थितिको बारे तथ्याङ्क सङ्कलन गरेको छ। जसको तथ्याङ्कलाई तल तालिकामा देखाइएको छ।

**तालिका ४: विवाहित जनसंख्या**

| स्थिति | संख्या | महिला | पुरुष |
|---|---|---|---|
| एकपटक मात्र विवाह गरेको | १,१९,०५,४८३ (८९.२५ प्रतिशत) | ६६९०९२९ | ५२१४५५४ |
| एउटा भन्दा बढी विवाह गरेको | २,९७,६०१ (२.२३ प्रतिशत) | ६०७९५ | २३६८०६ |
| पुनर्विवाह गरेको | ४१२७१५ (३.०९ प्रतिशत) | १६५४०१ | २४७३१४ |
| विधुर वा विधवा | ६५९८३७ (४.९४ प्रतिशत) | ४९८६०६ | १६१२३१ |
| सम्बन्ध विच्छेद भएको | २३१८९ (०.१७ प्रतिशत) | ११५१५ | ११६७४ |
| अलग्गै वसेको | ३९६७१ (०.२९ प्रतिशत) | २६८६३ | १२८०८ |
| | **१,३३,३८,४९६** | **७४,५४,१०९** | **५८,८४,३८७** |

*(श्रोतः राष्ट्रिय जनगणना २०६८)*

विवाहित जनसंख्यामध्ये एउटा मात्र विवाह गरेको परिवारको संख्या ८९.२५ प्रतिशत देखिन्छ। ८७.०७ प्रतिशत बालबालिका आफ्नै आमाबाबु दुवैसंग बसेको तथ्याङ्क र यो तथ्याङ्क मिल्न गएको देखिन्छ। एउटै विवाहमा रहेका दम्पतिको परिवारबाट बालबालिका अलग्ग हुने सम्भावना शून्य प्रायः देखिएको छ। बाँकी १०.७५ प्रतिशत विवाहित व्यक्तिहरुमा करिब ५ प्रतिशत विदुर र विधवा, ३ प्रतिशतले एउटा विवाह छाडेर अर्को विवाह गरेको, २.२३ प्रतिशतले वहुविवाह गरेको, ०.१७ प्रतिशतको सम्बन्ध विच्छेद भएको र ०.२ ९ विवाहित दम्पति एकअर्का भन्दा अलग्ग बसेको देखिन्छ। स्याहारका दृष्टिकोणले करिव ११ प्रतिशत विवाहित व्यक्तिको बालबालिका रहेछन् भने उनीहरुको स्याहार आमाबाबुमध्ये एकजनाले मात्र गर्न सक्ने देखिन्छ। यो प्रतिशत र माथि तालिका ३ मा देखिएको आमाबाबुसंग बसेका बालबालिका १० प्रतिशत मात्र भएको तथ्याङ्क एकआपसमा मिल्न गएको देखिन्छ। स्याहारको दृष्टिकोणले एकजना आमा वा बाबुसंग रहेका बालबालिकालाई बढी ध्यान दिनुपर्ने हुन्छ। आमा वा बाबुको आर्थिक स्थिति, उमेर, सामाजिक प्रचलन, उनीहरुको मनोविज्ञान आदिले आमा वा बाबुमध्ये एकजनासंग मात्र हुर्कने बालबालिकालाई जोखिममा रहेको मान्न सकिन्छ।

*उ) घरधुरी संख्या र बालगृह*

जनगणना २०६८ ले घरधुरीको संख्या ५४,२७, ३०२ देखाएको छ। जसमध्ये ४,००५ संस्थागत घरधुरी छन्। संस्थागत घरधुरी भित्र व्यारेक, होस्टल र गुम्बाहरु पर्दछन्। तर यस जनगणनाको प्रकाशित प्रतिवेदनमा संस्थागत घरधुरीको एउटा इकाइ होस्टल भनिएको छ। यो होस्टल भित्र बालगृह पर्नुपर्ने हो तर प्रतिवेदनले

यो सुनिश्चित गर्दैन । त्यस्तै गुम्बाभित्र बालबालिका पनि बस्ने भएकाले के कति बालबालिका गुम्बाको सँस्थागत संरक्षणमा छन् भन्ने कुरा यस प्रतिवेदनले देखाँउदैन । यदि ती तथ्याङ्क पनि जनगणनाले सङ्कलन गरेको भए प्रकाशन गर्नुपर्ने र यदि सङ्कलन नगरेको भए सङ्कलन गर्नु वैकल्पिक स्याहारका निमित्त अपरिहार्य देखिन्छ । यस्तो तथ्याङ्कले संस्थागत हेरचाहमा बस्ने बालबालिकाको पारिवारिक स्थितिको बारेमा पनि स्पष्ट पार्दछ ।

*ऊ) व्यक्तिगत घटना दर्तासम्बन्धी वेसलाइन अध्ययन २०७१ (सन् २०१५)*

केन्द्रीय तथ्याङ्क विभागले व्यक्तिगत घटना दर्तासम्बन्धी वेसलाइन अध्ययन २०१५ मा गरेको पाइन्छ ।[२] यस वेसलाइन नमूना (स्याम्पल) सर्वेक्षणको आधारमा १६ जिल्लामा गरिएको थियो । यस अध्ययनले ७६ प्रतिशत बालबालिकाको जन्मदर्ता, ७५ प्रतिशत मृत्युदर्ता, ७५ प्रतिशत विवाह दर्ता, ७ प्रतिशत सम्बन्ध विच्छेद दर्ता र ६० प्रतिशत वैदेशिक रोजगारी दर्ता हुनेगरेको पाइयो । व्यक्तिगत घटना दर्ता तराइका जिल्लाहरुमा ७९ प्रतिशत र पहाडी जिल्लाहरुमा मात्र ५८ प्रतिशत मात्र हुने गरेको पाइयो । अनाथ बालबालिकाको यथार्थ स्थिति र बालबालिकाको स्याहारसम्भारको यथार्थ स्थिति पत्ता लगाउन व्यक्तिगत घटना दर्ताको महत्वपूर्ण भूमिका हुन्छ । यस घटनाले बालबालिकाको आमाबाबु को हुन्, कहाँ छन् र स्याहारमा उनीहरुको भूमिका के हो भन्ने कुरालाई यकिन गर्न मद्दत गर्दछ ।

**ग) नेपाल बहुसूचकाक्त क्लस्टर सर्वेक्षण, २०७१**

यूनिसेफले १९९० को दशकदेखि विश्वका केही राष्ट्रहरुमा बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण सञ्चालन गरिआएको छ । यो सर्वेक्षण नेपालमा पनि केन्द्रीय तथ्याङ्क विभागसंगको सहकार्यमा प्रत्येक ५ वर्षमा एकपटक सञ्चालन गर्ने गरिएको छ । यो सर्वेक्षण राष्ट्रिय जनगणनामा आधारित भई नमूना विधि (स्याम्पलिङ) का आधारमा घरधुरी सर्वेक्षणमा आधारित छ । काठमाण्डौं उपत्यका, काठमाण्डौं बाहिरका शहरी क्षेत्र र ग्रामीण क्षेत्रका ५२० वटा समुदायको नमूना लिई प्रत्येक समुदायभित्र आर्थिक, सामाजिक एवम् साँस्कृतिक विविधता झल्कने गरी उद्देश्यमूलक नमूनाका आधारमा प्रत्येक क्लस्टरमा २५ घरधुरी छनौट गरी कूल १३,००० घरधुरी सर्वेक्षणको आधारमा नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ सम्पन्न गरिएको थियो । यस सर्वेक्षणले अध्ययन गरेको २२,८६२ बालबालिकाको स्थिति देहाय बमोजिम प्रस्तुत गरिएको छ :

*अ) बालबालिका र अनाथताको स्थिति*

आमाबाबु दुवै नभएका अनाथ बालबालिकाको यकीन तथ्याङ्क दिने सबैभन्दा विश्वसनीय अध्ययन बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण नै हो । यस अध्ययनले आमाबाबु दुवै वा आमा वा बाबु नभएका बालबालिकाको तथ्याङ्क देहाय बमोजिम देखाएको छ ।

---

२ हेर्नुहोस् http://cbs.gov.np/nada/index.php/catalog/50 (Nepal - Vital Event Registration Baseline Mini Survey 2015) (मिति फागुन १७, २०७४ मा उपलब्ध) ।

**तालिका ५: बालबालिकाका आमाबाबु भए नभएको स्थिति**

| | संख्या | प्रतिशत |
|---|---|---|
| १. आमाबाबु दुवै भएका बालबालिका | २१७६५ | ९५.२ |
| २. आमाबाबु दुवै मृत्यु भएका बालबालिका | ४६ | ०.२ |
| ३. आमा वा बाबुमध्ये एकजना मात्र जीँउदो भएका बालबालिका | ९१४ | ४ |
| ३.१ बाबुको मृत्यु भएका | ६४० | ७० |
| ३.२ आमाको मृत्यु भएका | २७४ | ३० |
| ४. विवरण उपलब्ध नभएको | १३७ | ०.६ |
| **कुल** | **२२,८६२** | **१००** |

(स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ पेज २००)

बहुसूचकाङ्क क्लस्टर सर्वेक्षणले आमाबाबु दुवै भएका बालबालिका ९५.२ प्रतिशत, आमाबाबु दुवै गुमाएका बालबालिका ०.२ प्रतिशत बालबालिका र आमाबाबुमध्ये एक भएका बालबालिका ४ प्रतिशत देखिएको छ । आमाबाबुमध्ये एक नभएका बालबालिकामध्ये ७० प्रतिशत बालबालिकाको बाबुको मृत्यु भएको पाइन्छ भने ३० प्रतिशतको आमाको मृत्यु भएको पाइन्छ ।

*आ) बालबालिकाको बसाई स्थिति*

केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण २०७१ अनुसार बालबालिकाको बसाइको स्थिति तलको तालिकामा दिइएको छ। तलको तालिकाले ५२० समुदायका २२,८६२ बालबालिका रहेबसेको स्थिति देखाँउदछ ।

**तालिका ६: बालबालिकाको बसाइको स्थिति**

| रहेवसेको स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| १. आमाबाबु दुवैसंग | १५८६६ | ६९.४ |
| २. आमामात्र संग | ५३९६ | २३.६ |
| बाबुको मृत्यु भएकाले | (५७१) | (२.५) |
| अन्य कारणले | (४८२४) | (२१.१) |
| ३. बाबुसंग मात्र | ३६५ | १.६ |
| आमाको मृत्यु भएकाले | (२०५) | (०.९) |
| अन्य कारणले | (१६०) | (०.७) |
| ४. आमा वा बाबु वाहेक अरुसंग | १०९७ | ४.८ |
| आमाबाबु दुवैको मृत्युले | ४६ | ०.२ |
| आमाबाबु दुवै जीउँदो भए पनि अन्य कारणले | ९१४ | ४ |
| आमा जीँउदो भए पनि कुनै कारणवश | ६८ | ०.३ |
| बाबु जीँउदो भए पनि कुनै कारणवश | ६९ | ०.३ |
| अन्य कारणले | | |
| ५. विवरण खुल्न नसकेको | १३७ | ०.६ |
| | २२,८६२ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ (पेज २००)

यस तथ्याङ्कले ९४.६ प्रतिशत बालबालिकाको स्याहार-सम्भार आमाबाबु दुवै वा आमा वा बाबु मध्ये एकले नै गरेको देखिन्छ । बाँकी ५.४ प्रतिशत बालबालिका मात्र आमाबाबु बाहेक अन्य व्यक्तिहरुले स्याहार गरेको पाइन्छ । यस तथ्याङ्कमा ती बालबालिका कोसंग छन् भन्ने विस्तृत विवरण भने छैन ।

तालिका ५ र तालिका ६ को तुलनात्मक अध्ययनले आमाबाबु दुवै भएका बालबालिका ९५.२ प्रतिशत देखाए पनि आमाबाबुसंग बसेका बालबालिका भने ६९.४ प्रतिशत मात्र देखाएको छ । अर्थात २५.८ प्रतिशत बालबालिका आमाबाबु दुवै भए पनि एकजनासंग वा अरुसंग रहेको देखिएको छ । आमाबाबुमध्ये एकजनासंग रहने बालबालिकामा आमासंग रहने बालबालिका २३.६ प्रतिशत देखिएको छ भने बाबुसंग रहने बालबालिका ०.७ प्रतिशत मात्र देखिएको छ । आमासंग रहने बालबालिका भित्र बाबुको मृत्यु भएका कारणले मात्र आमासंग रहने बालबालिका २.५ प्रतिशत छन् भने अन्य कारणले आमासंग रहने बालबालिका २१.१ प्रतिशत छन् । माथि तालिका ४ को तथ्याङ्कसंग तुलना गर्दा वहुविवाह गर्ने पुरुष ८० प्रतिशत र महिला मात्र २० प्रतिशत देखिएकाले पुरुषहरुले वहुविवाह गरी अरुसंग घरजम गर्ने भएकाले पनि बालबालिका आमासंग मात्र रहेका हुन् कि भन्ने देखिन्छ । अर्को तर्फ बाबुहरुले आफ्ना बालबालिकालाई हेर्नुपर्ने कारणमा श्रीमतिको मृत्यु प्रमुख देखिन्छ ।

*इ) वैदेशिक रोजगारी र बालबालिकाको बसाई स्थिति*

नेपालका युवाशक्ति धेरै देश बाहिर रहेको परिस्थितिमा बालबालिका भएका आमाबाबु बाहिर भए नभएको तथ्याङ्क पनि यस सर्वेक्षणले निकालेको छ ।

**तालिका ७: बालबालिकाको आमाबाबु देशबाहिर वा भित्र**

| | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आमाबाबु दुवै देशमा नै | १८,७०१ | ८१.८ |
| आमा देश बाहिर | ११४ | ०.५ |
| बुवा देश बाहिर | ३,८८७ | १७ |
| आमाबुवा दुवै देश बाहिर | १६० | ०.७ |
| | **२२,८६२** | **१००** |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहुसूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ (पेज २००)

यस सर्वेक्षणले नेपाली बालबालिकाको ८१ प्रतिशत आमाबाबु दुवै देशभित्र नै रहेको देखाँउदछ । ८१ प्रतिशत आमाबाबु देश भित्र भए पनि ६९.४ प्रतिशत बालबीलका मात्र आमाबाबुसंग छन् । यो तथ्याङ्कले ०.७ प्रतिशत बालबालिकाका आमाबाबु दुवै देश बाहिर रहेको देखाएको छ तर यी बालबालिका कसको संरक्षणमा कहाँ छन् भन्ने विस्तृत विवरण भने यस प्रतिवेदनले देखाएको छैन । तर यस अध्ययनले स्याहार सम्भार गर्ने आमाबाबु देश भित्र नहुँदैमा बालबालिका अनाथ नहुने तथ्य भने उजागर गरेको छ भने वैदेशिक रोजगारीमा गएका कारणले वैकल्पिक स्याहारमा जाने बालबालिका बढ्न सक्ने सम्भावना तर्फ पनि इंगित गरेको छ ।

# अध्याय- चार

# अनाथ, आफन्त तथा अन्य व्यक्तिको संरक्षणमा रहेका बालबालिकाको स्थितिसम्बन्धी स्थलगत अध्ययनको विश्लेषण

अनाथ, आफन्त तथा अन्य व्यक्तिको संरक्षणमा रहेका बालबालिकाको स्थितिसम्बन्धी स्थलगत अध्ययनका क्रममा सम्बन्धित बालबालिका, एकल बाबु वा आमा तथा आफन्त एवम् अन्य संरक्षक लगायत समुदायका व्यक्तिहरुसंग सूचना सङ्कलन गरिएको थियो । सूचना सङ्कलन गर्ने क्रममा जिल्ला बालकल्याण समितिको अभिलेखबाट अनाथ वा आमाबाबुमध्ये एकजनासंग मात्र बसेका वा आमाबाबु दुवै वा एक भए पनि संरक्षकसंग बसेका ४७० जना बालबालिका र उनीहरुलाई संरक्षकत्व प्रदान गर्ने ४२५ जना आफन्तहरु लगायत १३३ समुदायका २०३ व्यक्तिहरुसंग छलफल गरिएको थियो । तलका तालिकाहरु मार्फत सूचना प्रदायकहरु तथा उनीहरुले प्रदान गरेको जानकारी र त्यसको विश्लेषण प्रस्तुत गरिएकोछ ।

**क) बालबालिकाको उमेर समूह**

सूचना प्रदायक बालबालिकाको उमेर समूहलाई तालिका नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ बालबालिकाको उमेर समूह**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| ५वर्ष वा सोभन्दा मुनी | ३० | ६.४ |
| ६ देखि १० वर्ष | १२९ | २७.४ |
| ११ देखि १५ वर्ष | २७६ | ५८.७ |
| १६ देखि १८ वर्ष | ३५ | ७.४ |
| **जम्मा** | **४७०** | **१००** |

बालबालिकामध्ये सबैभन्दा धैरै ५८.७ प्रतिशत बालबालिका ११ देखि १५ वर्ष उमेर समूहका, २७.४ प्रतिशत  बालबालिका ६ देखि १० वर्ष उमेर समूहका, ७.४ प्रतिशत उत्तरदाता १६ देखि १८ वर्ष उमेर समूहका र बाँकी ६.४ प्रतिशत बालबालिका ५ वर्ष वा सोभन्दा कम उमेर समूहका थिए ।

**ख) संरक्षक, बालबालिका तथा समुदायको जिल्लागत विवरण**

अध्ययनको क्रममा खासगरी गुणात्मक सूचना सङ्कलनका लागि उद्देश्यमूलक नमुनाबाट स्थलगत सूचना सङ्कलन गर्न पूर्वमा मोरङ जिल्लादेखि पश्चिममा डडेलधुरा जिल्लासम्मको गरी जम्मा २३ वटा जिल्लाहरु

समेटिएका थिए । उक्त जिल्लाहरुका १३३ वटा समुदायबाट २०३ जना समुदायका व्यक्तिहरु, ४२५ बालबालिकाका संरक्षक तथा घरमुलीहरु र ४७० जना लक्षित बालबालिकासंग छलफल गरी सूचना सङ्कलन गरिएको थियो । विस्तृत विवरण अनुसूची ४ मा दिइएको छ ।

संरक्षकसंग अन्तर्वार्ता लिने क्रममा सबै भन्दा धेरै २८ जना संग दोलखा जिल्लामा त्यस्तै कास्कीमा २७ जनासंग र चितवन तथा दैलेख जिल्लामा २६ जनासंग अन्तर्वार्ता गरियो । बालबालिकामध्ये सबैभन्दा धेरै ३० जना संग कास्कीमा, डडेलधुरामा ३० जना संग र चितवन तथा दोलखामा २८ जना संग अन्तर्वार्ता लिइयो ।

१३३ समुदायका २०३ जनासंग गरिएको छलफलमा सबै भन्दा धेरै सिन्धुपाल्चोकमा २६ जना, काठमाण्डौमा १७ जना, ललितपुर र नुवाकोटमा १५-१५ जना, रसुवा र धनुषामा ११-११ जना, काभ्रे र मोरङमा १०-१० जनासंग छलफल गरिएको थियो । सबै भन्दा कम ओखलढुंगा जिल्लामा ४ जना संरक्षक, ४ जना बालबालिका र २ जना समुदायका सदस्यसंग छलफल गरिएको थियो ।

### ग) संरक्षक, समुदाय र बालबालिकाको लैङ्गिक विवरण

तलको तालिकाले उत्तरदाता बयस्क एवम् बालबालिकाको लैङ्गिक विवरण देखाउँदछ ।

**तालिका ९: उत्तरदाताको लैङ्गिक विवरण**

| | बालबालिका / पुरुष | | बालिका / महिला | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| बालबालिका : ४७० जना | २२८ | ४८.५ | २४२ | ५१.५ |
| संरक्षक : ४२५ जना | २०० | ४७ | २२५ | ५३ |
| समुदायः २०३ जना | १३८ | ६८ | ६५ | ३२ |
| **कूल** | **१०९८** | | | |

अन्तर्वार्ता लिइएका जम्मा ४७० जना अनाथ, एकल बाबु वा आमा र आफन्तको संरक्षणमा रहेका बालबालिकामध्ये ५१.५ प्रतिशत बालिका (२४२ जना) र ४८.५ प्रतिशत बालक (२२८ जना) रहेका थिए । त्यस्तै जम्मा ४२५ जना संरक्षकसंग अन्तर्वार्ता लिइएकोमा २२५ जना महिला (५३%) रहेका थिए । २०३ जना समुदायका सदस्यहरुमध्ये ६५ जना महिला (३२%) महिला थिए । यी उत्तरदाताबाट लक्षित बालबालिकाको स्थितिबारे विविध सूचना सङ्कलन गरिएको छ ।

### घ) संरक्षित बालबालिकाको विवरण

अध्ययनमा जम्मा ४२५ जना घरमुली वा संरक्षकले ५४४ जना बालबालिका (१-६ जनासम्म) लाई लालनपालन गरेको पाइएको थियो । जसमध्ये बालिका २९० (५३ %) र बालक २५४ (४७ %) रहेका थिए । ।

### ङ) पालनपोषण गर्ने व्यक्ति र बालबालिकाको नाता सम्बन्ध

छलफल गरिएका ४७० जना बालबालिकाले दिएको जानकारी अनुसार संरक्षकसंगको नाता सम्बन्ध तलको तालिकामा दिएको छ ।

**तालिका नं. १०: बालबालिकाको पालनपोषण गर्नेसंगको नाता सम्बन्ध**

| संरक्षक | संख्या | प्रतिशत |
|---|---|---|
| आमा | ११९ | २५. ३ |
| बाबु | ३२ | ६.८ |
| दाजु/भाउजु | २२ | ४.७ |
| दिदी/फुपु/भिनाजु | २२ | ४.७ |
| हजुर बुबा/हजुर आमा | १७९ | ३८.० |
| मामा माइजु | ३४ | ७.३ |
| ठूलो बुबा/ठूलो आमा वा काका काकी | ४५ | ९.६ |
| अन्य | १७ | ३.६ |
| **जम्मा** | **४७०** | **१००** |

माथिको तालिका अनुसार सबैभन्दा धरै ३८ प्रतिशत बालबालिका आफ्ना हजुर बुबा/हजुर आमासंग बस्ने गरेको पाइएको छ । त्यस्तै २५ प्रतिशत बालबालिका आमासंग र झण्डै १० प्रतिशत बालबालिका ठूलो बुबा/ठूलो आमा वा काका काकीसंग बस्ने गरेको पाइयो । नजिकको नातेदारबाहेक अन्य संरक्षकसंग रहेबसेका बालबालिका सबभन्दा कम अर्थात ३.६ प्रतिशत मात्र रहेको छ ।

आमा, बुबा, हजुरबुबा/हजुरआमा बाहेक अन्य धेरै संरक्षकले बालबालिकालाई संरक्षण दिँदा परेका समस्यामा प्रायले आर्थिक भार बढेको, बालबालिकालाई हेरचाह गर्न गाह्रो भएको बताएका थिए । आफ्ना बालबालिका भएकाले संरक्षणमा रहेका बालबालिका कतै बालगृहमा राख्न पाए वा कुनै संस्थाले हेरी दिए राम्रो हुने बताएका थिए । हजुरबुबा/हजुरआमाले आफुले बालबालिकालाई पालनपोषण गर्न इच्छुक हुँदाहुँदै आफ्नो ढल्किँदै गरेको उमेरले गर्दा आफ्नो मृत्युपछि कसले हेरचाह गर्ला भनी चिन्ता लाग्ने गरेको बताएका थिए । आमाहरुले भने आर्थिक अभावलाई मुख्य समस्याको बारेमा बताएका थिए । आमाहरुले एकल महिला भत्ताबाट प्राप्त रकमले बालबालिकाको शैक्षिक तथा अन्य खर्च धान्ने गरेको बताएका थिए ।


### च) संरक्षक परिवारको आर्थिक स्थिति

यस अध्ययनले संरक्षण गर्ने परिवारको आर्थिक स्थितिको बारेमा पनि सूचना सङ्कलन गरेको थियो । यसबारे समुदायका अन्य व्यक्तिहरुसंग पनि छलफल गरी सूचना सङ्कलन गरिएको थियो । आर्थिक स्थितिलाई विश्लेषणका निमित्त क) न्यून, ख) मध्यम, र ग) राम्रो गरी तीनवटा समूहमा प्रतिक्रिया लिइएको थियो । न्यूनको अर्थ बिहान बेलुका पेट भर्नका निमित्त सँधै काम गर्नुपर्ने, मध्यमको अर्थ आफ्नो खेती वा पेशाका

आधारमा ६ महिनासम्म खान पुग्ने र राम्रोमा १ वर्षसम्म आफ्नो खेती वा पारिवारिक आयबाट खान पुग्ने भनी व्याख्या गरिएको थियो ।

समुदायसंगको छलफलमा आएको उत्तरलाई तलको चित्रमार्फत देखाइएको छ ।

**चित्र नं. १ बालबालिका बसेको घरको आर्थिक अवस्था**




समुदायका २०३ जना उत्तरदाताहरुसंगको छलफलमा आधाभन्दा बढीले (५३%) बालबालिकालाई संरक्षण दिएको घरपरिवारको आर्थिक अवस्था दयनीय रहेको बताए भने ४२ प्रतिशत घरपरिवारको आर्थिक अवस्था ठीकै रहेको र मात्र ५ प्रतिशत घरपरिवारको आर्थिक अवस्था सबल रहेका पाइयो । यसरी आधाभन्दा बढी घर परिवारको दयनीय आर्थिक अवस्थाले गर्दा बालबालिकाले उचित शिक्षा दिक्षा र लालनपालन नपाएको, बालश्रम गर्नु परेको वा श्रममा जानु पर्ने जोखिम रहेको भन्ने समुदायको धारणा देखिन्छ । यसबाट अनाथ, एकल बाबु वा आमा एवम् आफन्त लगायत अन्यको संरक्षणमा रहेबसेका बालबालिकाको आधारभूत सेवासुविधाका लागि सरकारी स्तरबाट सहयोगको व्यवस्था हुन नितान्त आवश्यक देखिएको छ ।

### छ) परिवार र संरक्षित बालबालिकाको संख्या

तलको तालिकामा ४२५ जना संरक्षकले पालनपोषण गरेको ५४४ जना बालबालिकाको विवरण दिइएको छ ।

**तालिका नं. ११: संरक्षक र संरक्षित बालबालिका**

| बालबालिका | संख्या | प्रतिशत | जम्मा बालबालिका |
|---|---|---|---|
| १ जना | ३५१ | ८२.६ | ३५१ |
| २ जना | ४४ | १०.४ | ८८ |
| ३ जना | १८ | ४.२ | ५४ |
| ४ जना | १० | २ .४ | ४० |
| ५ जना | १ | .२ | ५ |
| ६ जना | १ | .२ | ६ |
| **जम्मा** | **४२५** | **१००** | **५४४** |

माथिको तालिकाले सबैभन्दा बढी झन्डै ८३ प्रतिशत संरक्षकहरुले १ जना बालबालिकालाई संरक्षण दिइ रहेको, १० प्रतिशत संरक्षकहरुले २ जना बालबालिकालाई र सबैभन्दा कम झन्डै ०.२ प्रतिशत ले ५ जना र ६ जना बालबालिकालाई संरक्षण दिएको पाइयो । यसबाट एकभन्दा बढी बालबालिकालाई संरक्षण दिइरहेका संरक्षकका लागि सरकार वा अन्य संस्थाको निरन्तर सहयोगको आवश्यकता नै पर्दछ भने ३ वा सोभन्दा बढी बालबालिकालाई संरक्षण प्रदान गर्ने संरक्षक वा परिवारका लागि निरन्तर सहयोगको नितान्त आवश्यक पर्न सक्दछ ।

### ज) संरक्षित बालबालिकाको आमाबाबुको स्थिति

तलको तालिकामा संरक्षित ५४४ मध्ये ४७० बालबालिकाको पारिवारिक स्थिति दिइएको छ । बालबालिकासंगको समूह छलफल र पुरक अन्तर्वार्ताको आधारमा यो विवरण तयार पारिएको हो । तलको तालिकामा बालबालिकाका आमाबाबु जीवित भए नभएको जानकारी दिइएको छ ।

**तालिका नं.१२: संरक्षित बालबालिकाको आमाबाबुको स्थिति**

| स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| आमा बाबु दुवैको मृत्यु भएको | २८ | ५.८८ |
| आमाको मात्र मृत्यु भएको | १४१ | ३०.११ |
| बाबुको मृत्यु भएको | २६० | ५५.२९ |
| आमा सम्पर्क विहीन | ११ | २.३५ |
| बाबु सम्पर्क विहीन | ३० | ६.३५ |
| **जम्मा** | **४७०** | **१००** |

माथिको तालिकाले अध्ययनमा समेटिएका ४७० जना बालबालिकामध्ये ५५.२९ प्रतिशत बालबालिकाको बाबुको मृत्यु भएको, ३०.११ प्रतिशत बालबालिकाले आमाको मृत्यु भएको र ५.८८ प्रतिशत बालबालिकाले आमाबाबु दुवैको मृत्यु भएको पाइएको छ । सम्पर्क विहीन आमाबाबुको मृत्यु भएको अनुमान गर्न उचित हुदैन । नेपाली समाजमा आमाबाबुको मृत्यु भएको कुरा उसको परिवारलाई थाहा नहुने भन्ने कुरा अपवादात्मक मात्र हो । तसर्थ सम्पर्कमा नरहेका ८.७ प्रतिशत आमा वा बाबु पनि फर्केर बालबालिकालाई संरक्षणमा लिँदैनन् भनी अनुमान गर्नु पनि उपयुक्त हुँदैन । राज्यको उचित कार्यक्रमले उनीहरुलाई फर्काउने सम्भावना रहन्छ ।


### झ) संरक्षित बालबालिकाको शैक्षिक स्थिति

स्थलगत अध्ययनको क्रममा बालबालिकाको शैक्षिक स्थिति अन्तर्गत विद्यालय जाने, नजाने, विद्यालय जानेहरुको पढाइको स्थितिबारे संरक्षक र बालबालिका दुवैसंग छलफल गरिएको थियो । संरक्षकहरुले दिएको जानकारी अनुसार कूल ४७० जना बालबालिकामध्ये ४२८ (९१.०५ प्रतिशत) जना विद्यालय जाने जानकारी दिएका थिए भने बालबालिकाले दिएको जानकारी अनुसार ४२९ (९१.२७) जना विद्यालय

जाने जानकारी दिए । यसबाट छलफल गरिएका ४७० बालबालिकामध्ये करिब ९ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको देखिएको छ । यसमध्ये ५ वर्षभन्दा कम उमेरका बालबालिका ३० जना अर्थात ६ प्रतिशत देखाएकाले पूर्व प्राथमिक विद्यालयलाई नजोड्दा करिव ३ प्रतिशत बालबालिका मात्र विद्यालय नगएको देखिन्छ । यी बालबालिका विद्यालय जाने उमेर नभएको, विद्यालय टाढा भएको, परिवारमा पढ्नको लागि वातावरण नभएको र धेरै जसो संरक्षकले आर्थिक अभाव भएको बताएका थिए ।

यस अध्ययनले विद्यालय जाने बालबालिकाको पढाइको स्थिति कस्तो छ भनी संरक्षकलाई सोधिएको थियो । पढाई राम्रो हुनुको अर्थ बालबालिका विद्यालयका जान्ने बालबालिका मध्ये गनिनु, पहिलो दश जना भित्र पर्नु हो भने । ठिकठिकै रहनुको अर्थ पास हुनु तर विद्यलयको जान्ने भित्र र पहिलो दश जना भित्र नपर्नु पनि हो । कमजोर भित्र विद्यालय सबै विषयमा पास नहुनु, फेल समेत हुन सक्ने सम्भावना रहेको भनेर सूचक निर्धारण गरिएको थियो । संरक्षकले व्यक्त गरेको धारणालाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. २ पढाइको स्थिति**




माथिको चित्रले बालबालिकाको पढाइको अवस्था दर्शाउँछ । बिद्यालय जाने ४२९ जना बालबालिकामध्ये आधा भन्दा बढी झण्डै ५६ प्रतिशत बालबालिकाको पढाइ ठिकठिकै रहेको, २३ प्रतिशत बालबालिकाको पढाइ राम्रो रहेको र २१ प्रतिशतको पढाइ कमजोर रहेको जानकारी पाइयो ।

### ञ) संरक्षित बालबालिका र घरायसी काममा उनीहरुको संलग्नता

संरक्षित बालबीलकाले के कस्ता काम गर्दछन्? उनीहरु घरभित्रका काममा मात्र संलग्न छन् वा घरबाहिरका आर्थिक उपार्जन हुने काममा पनि संलग्न छन्? भनी बालबालिका, संरक्षक र समुदायसंग सोधपुछ तथा छलफल गरिएको थियो । उक्त सोधपुछ एवम् छलफलबाट प्राप्त बालबालिकाको घरयासी तथा घर बाहिरको कार्यमा संलग्नताको संक्षिप्त विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १३ बालबालिकाको घरायसी र घर बाहिरको कार्यमा संलग्नता**

| कार्यहरु | समुदायको उत्तर | | बालबालिकाको उत्तर | | संरक्षकको उत्तर | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **१. घरायसी काम** | | | | | | |
| खाना पकाउने | ११९ | २०.१ | २२० | १८.५ | १९६ | २३.५ |
| सरसफाई गर्ने | ११७ | १९.८ | २४८ | २०.९ | २१० | २५.२ |
| भाई बहिनी हेर्ने | ९३ | १५.७ | ८५ | ७.२ | ७२ | ८.६ |
| गाई बस्तु हेर्ने | ५५ | ९.३ | १४४ | १२ .१ | १५० | १८ .० |
| घाँस दाउरा गर्ने | ७१ | १२.० | १५६ | १३ .२ | १५२ | १८ .२ |
| कपडा धुने र भाँडा माझ्ने | १२२ | २०.६ | २५८ | २१.८ | ० | ० |
| **२. घर बाहिरको काम** | | | | | | |
| मेलापात जाने, भारी बोक्ने, बालुवा बोक्ने आदि | १४ | २.४ | ७५ | ६.३ | ५४ | ६.५ |
| **जम्मा** | **५७७** | **१००** | **११८६** | **१००** | **८३४** | **१००** |

अन्तर्वार्ता लिइएका बालबालिकाको भनाई अनुसार सबैभन्दा बढी करिब ७० प्रतिशत बालबालिकाले कपडा धुने, भाँडा माझ्ने, घरको सरसफाई गर्ने जस्ता घरायसी काम गरेको पाइयो । ६० प्रतिशत संरक्षकहरुले भने उनीहरुले संरक्षित बालबालिकालाई खाना पकाउने, सरसफाइका काममा भने लगाएको तर कपडा धुने र भाँडा माझ्ने काममा लगाँउदै नलगाएको बताएका छन् । त्यस्तै, समुदायका व्यक्तिहरु अनुसार ९० प्रतिशतभन्दा बढी बालबालिका कपडा धुने र भाँडा माझ्ने जस्ता काममा संलग्न हुने गरेको जानकारीमा आएको छ । समग्रमा अधिकांश बालबालिका घरघरायसी काममा लाग्ने देखिएको छ ।

७५ जना (१६ %) बालबालिकाले आफुहरु घर बाहिरको काममा पनि संलग्न रहेको बताएका थिए । जसमध्ये सबै भन्दा धरै बालबालिका बाल भरिया (भारी वा बालुवा बोक्ने) को रुपमा त्यसपछि मेलापातको र त्यसपछि गिट्टी कुट्ने, दैनिक ज्याला मजदुरी गर्ने, सवारी साधनमा काम गर्ने र क्याटरीङ्गमा काम गर्ने बताएका थिए । यसरी ७५ जना बालबालिकाले घर बाहिर काम गर्न गएता पनि पढाई नै छोडेर काममा संलग्न भएका बालबालिका जम्मा ८ जना मात्र देखियो । माथि ४.२ को तालिकाले विद्यालय जाने उमेर भए पनि विद्यालय बाहिर रहेका बालबालिका ११ जना मात्र रहेको देखाएको छ । जसमध्ये ८ जना बालबालिका घर बाहिरको काम वा बालश्रमिकका रुपमा काम गरेकाले विद्यालय नगएको भन्ने देखिन्छ । बालबालिकाले दिएको यो उत्तरसंग संरक्षकले दिएको उत्तर पनि मिल्न जान्छ । संरक्षकहरुमध्ये ५४ जना (अर्थात १२%) ले बालबालिका घर बाहिरको काम जस्तै मेलापात, भारी बोक्ने, बालुवा तथा भारी बोक्ने जस्ता काम बताएका थिए । उनीहरुले पनि करिब ६ जना बालबालिका पढाइ छोडेर काममा संलग्न भएको बताएका थिए । समुदायका व्यक्तिहरुमध्ये १४ जना (अर्थात १९%) ले बालबालिकालाई घर बाहिरको

काममा लगाएको बताए तर उनीहरुले यकीन गरी कति बालबालिकालाई विद्यालय नपठाइकन काममा लगाइएको छ भन्न सकेनन् । बालबालिकाको भनाइलाई आधार मान्दा पनि १६ प्रतिशत बालबालिका घरबाहिरको काममा संलग्न देखियो र जसमध्ये करिव ११ प्रतिशत बालबालिका घरबाहिरको काममा कारणले विद्यालय जान नपाएको देखिएको छ ।

### ट) संरक्षित बालबालिका र दुर्व्यवहार

यस अध्ययनले संरक्षित बालबालिकालाई हेप्ने, ज्यादै मन नपर्ने गरी जिस्काउने, कुटपीट गर्ने तथा शारीरिक सजायका बारेमा सोधपुछ गरेको थियो । अवलम्वन गरिएको अध्ययनको विधिले यी घटनाहरु यकिन थाहा नहुने हुँदा गाली गर्ने, हेप्ने, जिस्काउने र पिटाई खाने कुरालाई मात्र आधार बनाइएको थियो । बालबालिकाबाट प्राप्त उत्तरलाई देहायको उपशिर्षकहरुमा देखाइएको छ ।

*१) गाली गलौजको स्थिति*

४७० जना बालबालिकामध्ये कति जनाले अहिले सम्म गाली पाएको छ भनी सोधिएको थियो । उनीहरुले दिएको जानकारी अनुसार ३६२ जना (७७%) ले बेलाबेला गाली पाएको र बाँकी १०८ (२३%) ले कुनै पनि किसिमको गाली पाउने नगरेको बताए ।

*२) बालबालिकालाई हेप्ने वा जिस्काउने कार्य*

बालबालिकालाई घर, छिमेक वा विद्यालयमा के कस्ता खालका हेप्ने र दुर्व्यवहार हुन्छन् भनी समुदायका व्यक्तिहरुलाई सोधिएको थियो । उत्तरको सारसंक्षेपलाई तलको तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ बालबालिकालाई हेप्ने वा ज्यादै मन नपर्ने गरी जिस्काउने काम**

| बालबालिकालाई हेप्ने वा ज्यादै मन नपर्ने गरी जिस्काउने कार्य | समुदाय | बालबालिका |
|---|---|---|
| हुन्छ | १२० (५९ प्रतिशत) | १४० (३० प्रतिशत) |
| हुँदैन | ८३ (४१ प्रतिशत) | ३३० (७० प्रतिशत) |
| | **२०३** | **४७०** |

२३ वटा जिल्लामा जम्मा २०३ जनासंग छलफल गर्दा १२० जना (५९ प्रतिशत) ले बालबालिकालाई घर, छिमेक तथा विद्यालयमा हेप्ने, जिस्काउने कार्य आफुहरुले देखे सुनेको बताएका थिए । बालबालिकासंगको अन्तर्वार्तामा भने झण्डै ३० प्रतिशत (१४० जना) बालबालिकाले मात्र हेप्ने वा ज्यादै मन नपर्ने गरी जिस्क्याउने गरेको बताएका थिए । घरमा, छिमेकमा र विद्यालयमा साथीहरु तथा शिक्षकहरुले बिभिन्न उपनामहरु दिएर जिस्काउने गरेको, अनाथ बालबालिका भनेर भेदभाव गर्ने गरेको, काममा लगाउने गरेको, गाली गलौज गर्ने गरेको, आमा बाबुको बारेमा विभिन्न नराम्रा कुरा गर्ने गरेको बताएका थिए । केही बालबालिकाले आफ्ना आमा वा बाबु तथा बालबालिका विशेष गरी बालिकालाई विवाह गर्न दवाब दिने गरेको बताएका थिए ।

संरक्षित बालबालिकासंग दुर्व्यवहार हुने स्थानबारे समेत छलफल गरिएको थियो। प्राप्त उत्तरको सारसंक्षेपलाई तालिका ४.८ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १५ बालबालिकालाई दुर्व्यवहार हुने स्थान**

| स्थान | बालबालिकाको उत्तर | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| घर | ४४ | २३.७ |
| विद्यालय | ८७ | ४६.८ |
| छिमेक | ५५ | २९.६ |
| **जम्मा** | **१८६** | **१००** |

छलफल गरिएका बालबालिकाका अनुसार उनीहरुले सबैभन्दा बढी ६२ प्रतिशतले विद्यालयमा साथीहरुले र यदाकदा शिक्षकले पनि हेप्ने र जिस्क्याउने गरेको बताएका थिए। त्यस्तै ३९ प्रतिशत बालबालिकाले आफुहरुलाई छिमेकमा र ३१ प्रतिशत बालबालिकाले घरमा हेप्ने र जिस्क्याउने गरेको बताएका थिए।

माथिको तथ्यले संरक्षित बालबालिका आफ्नै घर तथा विद्यालयमा पनि केही ढुक्क नभएको स्थिति देखाँउदछ। यस तथ्यले बालबीलकाको सकारात्मक मनोवैज्ञानिक विकासमा प्रतिकुल असर पर्ने एवम् बालबालिकाले विद्यालय छाड्ने जोखिम देखिन्छ।

**३) शारीरिक सजायको अवस्था**

छलफल गरिएका जम्मा ४७० जना बालबालिकामध्ये ३३० (७० प्रतिशत) बालबालिकाले शारीरिक सजाय नपाएको बताए तर बाँकी १४० जना (३० प्रतिशत ) बालबालिकाले भने आफुहरुले शारीरिक सजाय नै पाउने बताएका थिए। शारीरिक सजायमा थप्पड हान्ने, घुच्याउने, धकेल्ने, लठ्ठीले हान्ने, बाँधेर कुट्ने कार्यहरु गरेको पाइयो । जसको विवरण तलको तालिकामा दिइएको छ। तालिका ४.९ मा बालबालिकाले पाउने गरेको गाली तथा शारीरिक सजायको विवरण प्रस्तुत गरिएको छ।

**तालिका नं. १६ शारीरिक सजायको प्रकृति**

| उत्तर | शारीरिक सजाय | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| अलिअलि (थप्पड हान्ने, धकेल्ने, घुच्याउने) | १०८ | ७७.१ |
| ठीकै (लठ्ठीले हान्ने) | ३० | २१.४ |
| साह्रै कठोर (बाँधेर कुट्ने, पानी खनाइ दिने) | २ | १.४ |
| **जम्मा** | **१४०** | **१००** |

गाली तथा शारीरिक सजायको प्रकृतिलाई हेर्दा सबैभन्दा बढी अलिअलि मात्र सजाय हुने गरेको देखिन्छ। साह्रै कठोर सजाय पाउने गरेको भनी जानकारी प्राप्त भएकोमा १.४ प्रतिशत बालबालिका रहेका छन्।

### ड) बालबालिकाको पालनपोषणमा संरक्षकले भोगेका समस्या

बालबालिकाको पालनपोषणमा संरक्षकले भोगेका र महशुस गरेका विषयमा पनि छलफल गरिएको थियो । संरक्षकहरुबाट प्राप्त उत्तरलाई तल तालिका नं. ४.१० मा उल्लेख गरिएको छ ।

**तालिका नं. १७ बालबालिकालाई पालनपोषण गर्ने संरक्षकले भोगेका समस्याहरु**

| समस्याहरु | संरक्षकको उत्तर | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| शिक्षासम्बन्धी समस्या | १७१ | २५.१ |
| स्वास्थ्य खर्च धान्न गाह्रो | ५३ | ७.८ |
| पोषण तथा खानाको अभाव | ६५ | ९.५ |
| लत्ता कपडाको समस्या | ३९ | ५.७ |
| भनेको नमान्ने र झगडा गर्ने | १९ | २.८ |
| आर्थिक समस्या | १२१ | १७.८ |
| खासै कुनै समस्या छैन | ६२ | ९.१ |
| बासको समस्या | ३ | ०.४ |
| हेरचाह र पालन पोषण मा समस्या | ८५ | १२.५ |
| संरक्षणको समस्या | ८ | १.२ |
| बालबालिकाको आवस्यकता र इच्छा पुरा गर्न नसक्नु | १३ | १.९ |
| जन्मदर्ता र नागरिकता बनाउन समस्या | ६ | ०. ९ |
| काम गर्न जान समस्या | ४ | ०.६ |
| अन्य | ३२ | ४.७ |
| **जम्मा** | **६८१** | **१००** |

माथिको तालिकाको वहुउत्तरमा १६ प्रतिशत संरक्षकले बालबालिकालाई संरक्षण गर्ने क्रममा केही समस्या नरहेको बताएका थिए भने ३१ प्रतिशत संरक्षकले आर्थिक समस्या परेको बताएका थिए । शिक्षासम्बन्धी समस्या, पोषणसम्बन्धी समस्या, लत्ता कपडा पुऱ्याउन नसकेको समस्या, बालबालिकाको आवश्यकता र इच्छा पुरा गर्न नसकेको समस्याहरु पनि रहेका छन् । आर्थिक अभाव भएका कारणले बालबालिकाको शिक्षा, स्वास्थ्य, खाना र लुगा आदिमा ध्यान दिन नसकिएको भनी संरक्षकले भनेको पाइएको थियो ।

संरक्षकहरुमध्ये ४४ प्रतिशतले शिक्षासम्बन्धी समस्या भोगेको बताएका छन् । जसको अर्थ बालबालिकालाई विद्यालय निरन्तर पठाउन, विद्यालयका लागि चाहिने शैक्षिक सामाग्री (विद्यालय पोषाक, कपी, कलम, झोला आदि) को जोहो गर्न तथा बालबालिकालाई पढ्ने र गृहकार्य गर्ने समय जुटाइदिन गाह्रो परेको बताएका छन् । शिक्षासम्बन्धी समस्या भित्र परेका यी सबै कुराहरु आर्थिक अभावसंग जोडिएका विषय हुन् । आर्थिक समस्या बाहेक शिक्षा भित्र बालबालिका आफै विद्यालय जान नखोज्ने, राम्ररी नपढीदिने कार्य पनि समस्याको रुपमा देखिएको छ ।

यी बाहेक बालबालिकालाई संरक्षण गर्दा देखिएका अन्य समस्याहरु निम्न बमोजिमका छन् ।

- पर्याप्त खाना खुवाउन नसकेको,
- आवश्यकता अनुसार लुगा कपडा दिन नसकेको,
- बालबालिकाले संरक्षकले अह्राएको वा भनेको कुरा नमान्ने, अटेर गर्ने, साथीहरुको साथमा हिड्ने, खोलामा पौडी खेल्न जाने आदि,
- अन्य बालबालिका तथा घरका अन्य बालबालिकासंग झगडा गर्ने,
- बालबालिकाको जन्म दर्ता गर्न तथा नागरिकता बनाउन समस्या रहेको,
- बालबालिकालाई पर्याप्त समय दिन नसक्नु, र
- बालबालिका सानो भएकाले उनीहरुलाई घरमा छाडेर काममा जान समस्या परेको ।

**ढ) संरक्षकले भोगेका समस्या समाधानका उपाय**

आफुले भोगेका समस्या समाधान गर्न राज्यबाट के सहयोगको अपेक्षा गर्नुहुन्छ भनी संरक्षकसंग खुला प्रश्न सोधिएको थियो । संरक्षकले दिएका समाधानका उपायहरुलाई तल तालिका नं ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८ संरक्षकले आफ्ना समस्याहरु समाधान गर्न बताएका उपायहरु**

| उपायहरु | संरक्षकको उत्तर | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| शिक्षासम्बन्धी सहायता | १५९ | २९. ९ |
| स्वास्थ्य सेवामा सहायता | ४४ | ८.३ |
| पोषण तथा खानामा सहायता | २७ | ५.१ |
| लत्ता कपडाको सहायता | १२ | २.३ |
| जिविकोपार्जन तथा पालनपोषणका निमित्त आर्थिक सहायता | ११२ | ३७.८ |
| आयमूलक सीपको तालिम | २५ | ४.७ |
| बालबालिकालाई मनोविमर्श वा परामर्शको आवश्यकता | ३ | .६ |
| नगरिकता बनाउन सहायता | ४ | .८ |
| खासै छैन | ८ | १.५ |
| उद्दार, पुनर्स्थापना र बाल गृह | २२ | ४.७ |
| अन्य | २३ | ४.३ |
| **जम्मा** | **५३१** | **१००** |

माथिको तालिकाले ४२५ जना संरक्षकमध्ये २.५ प्रतिशत संरक्षकले भने बालबालिकाको संरक्षणका निमित्त खासै सहयोग आवश्यक नभएको बताए । तालिका ४.१५ मा १६ प्रतिशत संरक्षकले बालबालिकाको

पालनपोषणमा कुनै समस्या छैन भने पनि कुनै किसिमको वाह्य सहायता चाँहिदैन भन्ने संरक्षकको प्रतिशत भने मात्र २.५ प्रतिशत देखियो । ५३ प्रतिशतले मात्र आर्थिक सहायता माग गरे पनि शिक्षा, स्वास्थ्य, पोषण, जीविकोपार्जन आदि विभिन्न शिर्षक अन्तर्गत मुख्यतया आर्थिक सहायता वा वस्तु सहायताको नै अपेक्षा गरेको पाइयो ।

समाधानका अन्य उपायमा अन्य कुराहरु देखिन्छन् :

क) संरक्षक वा परिवारका अन्य सदस्यलाई आयमूलक सीपको तालिम,
ख) बालबालिकालाई उचित मनोविमर्श वा परामर्शको आवश्यकता रहेको, र
ग) नागरिकता बनाउन कानूनी तथा प्रशासनिक सहयोग ।

करिव ३० जना संरक्षकले बालबालिकालाई यदि कुनै संस्थामा वा बालगृहमा राख्न समेत सिफारिश गरेको पाइयो । उनीहरुको सुझावको उद्देश्य बालबालिकाको हित वा उनीहरुको उचित स्याहार, शिक्षा र खाना पाँउछ भन्ने देखियो ।

### ण) संरक्षित बालबालिकाको स्वास्थ्यमा पहुँच

अनाथ वा आमाबाबुमध्ये एकजना मात्र भएका बालबालिका र उनीहरुलाई संरक्षण गर्ने परिवारलाई उनीहरुले विगत एक वर्षमा स्वास्थ्य सेवा लिएका छन् कि छैनन् भनी सोधपुछ गरिएको थियो । बिरामी नभइकन स्वास्थ्य सेवा लिने प्रचलन नभएकाले विगत १ वर्षमा कति विरामी परेका थिए र विरामी भएका बालबालिकालाई स्वास्थ्य सेवा प्राप्त गर्न कहाँ लगिएको थियो भनी सोधिएको थियो । संरक्षक र बालबालिकाको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९ बालबालिका र स्वास्थ्य सेवामा उनीहरुको पहुँच**

| उपचारको तरिका | बालबालिका | | संरक्षक परिवारको घरमुली | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | प्रतिशत | प्रतिशत |
| स्वास्थ्य चौकी वा अस्पतालमा स्वास्थ्यकर्मीसंग परामर्श | १०१ | ७६.५ | १२१ | ७३.३ |
| औषधी पसलबाट औषधी ल्याई खुवाए | १५ | ११.४ | ३६ | २१.८ |
| फूकफाक, धामी झाँक्रीसंग परामर्श | ५ | ३.८ | ४ | २.४ |
| घरायसी औषधीमूलो | ९ | ६.८ | ४ | २.४ |
| अन्य | २ | १.५ | ० | ० |
| **जम्मा** | १३२ | १०० | १६५ | १०० |

माथिको तालिकाले बालबालिकाको भनाइमा १३२ जना र संरक्षकको भनाइमा १६५ जना बालबालिका बिरामी भएको र दुवैको भनाइमा ७० प्रतिशतभन्दा बढी बालबालिकाले अस्पताल तथा स्वास्थ्य चौकीमा गई स्वास्थ्य उपचार गराएको बताएका छन् । डाक्टर वा स्वास्थ्यकर्मीलाई नै नदेखाइकन औषधी पसलबाट

औषधी ल्याइ खुवाउने संरक्षकको संख्या उनीहरुको भनाइमा २० प्रतिशत भन्दा बढि देखिएको छ । त्यस्तै गरी फूकफाक गरी धामी भ्फाँक्रीकोमा गई औषधीमूलो गराउने अझै ३ प्रतिशत जति भएको पनि यो अध्ययनले देखाएको छ । बालबालिकाको भनाइमा करिव ७ प्रतिशत बालबालिकाले उनीहरु विरामी पर्दा संरक्षकले कुनै पनि खोजी नगरेको बताएका छन् भने संरक्षकले करिव २ प्रतिशत बालबालिका विरामी भएको बेलामा स्वास्थ्य सेवाको खोजी नगरी घरायसी ओखतीमुलो मात्र दिएको बताएका छन् । बाँकी करिव १.५ प्रतिशत बालबालिकाले अन्य उपचार सेवा बताएका छन् जसको अर्थ गाँउका अरु मानिसलाई सोधी गरिएको औषधीमूलो जनाँउछ । माथिको तालिकाले विरामीको गम्भीरता नदेखाउने भएकाले सामान्य रुघाखोकी र मौसम परिवर्तन आँउदा आउने ज्वरोका लागि उपचार नगरिएको हो वा अन्य रोगकालागि पनि उपचार नगरिएको हो भन्ने देखिँदैन ।

### त) संरक्षित बालबालिकाको मनोरञ्जनमा पहुँच

अध्ययनको क्रममा संरक्षित बालबालिकाको मनोरञ्जन गर्न पाउने-नपाउनेबारे पनि छलफल गरिएको थियो । यसको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका २०: बालबालिकाको मनोरञ्जनको स्थिति**

| मनोरञ्जनको तरिका | संख्या | प्रतिशत |
|---|---|---|
| टि.भी. हेर्न, खेल खेल्न पाएको | ३७६ | ८० |
| नपाएको | ९४ | २० |
| **कूल** | ४७० | १०० |

छलफल गरिएका ४७० जना बालबालिकामध्ये ८० प्रतिशत उत्तरदाताले आफुहरुले मनोरञ्जन गर्न समय पाएको बताएका थिए । बालबालिकाले मनोरञ्जनका लागि बिभिन्न खेलहरु खेल्ने गरेको र टि.भी. हेर्ने गरेको बताएका थिए भने २० प्रतिशत बालबालिकाले खासै मनोरञ्जन गर्न नपाएको जानकारी गराएका थिए । यस अध्ययनले बालबालिका रहेबसेको ठाँउमा मनोरञ्जनका साधन भए नभएको तथा बालबालिकाले किन मनोरञ्जन गर्न पाएनन् भन्ने कुराको विश्लेषण गर्न सकिएको छैन ।

### थ) बालबालिका प्रति गरिनुपर्ने सहयोगको अपेक्षा

तलको तालिकाले अनाथ वा आमाबाबुमध्ये हेरचाह गर्न आमाबाबुमध्ये एकजना मात्र भएका बालबालिकालाई के कस्तो सहयोग चाहिन्छ भन्ने विषयमा बालबालिकाको आफ्नै, संरक्षकको तथा समुदायको विचारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं.२१: संरक्षित बालबालिकालाई चाहिने सहयोग

| | समुदायको उत्तर | | बालबालिकाको उत्तर | | संरक्षकको उत्तर | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **क) वस्तुगत सहायता** | | | | | | |
| शिक्षा | ७४ | ३०.३ | २८३ | २८.७ | २२३ | ३२.७ |
| स्वास्थ्य सेवा | २८ | ११ .५ | ६५ | ६.६ | ७५ | ११ |
| पौष्टिक आहार | १९ | ७.८ | १७१ | १७.४ | ६४ | ९.३ |
| लत्ता कपडा | ० | ०.० | ७६ | ७.७ | २२ | ३.२ |
| **ख) आर्थिक सहायता वा भत्ता** | | | | | | |
| आर्थिक सहायता | १५ | ६.१ | १०८ | १०.९ | ८८ | १२.९ |
| जीविकोपार्जन | १८ | ७.४ | ३२ | ३.२ | ६२ | ९.१ |
| **ग) सीप विकास, तालिम, परामर्श आदि** | | | | | | |
| आयमूलक सीपको तालिम | १७ | ७ | २८ | २.८ | ३८ | ५.६ |
| **घ) संचेतना कार्यक्रम** | | | | | | |
| परामर्श | १ | .४ | २३ | २.३ | ४ | .६ |
| चेतना अभिबृद्धि | १८ | ७.४ | १ | .१ | ० | ० |
| बालसंरक्षणका उपाय | २१ | ८.६ | १२७ | १२.९ | १८ | २.६ |
| **ड) कानुनी वा प्रशासनिक सहायता** | | | | | | |
| जन्मदर्ता/नागरिकता | ६ | २.५ | २ | .२ | ४ | .६ |
| **च) संस्थागत स्याहार** | | | | | | |
| उद्धार गरी संस्थागत स्याहारमा राख्ने | १० | ४.१ | ४२ | ४.२ | ३० | ४.४ |
| अन्य | १७ | ७ | ३२ | ३.२ | ५३ | ७.८ |
| **जम्मा** | **२४४** | **१००** | **९८७** | **१००** | **६८१** | **१ ००** |

बालबालिका, समुदाय तथा संरक्षक तीनै समूहले बालबालिकाको निमित्त वस्तुगत सहायता अर्थात शिक्षा, स्वास्थ्य, पौष्टिक आहार र लत्ता कपडा बालबालिकाकालाई उपलब्ध गराउन पर्नेमा जोड दिएका छन् । वस्तुगत सहायता भित्र धेरै उत्तरदाताले शिक्षामा विशेष जोड दिएको पाइन्छ । शिक्षापछि धेरैले स्वास्थ्य त्यसपछि पौष्टिक आहार र अन्तिममा लत्ता कपडामा जोड दिएका छन् । बालबालिकाकालाई वस्तुगत सहयोग चाहिन्छ भन्ने प्रायः सबै संरक्षक, समुदाय र बालबालिकाको जोड भएको पाइएको छ ।

उत्तरदाताहरुमध्ये करिव ४० प्रतिशत संरक्षकले आर्थिक सहयोग वा भत्तामा जोड दिएका छन् भने ३० प्रतिशत बालबालिका वा समुदायले आर्थिक सहयोग वा भत्तामा जोड दिएका छन् । १५ प्रतिशत भन्दा बढी समुदायले आर्थिक सहयोग वा भत्ताको अलावा परिवारलाई सीपमुलक तालिम दिन आवश्यक रहेको बताए । १० प्रतिशत भन्दा बढी संरक्षकले सीपमूलक तालिमले संरक्षकको परिवारको आर्थिक स्थिति सुध्रिने र बालबालिकालाई पनि फाइदा पुग्ने बताए । करिब ८ प्रतिशत बालबालिकाले पनि यस कुरालाई समर्थन गरेको देखिन्छ ।

त्यस्तै ३४ प्रतिशत समुदाय, १३ प्रतिशत बालबालिका तथा १२ प्रतिशत संरक्षकले परामर्श तथा संचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरामा जोड दिए । परामर्श, संचेतना र बालबालिकालाई कसरी व्यवहार गर्ने भन्ने उपायहरुले बालबालिका तथा संरक्षकलाई एकअर्का प्रतिको कर्तव्य तथा आफ्नो भूमिकाको बारेमा स्पष्ट जानकारी हुने हुँदा बालबालिकाको हेरचाहमा सकारात्मक परिवर्तन आँउदछ भनी सवै पक्षले भनेको देखिन्छ ।

समुदाय र संरक्षकबाट कानूनी तथा प्रशासनिक प्रक्रियाको जानकारी नभएकाले कतिपय बालबालिकाको जन्मदर्ता प्राप्त गर्न कठिन भएको र भोली उसले नागरिकता प्राप्त गर्न, आफ्ना आमाबाबु तर्फको सम्पति सम्बन्धि हक तथा नाता कायम गर्न पनि कठिन हुनसक्ने भएकाले कानूनी तथा प्रशासनिक सहयोग भएमा सहज हुने बताएका थिए ।

३० प्रतिशत समुदाय, २५ प्रतिशत संरक्षक र १९ प्रतिशत बालबालिकाले बालबालिकालाई उनीहरु रहेबसेको परिवारमा राख्नु भन्दा बालगृहमा राख्नुपर्ने बताए । उनीहरुको यस्तो भनाईको मूल कारण बालबालिकालाई संरक्षण गर्ने हजुरबुवा, हजुरआमा वृद्ध भएकाले उनीहरुको मृत्युपछिको चिन्ताका कारणले बालगृहमा बालबालिकालाई स्थानान्तरण गर्नुपर्ने सल्लाह दिएको पाइयो । त्यसैगरी केही बालबालिकाको संरक्षकको आर्थिक स्थिति अत्यन्त नाजुक रहेकोले पनि यो सल्लाह दिएको पाइयो । बाबुआमामध्ये एकजना मात्र भएको परिवारका बाबुआमाको पुनर्विवाह हुन सक्ने तथा उनीहरु वैदेशिक रोजगारीमा जान सक्ने भएकाले त्यसरी विदेश गएको अवस्थामा उनीहरुलाई वैकल्पिक स्याहारका निमित्त पनि बालगृहमा राख्नुपर्ने समुदायको सोच पाइयो । बाबु वा आमाले भने किटान गरी आफ्ना बालबालिकालाई बालगृहमा राख्न पाँउ भनी व्यक्त गरेको भने पाइएन ।

माथिका अध्यायहरुमा दिएका बाहेक समुदायले दिएका अन्य सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १. तथ्याङ्क सङ्कलन गनुपर्ने

स्थानीय निकाय र वडाले नै असाय, अनाथ, एकल बालबालिका, गरीब परिवारको बालबालिकाको तथ्याङ्क सङ्कलन गरी आवश्यकता भएका बालबालिकाको निमित्त मात्र सहयोगी कार्यक्रम ल्याउन योजना गर्नुपर्ने ।

### २. पर्याप्त बजेट छुट्याउने तथा बाल संरक्षण कोषको स्थापना र सञ्चालन

स्थानीय देखि केन्द्रीय तहसम्म जोखिममा परेका बालबालिकाको लागि बजेट तथा कार्यक्रम छुट्याउनु पर्ने । स्थानीय स्तरमा नै बाल संरक्षण कोष खडा गरेर बालबालिकाको जीवनलाई प्रभाव पार्ने कार्यक्रम गर्नुपर्ने ।

### ३. आमाबाबुमध्ये एकजना जीवित भए पनि बालबालिकालाई परित्याग गर्न नपाउने कडा कानुनको आवश्यकता

आमाबाबुमध्ये एक जिवित भएका बालबालिकालाई उनीहरुसंगै राखी हेरचाह गर्नुपर्ने कुरामा पनि स्थानीय समुदायको जोड थियो । कतिपय आमाबाबु आफ्ना छोराछोरीप्रतिको जिम्मेवारीवाट पन्छिने प्रवृत्तिलाई अन्त्य गर्न कडा खालको कार्यक्रम वा कानूनको तर्जुमा गर्नुपर्ने भनी समुदायका केही सदस्यले जोड दिएका थिए ।

# अध्याय- पाँच

## निष्कर्ष र सुझाव

नेपालमा अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको स्थिति अध्ययनमा संख्यात्मक तथ्याङ्कका लागि जनगणना २०५८ र २०६८ एवम् केन्द्रीय तथ्याङ्क विभागबाट सम्पन्न गरेको नेपाल बहुसूचकाङ्क क्लस्टर सर्भेक्षण, २०७१ लाई आधार मानेको छ भने अनाथ तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको स्थितिसम्बन्धी गुणात्मक सूचनाका लागि उद्देश्यमूलक नमुनाको आधारमा २३ जिल्लाका १३३ वटा समुदायमा समुदायका व्यक्तिहरु, ४२५ घरमुली वा संरक्षक र ४७० जना बालबालिकासंग छलफलबाट प्राप्त जानकारीलाई आधार मानेको छ ।

भाषिक दृष्टिकोणले "अनाथ" भन्ने शब्दले बाबुआमा दुवै नभएको जनाए पनि प्रचलनमा अनाथ भनेको आमाबाबु दुवै भए वा नभए पनि उनीहरुको स्याहारमा नरहेको बालबालिका भनी बुझिने गरिएको छ । कुनै कुनै समुदायमा "अनाथ" बालबालिका र "टुहुरा" बालबालिकालाई एकै अर्थमा प्रयोग गरिएको पाइयो भने कुनै समुदायमा आमाबाबु दुवै भए वा नभए पनि उनीहरुले पालनपोषण नगरी अरुको संरक्षणमा हुर्केको बालबलिकालाई बुझाएको देखिन्छ । अध्ययनका क्रममा "यो टुहुरा हो" भनी चिनाइएको बालबालिका पनि प्रायसः आमा वा बाबुमध्ये एकजना जीँउदो भएको तर आमाबाबुको स्याहारमा नभएको भन्ने नै बुझिन्थ्यो । यस अध्ययनको दोश्रो निष्कर्ष "अनाथ" बालबालिकाको संख्या यकिन नभए पनि उनीहरु बालबालिकाको कूल संख्याको १ प्रतिशत भन्दा बढी छैनन् भन्ने हो । तेश्रो निष्कर्ष सामाजिक रुपमा "अनाथ" मानिएका धेरै बालबालिकालाई राज्यको उचित आर्थिक सहयोग वा सामाजिक सुरक्षा वा अन्य कार्यक्रमले उनीहरुका आमा वा बाबु वा नातेदारसंग राखी संरक्षण गर्न सकिन्छ भन्ने हो ।

"अनाथ" बालबालिका वा आमाबाबुमध्ये एक भएका बालबालिका तथा आमाबाबु जीँउदो भए पनि नातेदार तथा अन्य व्यक्ति वा संस्थामा बसेका बालबालिकाको उचित पालनपोषण र स्याहारका निमित्त राज्य वा सामाजिक संस्थाहरुले निम्न बमोजिमका कार्यहरु गर्न उपयुक्त हुने कुरा यस अध्ययनले देखाएको छ :

### १. अनाथ शब्दको ठोस परिभाषा गर्नुपर्ने

"अनाथ" तथा "टुहुरा" शब्दको संविधान, कानून र नीतिमा भिन्न भिन्न अर्थमा प्रयोग गरिएका हुनाले केन्द्रीय बालकल्याण समितिले कानूनी तथा नीतिगत व्यवस्थाहरुमा एकै अर्थमा प्रयोग गर्नका निमित्त

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, शान्ति तथा पुर्नस्थापना मन्त्रालय, कानून न्याय तथा संसदीय मन्त्रालय तथा योजना आयोगसंग सहकार्य गर्नुपर्ने । केन्द्रीय बालकल्याण समितिले बाल स्याहारमा काम गर्ने अन्य संस्थाहरुलाई यी शब्दहरुको एकै अर्थमा प्रयोग गर्न निर्देशन दिनुपर्ने ।

### २. अनाथ र अरुको संरक्षणमा रहेका बालबालिकाको तथ्याक्त सक्तलन गर्नुपर्ने

अनाथ, असहाय र अरुको संरक्षणमा रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने कार्य जनगणना मै समावेश गर्नु पर्ने विषय भएकोले केन्द्रीय तथ्याङ्क विभागले आगामी जनगणनामा बालबालिकाको बसाइको स्थितिसम्बन्धी तथ्याङ्क मात्र प्रकाशन नगरिकन बालबालिकाको आमाबाबुमध्ये दुवै भएको, एक मात्र भएको, दुवै नभएको, आमाबाबु दुवै वा कुनै एक हुँदाहुँदै पनि बालबालिकाको लालनपालन गर्न विशेष कुनै कारणले असमर्थ भएको बारे खण्डीकृत तथ्याङ्क प्रकाशन गर्नु उपयुक्त हुने ।

### ३. संस्थागत घरधुरी भित्रका बालबालिकाको विवरण उपलब्ध

राष्ट्रिय जनगणना प्रतिवेदन २०६८ मा संस्थागत घरधुरीको संख्या छ तर ती संस्थागत घरधुरी भित्र बालबालिका भए नभएको विवरण प्रतिवेदनमा छैन । बालकल्याण गृह वा अन्य त्यस्तै गृह एवम् गुम्बाभित्र बालबालिका पनि बस्ने भएकाले के कति बालबालिका गुम्बाको सँस्थागत संरक्षणमा छन् भन्ने कुरा पनि जनगणनाले देखाउनु उपयुक्त हुने । यस्तो तथ्याङ्कले वैकल्पिक स्याहारका योजना बनाउन र स्थिति अनुगमन गर्न सजिलो हुने ।

### ३. व्यक्तिगत घटना दर्तामा स्पष्ट विवरण खोल्ने व्यवस्था गर्नुपर्ने

नेपाल सरकारले अभिलेख गर्ने व्यक्तिगत घटना दर्ता प्रक्रियामा प्रयोग हुने जन्मदर्ताको फारममा आमाबाबु भएनभएको, भएको भए संगै बसे, नबसेको र मृत्युदर्ताको अभिलेख राख्दा समेत मृतकको आफ्नो दम्पत्ति, बालबालिका र नातेदारसम्बन्धी विवरण खुलाउनु उपयुक्त हुने । केन्द्रीय तथ्याङ्क विभागले २०७२ को तथ्याङ्कलाई अद्याबधिक गर्नेगरी व्यक्तिगत घटना दर्तासम्बन्धी छुट्टै सर्वेक्षण गर्दा माथि भनिए बमोजिमको सूचना सङ्कलन गर्नु उपयुक्त हुने ।

### ४. स्थानीय तहबाट गरिने सिफारिश जारी गर्नुपुर्व जाँचबुझ (वा सरजमिन) को व्यवस्थालाई अनिवार्य गर्नुपर्ने

जन्म, मृत्यु तथा व्यक्तिगत घटना दर्ता ऐन तथा नियमावली अर्न्तगत स्थानीय निकायमा विवरण राख्दा वा सिफारिस प्रदान गर्दा बालबालिकाको आमाबाबुको स्थिति खुल्ने गरी राख्ने व्यवस्था मिलाउने । आवश्यक भएमा वडा कार्यालयसंग समन्वय गर्ने वा यसका निमित्त क्षमता अभिवृद्धि कार्यक्रम समेत सञ्चालन गर्नु उपयुक्त हुने ।

स्थानीय निकायले बालबालिकाको अनाथ स्थिति प्रमाणित गर्दा वा आमा वा बाबुमध्ये एकजना नभएको वा आमाबाबु दुवै भए पनि हेरचाह गर्ने एकाघरका परिवार नभएको सिफारिस गर्दा बालबालिका रहेभएको

स्थानमा गई सरजमिन गर्नु उपयुक्त हुन्छ । नेपालको संविधान २०७२ अनुसार सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य लगायत बालबालिकाको आधारभूत सेवा प्रदान गर्ने उत्तरदायित्व स्थानीय तह अर्थात गाँउपालिका तथा नगरपालिकाको रहेको हुँदा व्यक्तिगत घटना वा विवरणका सम्बन्धमा सिफारिश जारी गर्नु पूर्व जाँचबुझ गरी यकिन भएपछि मात्र विवरण राख्नु वा सिफारिश गर्नु उपयुक्त हुने ।

## ५. अनाथ बालबालिकाको पारिवारिक हेरचाहलाई सम्वर्द्धन गर्नुपर्ने

माथिको अध्यायहरुमा गरिएको विश्लेषणले ९९.२ प्रतिशत बालबालिकाको आमाबाबु दुवै वा एकजना जिउँदो भएको देखिन्छ भने ६९.४ प्रतिशत बालबालिका मात्र आमाबाबु दुवैसंगको स्याहारमा रहेको देखिएको छ । बाँकी २५.८ प्रतिशत बालबालिका आमा वा बाबु दुवै भए पनि एकजनासंग वा अरुसंग रहेको देखिएको छ । नेपाल सरकारको उचित कार्यक्रमले बालबालिकालाई आमाबाबु दुवैसंग राख्न सक्ने वातावरण बनाँउदछ । दोश्रो, यदि एकल आमा वा बुवालाई आवश्यक सहायता कार्यक्रम सञ्चालन गरेको खण्डमा आमा वा बाबुमध्ये एकजना मृत्यु भएको अवस्थामा पनि एकजना आमाबाबुले बालबालिकाको उचित संरक्षण गर्न सक्ने पनि देखिन्छ । यो कार्यक्रम के हुन सक्दछ भनी एकै उत्तर नहुन सक्दछ । बालबालिका आमाबाबुसंग छुट्टिन पर्ने कारणका आधारमा मात्र उनीहरुलाई गरिनुपर्ने सहयोगको निर्धारण गर्न सकिन्छ । स्थलगत अध्ययनले गरिबीका कारणले बालबालिका छुट्टिने सम्भावना भएको हो भने आर्थिक वा जिन्सी सहायता, स्याहार गर्ने समय अभावले छुट्टिने सम्भावना भएको हो भने दिवा स्याहार कक्ष, पुनर्विवाहका कारणले हो भने संचेतना र अनुगमन कार्यक्रम, स्याहार ज्ञानको अभावले हो भने अभिभावक शिक्षा जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा तल सुझाव ६ र ७ मा थप व्याख्या गरिएको छ ।

बालबालिकासम्बन्धी ऐन २०४८ ले "अनाथ" बालबालिकाको सम्बन्धमा क) नातेदार ख) इच्छुक व्यक्ति वा संस्था, ग) बालकल्याण गृहमा राख्ने प्राथमिकता तोकेको छ । मुलुकी देवानी संहिताले पनि स्वतः संरक्षकको सूची निर्धारण गरी पारिवारिक हेरचाहलाई नै प्रवर्द्धन गरेको छ । बालबालिकासम्बन्धी ऐनको छिद्रहरुका आधारमा सिधै बालकल्याण गृहमा बालबालिका राख्ने गरिएको हुँदा देवानी संहिता वा बालबालिका सम्बन्धी नयाँ ऐनमा स्पष्टरुपमा पारिवारिक स्याहार हुन नसकेको बालबालिकालाई मात्र बालकल्याण गृहमा राखिने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

## ६ सामाजिक सुरक्षा भत्ता वा जिन्सी सहयोग गर्नुपर्ने

स्थलगत अध्ययनले पारिवारिक हेरचाहमा रहेका अनाथ वा आमाबाबु मध्ये एक भएका बालबालिका मध्ये ३८ प्रतिशतलाई सबैभन्दा बढी हजुरबुवा, हजुरआमासंग, २५.३ प्रतिशत आमासंग, ६.८ बाबुसंग, ४.७ दाजुभाउजुसंग, ४.७ दिदी तथा फूपु भिनाजुसंग, ७.३ मामामाइजुसंग, ९.६ काकाकाकी अथवा ठूलोबाबा ठूलोआमासंग भएको देखिन्छ । आर्थिक दृष्टिकोणले ५३ प्रतिशत बालबालिकालाई संरक्षण दिएको घरपरिवारको आर्थिक अवस्था न्यून रहेको र उनीहरुले विहान बेलुका पेट भर्नका निमित्त सँधै काम गर्नुपर्ने, ४२ प्रतिशत घरपरिवारको आर्थिक अवस्था मध्यम रहेको र आफ्नो खेती वा पेशाका आधारमा

६ महिनासम्म खान पुग्ने तथा बाँकी ५ प्रतिशत घरपरिवारको आर्थिक अवस्था मात्र राम्रो रहेका पाइयो। तसर्थ, परिवारको जोकोही संग बसेपनि उनीहरुको आर्थिक स्थितिको लेखाजोखा गरी सोको आधारमा बालबालिकालाई सामाजिक सुरक्षा (भत्ता वा जिन्सी सहयोग) दिनुपर्ने देखिन्छ। सामाजिक सुरक्षा भत्ताको यकिन गर्दा समुदायले भने जस्तै ती बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण तथा लत्ता कपडालाई पर्याप्त हुने गरी दिनु उपयुक्त हुन्छ। समुदायमा आधारित बाल स्याहारलाई प्रवर्द्धन गर्ने हो भने स्याहार गर्ने परिवारलाई सहयोग गर्नु उपयुक्त हुन्छ। समुदाय, बालबालिका तथा परिवारले सामाजिक सुरक्षा भत्ता वा आर्थिक सहयोग भन्दा शिक्षा, स्वास्थ्य, पोषण तथा लत्ता कपडालाई पाउनुपर्ने माग गरेको हुनाले सामाजिक सुरक्षाको विकल्पको रुपमा ती सेवाहरु प्रदान गर्ने अन्य उपयुक्त उपाय भए त्यो अपनाउनु पनि उपयुक्त नै देखिन्छ। संरक्षकमध्ये केहीले सीपमूलक तालिमलाई जोड दिएकाले परिस्थिति हेरी यो पनि एक उपयुक्त विकल्प हुन सक्दछ।

### ७. संचेतना अभिबृद्धि कार्यक्रम

स्थलगत अध्ययनले ३० प्रतिशत बालबालिकाले आफूहरुले हेपाई वा ज्यादै मन नपर्ने गरी जिस्काइ भोगेको बताएका छन् भने समुदायले ८० प्रतिशत बालबालिका जिस्काइ वा हेपाइको शिकार भएको हुनसक्ने बताएका छन्। अनाथ वा आमाबाबुमध्ये एक भएका बालबालिकालाई “अनाथ”, “टुहुरा” आदि भनी पारिवारिक स्थितिको आधारमा नाम काढेर वा जिस्काएर बोलाउनु वा हेप्ने कार्यलाई बन्द गर्न सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने। यसैगरी बालबालिकालाई जिस्काउने स्थानमा ६२ प्रतिशत बालबालिकाले विद्यालय, ३९ प्रतिशत बालबालिकाले आफू बसेकै घर र ३१ प्रतिशत बालबीलकाले छिमेक भनेको हुँदा सचेतना कार्यक्रम तीनै स्थानलाई सम्बोधन हुनेगरी सञ्चालन गर्नुपर्ने देखिन्छ। त्यस्तै ७७ प्रतिशतले आफुले काम बिगार्दा गाली पाउने र २३ प्रतिशतले शारीरिक सजाय पाउने भनेको हुँदा शारीरिक र मानसिक सजायको अन्त्यको निमित्त पनि सचेतना कार्यक्रम आवश्यक देखिन्छ।

### ८. बाल स्याहारमा क्षमता अभिवृद्धि

संरक्षकले आफूले भोगेका समस्याहरुमा बालबालिकाको व्यवहार सुधार्ने मनोविमर्श वा परामर्श सेवा प्रदान गर्नुपर्ने भनी उल्लेख गरेको र केही संरक्षकले “बालबालिकालाई हुर्काउने सम्बन्धमा उचित क्षमता वा सीपको विकास गर्न पाए उनीहरुलाई गाली गलौज वा शारीरिक सजाय दिन नपर्ने हुन्थ्यो” भन्ने भावना व्यक्त गरेकाले बालबालिकालाई हुर्काउने सम्बन्धमा अभिभावक शिक्षा वा आवेग नियन्त्रण जस्ता कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुने।

### ९. प्रचलित कानूनमा सुधार गर्नुपर्ने

यस अध्ययनले प्रचलित कानूनमा निम्न बमोजिमको सुधार गर्नुपर्ने देखाएको छ :

#### ९.१ पुनर्विवाह गरे पनि आमा नै प्राकृतिक संरक्षक रहने व्यवस्था हुनुपर्ने

बालबालिकासम्बन्धी ऐन, २०४८ ले वैकल्पिक हेरचाह सम्बन्धमा गरेको व्यवस्था र बालअधिकार

महासन्धि र वैकल्पिक हेरचाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गदर्शनले आमाबाबु मध्ये एकजना जीँउदो भएको अवस्थामा निजले नै बालबालिकाको स्याहार गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ। मुलुकी देवानी संहिता २०७४ ले बाबुआमा दुवै भएकोमा दुवैलाई प्राकृतिक संरक्षक तथा आमाबाबु मध्ये एक जीँउदो भएकोमा निजलाई नै प्राकृतिक संरक्षक मानेको छ । तर देवानी संहितामा नै भएको अर्को व्यवस्थाले आमाले पुनर्विवाह गरेकोमा प्राकृतिक संरक्षकत्व गुम्न जाने जस्तो देखिएकोले वैवाहिक स्थिति जे जस्तै भए पनि प्राकृतिक संरक्षण निज मै रहने र निजले आफै अदालतमा उपस्थित भइ आफूले पालन पोषण गर्न नसक्ने स्थिति व्यक्त गरेमा र अदालतले आफ्नो अनुसन्धान पछि सो कुरा ठीक ठहराएमा मात्र माथवरी अर्कोमा सर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ९.२ माथवरसम्बन्धी व्यवस्था संरक्षकको व्यवस्थासंग समानान्तर हुन नसक्ने

शारीरिक तथा मानसिक कारणले आमाबाबुले हेरचाह गर्न नसक्ने भएको, आमाबाबु दुवै वा आमाबाबुमध्ये एकजना जीँउदो भएकोमा निज नै वैदेशिक रोजगारीमा रहेको वा सैन्यसेवा वा अन्य त्यस्तै सेवामा रहेका कारणले आफुसंग राखेर पालनपोषण गर्न नसक्ने भएकोमा त्यस्तो बालबालिकालाई पालनपोषण गर्ने प्रयोजनकालागि माथवर नियुक्त गर्न अदालत समक्ष निवेदन दिन सक्ने व्यवस्थासम्म गर्न उपयुक्त हुने तर संरक्षकको समानान्तर हुने गरी व्यवस्था गरिएको माथवरसम्बन्धी व्यवस्थालाई परिमार्जन गर्नुपर्ने ।

आमा वा बाबु मध्ये एकजना मात्र जीँउदो भएको र निज नै रोजगारीको कारणले देशबाहिर भएको अवस्थामा पनि (तथ्याङ्कले १७ प्रतिशत बाबु र ०.५ प्रतिशत आमा देशबाहिर रहेको सन्दर्भ) बालबालिकालाई निजको आमा वा बाबुको निर्णयका आधारमा हुर्काउने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ। यस व्यवस्थाले भौतिक दुरी भए पनि बालबालिकासंगको आमा वा बाबुको सम्बन्ध अटुट रुपमा रही रहन्छ।

आमा वा बाबुले नातेदार वा हकवाला बाहेक अरु व्यक्तिलाई बालबालिका जिम्मा दिई हुर्काउन परेको परिस्थितिमा माथवर नियुक्त गर्नु उपयुक्त हुने ।

## ९.३ लैङ्गिक असमानता देखिने व्यवस्थालाई तटस्थ बनाउनु उपयुक्त हुने

अध्ययनको क्रममा सङ्कलन गरिएको तथ्याङ्कले बाबुको तुलनामा आमाले नै अधिकांश बालबालिकाको पालनपोषण गरेको देखिएको तर मुलुकी देवानी संहिताको संरक्षकसम्बन्धी व्यवस्थाले आमाभन्दा बाबुलाई प्राथमिकता दिएको हुनाले त्यस्तो व्यवस्थालाई अन्त्य गर्नुपर्ने । पुनर्विवाहको सन्दर्भमा सामाजिक रुपमा रहेको लैङ्गिक असमानतालाई कानूनी मान्यता दिँदा समाज समानताको दिशामा अग्रसर नहुने हुँदा पुनर्विवाह गरिएकी आमा र निजको पति (भड्केलो बुवा) ले बालबालिकालाई दिन सक्ने संरक्षण, स्याहार सम्बन्धमा अदालतले वस्तुगत निर्णय गरेपछि मात्र आमा वा बाबुमध्ये जसलाई उपयुक्त ठहऱ्याँउछ उसलाई संरक्षकत्व दिनु उपयुक्त हुने ।

## ९.४ अन्तरदेशीय धर्मसन्तानसम्बन्धी परिच्छेदलाई सुधार गर्नुपर्ने

देवानी मुलुकी संहितामा गर्नुपर्ने सुधारलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

क) बालबालिकासम्बन्धी ऐन २०४८ को व्यवस्था वैकल्पिक हेरचाहको वृहत व्यवस्था भएकाले सो व्यवस्था अनुकुल हुने गरी देशभित्र र अन्तरदेशीय धर्मसन्तानका निमित्त पनि एकअर्कासंग अन्तर्सम्बन्धित (Integreted) व्यवस्था गरिनुपर्ने

अन्तरदेशीय तथा देशभित्र नै धर्मसन्तान लिने प्रक्रिया वैकल्पिक हेरचाहको एक विशिष्ट तर अभिन्न अंग मानिनुपर्दछ। "अनाथ" यकिन गर्ने प्रक्रिया अहिले बालबालिकासम्बन्धी ऐन २०४८ को दफा २१ र २२ ले निर्देशित गर्दछ। विशिष्ट ऐनमा एक व्यवस्था हुँदाहुँदै त्यस ऐनको व्यवस्थाको समानान्तर हुने गरी मुलुकी देवानी संहिताले "अनाथ" प्रमाणित गर्ने अर्को व्यवस्था खडा गरेको छ।

धर्मसन्तान सम्बन्धमा मुलुकी ऐन र यस अर्न्तगत बनेको अन्तरदेशीय धर्मसन्तानसम्बन्धी शर्त प्रक्रियामा भएको व्यवस्थालाई नै मुलुकी देवानी संहिताले निरन्तरता दिएको देखिन्छ। संहिताकरण प्रक्रियाले शर्त प्रक्रियामा भएका सैद्धान्तिक त्रुटीहरु हटाउन सकेको छैन। हिन्दु धर्मशास्त्रीय दृष्टिकोणले आफ्ना परिवारका दाजुभाइका सन्तानलाई धर्मसन्तान लिने कुरा गर्दछ। यो मुक्ति र परलोकसंग सम्बन्धित धार्मिक विधि हो। तर धर्मसन्तान सम्बन्धी अधिकारमुखि दृष्टिकोण "अनाथ" अर्थात आमाबाबु दुवै नभएका बालबालिकालाई परिवार दिलाउने प्रक्रिया हो। कुनै बालबालिकाको आमाबाबु नभएको प्रमाणित भइसकेपछि मात्र देशभित्र र सो संभव नभए मात्र देश बाहिर धर्मसन्तानका रुपमा जान "अनाथ" बालबालिका योग्य हुनुपर्ने हो तर देवानी संहिताले यो कुरालाई स्पष्ट पार्न सकेको छैन।

*ख) आर्थिक स्थितिको आधारमा बालबालिकालाई परित्याग गर्न दिनु नहुने*

बालबालिका परित्याग गर्ने सम्बन्धमा बालबालिकासम्बन्धी ऐन २०४८ को दफा २२ मा शारीरिक तथा मानसिक अशक्तताका कारणले पाल्न नसके मात्र संरक्षकलाई दिन मिल्ने व्यवस्था छ। त्यस्तै मुलुकी फौजदारी संहिता २०७४ मा (मुलुकी ऐन २०२० मा समेत) भएको जवर्जस्ती करणी र गर्भपतन सम्बन्धी व्यवस्थालाई अध्ययन गर्दा जवर्जस्ती करणीबाट जन्मेको बच्चालाई परित्याग गर्ने स्वतन्त्रता जन्म दिने आमामा रहेको व्याख्या गर्न सकिन्छ। नवजात शिशुलाई परित्याग गर्न मुलुकी ऐन २०२० ले पूर्णतः बन्देज गरी दण्डित गरे पनि गैर वैवाहिक वा सम्बन्ध आदिका कारणले बालबालिकालाई अस्पतालमा वा सार्वजनिक स्थानमा परित्याग गर्ने गरेको घटनाहरु यदाकदा पाइन्छ। माथिका तीन अपवाद बाहेक अन्य अवस्थामा बालबालिकालाई आमाबाबुले परित्याग गर्न पाउनु हुदैन। तर मुलुकी देवानी संहिताको अन्तरदेशीय धर्मसन्तानको परिच्छेदले आर्थिक स्थितिका कारणले पनि बालबालिकालाई परित्याग गर्ने स्वतन्त्रता आमाबाबुलाई प्रदान गरेको छ। आर्थिक कारणले आफ्ना बालबालिकालाई परित्याग गरेर अन्तरदेशीय धर्मसन्तानमा पठाउने मार्गलाई कानूनी रुपमा अन्त्य गरेर वस्तुगत तथा आर्थिक सहयोग प्रदान गरी ति बालबालिकालाई आमाबाबुसंगै राख्ने व्यवस्था गर्नुपर्दछ।

*ग) परित्यक्त बालबालिकालाई देशभित्र पारिवारिक हेरचाहमा राख्न नसकेमात्र विदेशमा धर्मसन्तानका रुपमा पठाउन मिल्ने व्यवस्था गर्नुपर्ने*

अर्को कुरा मुलुकी देवानी संहिताको अन्तरदेशीय धर्मसन्तान सम्बन्धी व्यवस्थाले परित्याग गरेको

बालबालिकालाई सिधै अन्तरदेशीय धर्मसन्तानमा पठाउने गरी सोझो बाटो निर्माण गरेको छ। यो कानूनी व्यवस्था त्रुटीपूर्ण हो । परित्यक्त बालबालिका पनि अन्य बालबालिका जस्तै बालबालिकासम्बन्धी ऐन २०४८ बमोजिमको प्रक्रिया बमोजिम वैकल्पिक हेरचाहमा जान योग्य हुन्छन् । अन्तरदेशीय धर्मसन्तानमा बालबालिका जानु भनेको दोश्रो अन्तिम विकल्प मात्र हो (बालगृहमा राखी गरिने हेरचाहलाई अन्तिम विकल्पको रुपमा लिइन्छ) ।

### ११) देश बाहिर संरक्षकले बालबालिकालाई धर्मसन्तानका रुपमा पठाउन मिल्ने व्यवस्था खारेज हुनुपर्ने

मुलुकी देवानी संहिताको अन्तरदेशीय धर्मसन्तानसम्बन्धी परिच्छेदको अर्को त्रुटी संरक्षकलाई बालबालिका परित्याग गर्ने कानुनी अवसर दिनु हो । संरक्षक आफैमा बालबालिकाको हेरचाह गर्ने वैकल्पिक व्यवस्था हो । यदि संरक्षकले आफूले जिम्मा लिएको बालबालिकाको पालनपोषण वा रेखदेख गर्न सकेन भने आफूलाई जिम्मा दिने कानूनी संस्थामा मैले पालनपोषण गर्न नसकेको कारण देखाई फिर्ता गर्नु हो । तर अन्तरदेशीय धर्मसन्तानसम्बन्धी परिच्छेदले संरक्षकलाई पनि बालबालिका अन्तरदेशीय धर्मसन्तानमा दिन सक्ने व्यवस्था गरेको छ। यो अर्को त्रुटीपूर्ण व्यवस्था हो ।

### १२. देशभित्र धर्मसन्तान लिनेदिने व्यवस्थालाई प्रवर्द्धन गर्नुपर्ने

मुलुकी देवानी संहिताले देशभित्र धर्मसन्तान लिनेदिने व्यवस्थालाई स्वीकृत गरेको छ । "अनाथ" बालबालिकालाई आफ्ना नातेदारहरुको जिम्मामा दिनु सवैभन्दा उपयुक्त हो । तर नातेदारलाई जिम्मामा दिएपछि बालबालिकाको आवधिक अनुगमन भने राज्यले गर्नुपर्ने हुन्छ। मुलुकी देवानी संहिताले आर्थिक, शारीरिक तथा मानसिक रुपमा सक्षम परिवारलाई आफ्ना सन्तान भए पनि धर्मसन्तान लिन पाउने गरी बनाएको व्यवस्थालाई प्रबर्द्धन गरी देश भित्र नै "अनाथ" बालबालिकाको संरक्षण र संबर्द्धन गर्न जोड दिनुपर्ने। देश भित्र धर्मसन्तान लिन चाहने वा धर्मसन्तान नलिएपनि पालनपोषण मात्र गर्न चाहने दम्पत्तिलाई सरकारी कार्यक्रम मार्फत प्रोत्साहन दिने र आवश्यक भएमा सामाजिक सुरक्षा सहयोग समेत ती संरक्षकलाई दिनु उपयुक्त हुने ।

## अनुसूची १: अन्तर्वार्ता लिइएका बालबालिका, परिवार र समुदायको विवरण

| क्र. सं. | जिल्ला | संरक्षक | | बालबालिका | | समुदाय | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | सिन्धुली | १२ | २.८ | १२ | २.६ | ४ | २ |
| २ | ओखलढुंगा | ४ | ०.९ | ४ | ०.९ | २ | १ |
| ३ | भक्तपुर | ८ | १.९ | १३ | २.८ | ७ | ३.४ |
| ४ | ललितपुर | २५ | ५.९ | २४ | ५.१ | १५ | ७.४ |
| ५ | काठमाण्डौ | १५ | ३.५ | २४ | ५.१ | १७ | ८.४ |
| ६ | काभ्रेपलाञ्चोक | २० | ४.७ | २० | ४.३ | १० | ४.९ |
| ७ | नुवाकोट | २१ | ४.९ | २१ | ४.५ | १५ | ७.४ |
| ८ | गोर्खा | १८ | ४.२ | १८ | ३.८ | ५ | २.५ |
| ९ | कास्की | २७ | ६.४ | ३५ | ७.४ | ६ | ३.० |
| १० | रामेछाप | १८ | ४.२ | १९ | ४ | ७ | ३.४ |
| ११ | रसुवा | १६ | ३.८ | १६ | ३.४ | ११ | ५.४ |
| १२ | सिन्धुपाल्चोक | १५ | ३.५ | १५ | ३.२ | २६ | १२.८ |
| १३ | मकवानपुर | २५ | ५.९ | २५ | ५.३ | ९ | ४.४ |
| १४ | बाँके | २० | ४.७ | १९ | ४ | ८ | ३.९ |
| १५ | दोलखा | २८ | ६.६ | २८ | ६ | ५ | २.५ |
| १६ | मोरङ्ग | १५ | ३.५ | १६ | ३.४ | १० | ४.९ |
| १७ | धादिङ | १५ | ३.५ | १५ | ३.२ | ५ | २.५ |
| १८ | धनुषा | २३ | ५.४ | २२ | ४.७ | ११ | ५.४ |
| १९ | सुर्खेत | १८ | ४.२ | १९ | ४ | ४ | २ |
| २० | चितवन | २६ | ६.१ | २८ | ६ | ६ | ३ |
| २१ | महोत्तरी | १८ | ४.२ | २१ | ४.५ | ८ | ५.४ |
| २२ | दैलेख | २६ | ६.१ | २६ | ५.५ | ५ | ३.९ |
| २३ | डडेलधुरा | १२ | २.८ | ३० | ६.४ | ७ | ३.४ |
| | **जम्मा** | **४२५** | **१००** | **४७०** | **१००** | **२०३** | **१००** |
| | | १०९८ जना | | | | | |

## अनुसूची २: जनगणना २०५८ अनुसार कूल बालबालिकाको संख्या

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० | २५६,७१९ | २४६,८१४ | ५०३,५३३ | २.१७% |
| १ | २४३,९९९ | २३०,५९१ | ४७४,५९० | २.०५% |
| २ | २९०,२५४ | २८५,०५३ | ५७५,३०७ | २.४८% |
| ३ | ३११,०६९ | ३१०,५४५ | ६२१,६१५ | २.६८% |
| ४ | ३१९,१६४ | ३१०,५४५ | ६२९,७०९ | २.७२% |
| ५ | ३७५,८२७ | ३५९,२१३ | ७३५,०४० | ३.१७% |
| ६ | ३४१,१३६ | ३३०,२४४ | ६७१,३७९ | २.९०% |
| ७ | ३१४,५३९ | ३१४,०२१ | ६२८,५६० | २.७१% |
| ८ | ३७५,८२७ | ३५३,४१९ | ७२९,२४६ | ३.१५% |
| ९ | २५५,५६३ | २४९,१३१ | ५०४,६९४ | २.१८% |
| १० | ३९६,६४२ | ३७०,८०० | ७६७,४४३ | ३.३१% |
| ११ | २४२,८४२ | २३२,९०९ | ४७५,७५१ | २.०५% |
| १२ | ३७८,१४० | ३४५,३०८ | ७२३,४४८ | ३.१२% |
| १३ | २६२,५०१ | २५४,९२५ | ५१७,४२६ | २.२३% |
| १४ | २७९,८४७ | २७१,१४८ | ५५०,९९४ | २.३८% |
| १५ | २७२,९०९ | २६०,७१९ | ५३३,६२७ | २.३०% |
| १६ | २६०,१८८ | २६१,८७८ | ५२२,०६६ | २.२६% |
| १७ | २०६,९९४ | २१४,३६९ | ४२१,३६३ | १.८२% |
| **१८ वर्षमुनीको जम्मा** | ५,३८४,१६२ | ५,२०१,६३० | १०,५८५,७९१ | ४५.७२% |
| **कूल जनसंख्या** | ११,५६३,९२१ | ११,५८७,५०२ | २३,१५१,४२३ | |

## अनुसूची ३: जनगणना २०६८ अनुसार कूल बालबालिकाको संख्या

| उमेर | २०६८ | प्रतिशत | उमेर समूहगत प्रतिशत |
|---|---|---|---|
| ० वर्ष | ४६९,९७९ | १.७७ | |
| १ | ४२३,२८३ | १.६ | |
| २ | ५२५,९९२ | १.९९ | |
| ३ | ५५५,८८४ | २.१ | |
| ४ | ५९२,८२५ | २.२४ | ९.७ |
| ५ | ६६१,१५८ | २.५ | |
| ६ | ६२९,०१६ | २.३७ | |
| ७ | ६२८,५९० | २.३७ | |
| ८ | ७३३,२२८ | २.७७ | |
| ९ | ५५२,८६७ | २.०९ | |
| १० | ८११,७४८ | ३.०६ | |
| ११ | ५६२,५८० | २.१२ | |
| १२ | ७९५,०७६ | ३ | |
| १३ | ६२८,९१५ | २.३७ | ३२.३५ |
| १४ | ६७७,१०५ | २.५६ | |
| १५ | ६५२,५२५ | २.४६ | ३७.३७ |
| १६ | ६४६,०९२ | २.४४ | |
| १७ | ५३७,४४८ | २.०३ | ४१.८३ |
| **१८ वर्षमुनीका जम्मा** | ११,०८४,३११ | ४१.८४ | |
| **कूल जनसंख्या** | २६,४९४,५०४ | | |
| **पुरुष** | १२,८४९,०४१ | ४८.५ | |
| **महिला** | १३,६४५,४६३ | ५१.५ | |

## अनुसूची ४: अध्ययनमा सहभागी व्यक्तिहरुको जिल्लागत विवरण

| क्र. सं. | जिल्ला | संरक्षक (परिवारको घरमुली) | | संरक्षित बालबालिका | | समूहका सदस्य | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | सिन्धुली | १२ | २.८ | १२ | २.६ | ४ | २ |
| २ | ओखलढुंगा | ४ | ०.९ | ४ | ०.९ | २ | १ |
| ३ | भक्तपुर | ८ | १.९ | १३ | २.८ | ७ | ३.४ |
| ४ | ललितपुर | २५ | ५.९ | २४ | ५.१ | १५ | ७.४ |
| ५ | काठमाण्डौं | १५ | ३.५ | २४ | ५.१ | १७ | ८.४ |
| ६ | काभ्रेपलाञ्चोक | २० | ४.७ | २० | ४.३ | १० | ४.९ |
| ७ | नुवाकोट | २१ | ४.९ | २१ | ४.५ | १५ | ७.४ |
| ८ | गोर्खा | १८ | ४.२ | १८ | ३.८ | ५ | २.५ |
| ९ | कास्की | २७ | ६.४ | ३५ | ७.४ | ६ | ३.० |
| १० | रामेछाप | १८ | ४.२ | १९ | ४ | ७ | ३.४ |
| ११ | रसुवा | १६ | ३.८ | १६ | ३.४ | ११ | ५.४ |
| १२ | सिन्धुपाल्चोक | १५ | ३.५ | १५ | ३.२ | २६ | १२.८ |
| १३ | मकवानपुर | २५ | ५.९ | २५ | ५.३ | ९ | ४.४ |
| १४ | बाँके | २० | ४.७ | १९ | ४ | ८ | ३.९ |
| १५ | दोलखा | २८ | ६.६ | २८ | ६ | ५ | २.५ |
| १६ | मोरङ | १५ | ३.५ | १६ | ३.४ | १० | ५.४ |
| १७ | धादिङ | १५ | ३.५ | १५ | ३.२ | ५ | २.० |
| १८ | धनुषा | २३ | ५.४ | २२ | ४.७ | ११ | ३.० |
| १९ | सुर्खेत | १८ | ४.२ | १९ | ४ | ४ | ३.९ |
| २० | चितवन | २६ | ६.१ | २८ | ६ | ६ | २.५ |
| २१ | महोत्तरी | १८ | ४.२ | २१ | ४.५ | ८ | ३.९ |
| २२ | दैलेख | २६ | ६.१ | २६ | ५.५ | ५ | २.५ |
| २३ | डडेलधुरा | १२ | २.८ | ३० | ६.४ | ७ | ३.४ |
| | जम्मा | ४२५ | १०० | ४७० | १०० | २०३ | १०० |
| | | (कूल उत्तरदाता १०९८) | | | | | |

## अनुसूची ५: समुदायलाई सोधिएका प्रश्नहरु
### प्रश्नावली – १
**(समुदायका सूचनादाता वा समूहको लागि)**

प्रश्नावली संख्याः ...........

जिल्ला :

स्थानीय तह :

गाउँ वा समुदाय वा टोल :

सूचनादाताहरुको नाम : ............. .................. ........................ सम्पर्क नं.

१. यो गाउँ वा टोलमा जम्मा घरधुरी कति जति होला? .............

२. बाबुआमा दुवैको मृत्यु भएका अनाथ बालबालिकाको संख्या कति जति हुन सक्छ ?
जम्मा............. बालक..........बालिका.........

३. बाबुको मृत्यु भएका बालबालिकाको संख्या कति जति हुन सक्छ ?
जम्मा.............बालक..........बालिका.........

४. आमाको मृत्यु भएका बालबालिकाको संख्या कति जति हुन सक्छ ?
जम्मा.............बालक..........बालिका.........

५. बाबुले दास्रो विवाह गरेका संख्या कति जति हुन सक्छ ? .............

६. आमाले दास्रो विवाह गरेका संख्या कति जति हुन सक्छ ? .............

७. बाबुआमा दुवैले दोस्रो विवाह गरी घर र छोराछोरी छाडी गएका घटना संख्या कति जति होला ? .......

८. घरतिरका बाजेबज्यै, ठूलो/सानो बाबुको परिवारसंग बसेका बालबालिका कति जति होला ? ...........

९. मावलतिरका बाजेबज्यै/मामा वा ठूली/सानी आमासंग बसेका बालबालिका कति जति होला ? ........

१०. उनीहरुको शिक्षा, स्वास्थ्य, मनोरञ्जनको स्थिति के कस्तो छ ?

११. बालबालिकाले घरायसी र बाहिरको काम के कस्तो गर्नु पर्छ ?

घरायसी काम

१. भाडा तथा लुगा धुने २. खाना पकाउने ३. सरसफाइ गर्ने ४. बच्चा हेर्ने ५. अन्य भए उल्लेख गर्नुहोस्

१२. पढाई, स्वास्थ्य र आफ्नो बलबुद्धीमा असर पर्ने गरी काम गर्नुपर्ने अवस्था के कस्तो छ ?

१३. बालबालिकालाई हेप्ने, शोषण, दुर्व्यवहार, हिंसा गर्ने अवस्था वा घटनाहरु कत्तिको सुनिन्छ वा देखिन्छ ?

१४. ती बालबालिका कत्तिको सामान्य वा दुःख कष्टमा रहेको जानकारी छ ?

१५. यस्ता बालबालिकाको लागि सरकार, स्थानीय तह र गैससबाट के कस्ता सेवासुविधाहरु छन् ?

१६. बालबालिका बसेको घरबाट बालबालिकाको लालन पालन गर्न सक्ने आर्थिक क्षमता के कस्तो छ ?
१. सक्षम् २. ठीकै ३. दयनीय

१६. उक्त सेवासुविधाहरु बालबालिकाले नै पाइरहेका छन् वा छैनन् ? १.छन् २. छैनन

१७. तपाईहरुको विचारमा उक्त बालबालिकाको भविष्यका लागि सरकार, स्थानीय निकाय वा अन्य संस्थाहरुले नगरी नहुने सेवासुविधा वा उपाय के के हुन सक्छन् ?

सूचना सङ्कलकको विचार (केही भएमा):

सूचना सङ्कलकको नामः ............................. मितिः ........................

## अनुसूची ६: परिवारमुली वा बालबालिकाको संरक्षकलाई सोधिएका प्रश्नहरु

**प्रश्नावली – २**

(**परिवारको मुली वा बालबालिकाको संरक्षकको लागि**)

प्रश्नावली संख्याः ...........

जिल्ला :

स्थानीय तह :

गाउँ वा समुदाय वा टोल :

उत्तरदाताको नाम : सम्पर्क नंः

१. संरक्षित बालबालिकाको नाम :

२. संरक्षित बालबालिकाको लिङ्ग : १ पुरुष २. महिला

३. बालबालिकासंगको नाता :

१. दाजु भाई २. दिदी/बहिनी ३.हजुर बुबा ४. हजुर आमा ५. मामा/माइजु ६. अन्य ..........

४. बालबालिकाको बाबुआमाको स्थितिः

बाबुको मृत्यु भएको : १. छ २. छैन......,
कति वर्ष पहिलेः

आमाको मृत्यु भएको : १. छ २. छैन ......,
कति वर्ष पहिलेः

आमाबाबु दुवैको मृत्यु भएको : १. छ २. छैन ......, कति वर्ष पहिलेः

बाबु, आमा वा दुवैले अर्को विवाह गरी अन्तै बस्न गएको १. छ २. छैन : ......., कति वर्ष पहिलेः

प्रश्न. १ बालबालिकाको लागि शिक्षा, स्वास्थ्य, खानपिन, लत्ताकपडा जस्ता खर्च कसरी चलाई रहेको छ ?

प्रश्न. २ के बालबालिका विद्यालय जान्छन् ? १. जान्छन २. जादैनन्

प्रश्न. ३ बालबालिका विद्यालयमा जान्छ भने - कति कक्षामा पढ्छ? ............. कक्षा

प्रश्न. ४ विद्यालय जाँदैन वा पढाई छोडेको हो भने, किन? ..................................

प्रश्न. ५ के यो वर्ष बालबालिकालाई स्वास्थ्यको समस्या पर्‍यो ? १. पर्‍यो ...... २. परेन .......

प्रश्न. ६ यदि पर्‍यो भने के कस्तो स्वास्थ्यको समस्या पर्‍यो ?

प्रश्न. ७ कहाँ र कसरी उपचार गराउनु भयो ? ......................................

१. स्वास्थ्य चौकी वा अस्पताल २. त्यतिकै औषधी पसलबाट औषधी ल्याई खुवाए
३.धामी झाक्री ४.केही पनि गरेन ५ अन्य भए उल्लेख गर्नुहोस्

नोटः सूचना सङ्कलकलाई स्वास्थ्योपचारमा लापर्वाही वा बेवास्ता भएको लागेमा चिन्ह लगाउने

सामान्य ( धेरै बेवास्ता

प्रश्न. ८ घरमा के कस्तो काममा सहायता गर्दछ?

१. भाडा तथा लुगा धुने  २. खाना पकाउने  ३. सरसफाइ गर्ने  ४. बच्चा हेर्ने ५. गाई बस्तु हेर्ने  ६. घाँस दाउरा गर्ने  ७. अन्य भए उल्लेख गर्नुहोस्

प्रश्न. ९ बालबालिकाको कारणले तपाईलाई के कस्तो समस्याहरु छन् ?

- ...

प्रश्न. ९क तपाईका समस्याहरु समाधान गर्न के के गर्नु पर्ला ?

- ...

प्रश्न. १० बालबालिकामा के कस्ता समस्याहरु छन्?

- ...

प्रश्न. १०क बालबालिकामा भएका समस्याहरु समाधान गर्न के के गर्नु पर्ला ?

- ...

प्रश्न. ११ पछिल्लो समयमा बालबालिकाले गरेका वा सम्बन्धित रमाइला वा राम्रा कुराहरु के के छन् ?

तपाईले कसरी प्रतिक्रिया देखाउनु भयो? ....................................................

प्रश्न.१२ पछिल्लो समयमा बालबालिकाले गरेका वा सम्बन्धित नरमाइला वा नराम्रा कुराहरु के के छन् ?

- ...

तपाईले कसरी प्रतिक्रिया देखाउनु भयो? ....................................................

प्रश्न. १३ बालबालिकाको संरक्षणका बारेमा तपाईको आफ्नो धारणा वा विचार के कस्ता छन् ?

प्रश्न. १४ बालबालिकाको संरक्षणका बारेमा सरकार, स्थानीय तह र गैरसरकारी संस्थाबाट के कस्ता उपायहरु हुन सक्छन् ?

- ...

प्रश्न. १५ हाल बालबालिकाको संरक्षणका बारेमा सरकार, स्थानीय तह र गैरसरकारी संस्थाबाट के कस्ता सहयोग पाउनु भएको छ ?

- ...................... बाट - नगद ...........(मासिक वा बार्षिक)
- ...................... बाट - जिन्सी ..........(मासिक वा बार्षिक)
- ...................... बाट - अन्य सेवा/सुविधा ...................................... .................

सूचना सङ्कलकको अवलोकन र अनुभव -

सूचना सङ्कलकको नामः ................................  मितिः ........................

## अनुसूची ७: बालबालिकालाई सोधिएका प्रश्नहरु

## प्रश्नावली – ३

**(बालबालिकाको लागि)**

प्रश्नावली संख्याः ...........

जिल्ला :

स्थानीय तह :

गाउँ वा समुदाय वा टोल :

१. बालबालिकाको नाम : ...................... २. थर............, ३. लिङ्गः ...... (बालक वा बालिका)

४. उमेर : वर्ष ........ (जन्म मिति)

**शिक्षाः**

पढ्दै छ भने - १ छ २ छैन्

५. कति कक्षामा पढ्दै छः ............ ६. विद्यालयको नामः .......................................

६. घरमा कुन कुन समयमा कति समय पढ्ने गरेको छः ............................, ....../...... घण्टा ।

७. घरमा पढ्न सिकाउने मान्छे कोही छः ..........१. छ, ...........२. छैन ।

७क. पढाई खर्च कसले दिने वा तिर्ने गरेको छ? ......................

७ख. पढाईको स्तरः १.कमजोर .........., २.ठीकै.........., ३.राम्रो ........ ।

**नोट**ः (बालबालिका संग रोल नं र कक्षाको विद्यार्थी संख्या लगायतका कुराकानी गरी उत्तर लेख्ने )।

**स्वास्थ्यः**

८.हाल कुनै स्वास्थ्य समस्या छः ............१. छ, ........... २. छैन । छ भने के के समस्या छ ।

९. उपचारको लागि कहाँ गएको छः १. स्वास्थ्य चौकी वा अस्पताल २. त्यतिकै औषधी पसलबाट औषधी ल्याई खुवाए ३.धामी झाक्री ४.केहि पनि गरेन ५ अन्य भए उल्लेख गर्नुहोस्

१०. विरामी पर्दा कसले हेरविचार गर्ने गरेको छः १.आमा २. बुबा ३. दाजु भाई ४. दिदि बहिनी ५.हजुर बुबा ६. हजुर आमा ७. मामा ८.माईजु ९. काका वा ठूलो बुबा १०. काकी वा ठूली आमा ११. अन्य भए उल्लेख गर्नुहोस्

१०क. उपचार खर्च कसले दिने वा तिर्ने गरेको छ? १.आमा २. बुबा ३. दाजु भाई ४. दिदि बहिनी ५.हजुर बुबा ६. हजुर आमा ७. मामा ८.माईजु ९. काका वा ठूलो बुबा १०. काकी वा ठूली आमा ११. अन्य भए उल्लेख गर्नुहोस्

**नोट**ः खानाबारे सोधपुछ गर्ने र पोषणको अवस्था के कस्तो बुझिन्छ? सोबारे अनुभवको आधारमा आफ्नो विचार प्रश्नकर्ताले लेख्ने ..................................................

**मनोरञ्जनः**

११. घरमा खेल खेल्ने गरेको छ? १ छ २ छैन

११ क.घरमा के कस्ता खेल खेल्ने गरेको छः

१२. टिभी, रेडियो हेर्ने सुन्ने गरेको छः १ छ २ छैन

१२क. टिभी, रेडियो हेर्ने सुन्ने गरेको छ भनेः ........... १. सधैं, ........... कहिले कहीँ ।

१२क. खेल्न वा मनोरञ्जन केही गर्न पाइन्छ वा पाइँदैन । ...........................

**संरक्षणः**

१३. घरमा सबभन्दा बढी कसले मायाँ गर्छ? १.आमा २. बुबा ३. दाजु भाई ४. दिदि बहिनी ५.हजुर बुबा ६. हजुर आमा ७. मामा ८.माईजु ९. काका वा ठूलो बुबा १०. काकी वा ठूली आमा ११. अन्य भए उल्लेख गर्नुहोस् .......................

१४. के तपाईले घरायसी काम गर्नु पर्दछ? १. पर्दछ  २ पर्दैन
१५. यदि पर्दछ  भने, घरायसी काम के के गर्नु पर्दछ?
१. भाडाकुडा तथा लुगा कपडा धुने   २. खाना पकाउने   ३.सरसफाइ गर्ने   ४.बच्चा हेर्ने ५.गाई बस्तु हेर्ने   ६. घाँस दाउरा गर्ने   ७. अन्य भए उल्लेख गर्नुहोस्
१७. घरायसी काम गर्दा कसले सहयोग गर्छ?
१.आमा   २. बुबा   ३. दाजु भाई   ४. दिदी बहिनी   ५.हजुर बुबा   ६. हजुर आमा
७. मामा  ८.माइजु  ९. काका वा ठूलो बुबा १०. काकी वा ठूली आमा ११. अन्य भए उल्लेख गर्नुहोस्
१७क. नसक्ने र साह्रै मन नलाग्ने के के काम गर्नु पर्छ? ........................................................
१७ख. घरमा काम गर्दा काम मिलेन वा बिग्रियो भने के कस्तो सजाय पाउने गरेको छ :
गाली : १. अलिअलि.........., २.ठीकै.........., ३.साह्रै कठोर ........ ।
शारीरिक सजाय : १.अलिअलि.........., २.ठीकै.........., ३.साह्रै कठोर ........ ।
अहिलेसम्म के कस्तो सजाय पाएको छ? ...........................................
१८.  घरबाहिर पैसा कमाउन पनि काम गर्न जाने गरेको छ? छ भने के के काम गर्ने गरेको छ ? ...................
.............
१९. गाली वा सजायबाट साह्रै चित्त दुख्यो भने के के गर्ने गरेको छ?
२०. सजायबाट घाइते नै भयो भने के के गर्ने गरेको छ?
२१. घरमा आफुलाई मन नपर्ने काम कुरा के के हुने गर्दछ?
१५. कति बेला उठ्नु पर्छ? ................. बजेतिर,   १६. कतिबेला सुत्ने गर्छ? .......... बजेतिर
२२. कसैले हेप्ने वा ज्यादै मन नपर्ने गरी जिस्क्याउने गरेको छ ?  ........ छ,   .......... छैन ।
छ भने,
घरमा - कसले ......................,  के के भन्ने वा गर्ने गरेको छ? ...............
विद्यालयमा - कसले ......................,  के के भन्ने वा गर्ने गरेको छ? ...............
छरछिमेकमा - कसले ......................,  के के भन्ने वा गर्ने गरेको छ? ................
२३. हाल बसेको ठाउँबाट अन्तै बस्न जान मन लाग्छ?  ......... १. लाग्छ,   ...........२. लाग्दैन ।
लाग्छ भने - कहाँ ..................................., किन? ................................
२४. यहाँ रमाइलो वा मन लाग्ने कुरा के के छन् ? ...........................................................
२५. यहाँ नरमाइलो वा मन नलाग्ने कुरा के के छन् ? ........................................................
२६. बालबालिका कहाँ को संग बसेको छ ? ...................., .........................संग ।

- आफ्नो घरमा - ........................ संग
- बाबुतिरको आफन्त - ........................ संग
- आमातिरको आफन्त - ........................ संग
- अन्य संरक्षक ........................ संग

२७. सूचना सङ्कलकले छलफल र अवलोकनबाट पाएको अन्य जानकारीमूलक सूचना वा विचार
२७क. प्रश्नकर्ताले (बालबालिकासंगको कुराकानीबाट) आवश्यकताको पहिचान गर्ने र लेख्ने

- ........................   •........................   •........................

२७ख. प्रश्नकर्ताले बाल संरक्षण तथा हिंसा र दुर्व्यवहारका सवालहरु के के पहिचान भयो लेख्ने

- ........................   •........................   •........................

सूचना सङ्कलकको नामः .................................   मितिः .........................

# जस्तो भोगाई त्यस्तै सिकाई

आलोचना बीच हुर्केको बालकले भत्सर्ना गर्न सिक्दछ
तनाव बीच हुर्केको बालकले झैझगडा गर्न सिक्दछ
अमर्यादा बीच हुर्केको बालकले लज्जित हुन सिक्दछ
शरममा हुर्केको बालकले पछुताउन सिक्दछ
दुर्व्यवहार बीच हुर्केको बालकले कुण्ठीत हुन सिक्दछ
प्रोत्साहनमा हुर्केको बालकले आत्मनिर्भर हुन सिक्दछ
सद्भावमा हुर्केको बालकले धैर्यवान हुन सिक्दछ
प्रशंसामा हुर्केको बालकले कदर गर्न सिक्दछ
समानतामा हुर्केको बालकले न्याय गर्न सिक्दछ
मित्रतामा हुर्केको बालकले संसारमा स्नेह बाँढ्‌न सिक्दछ
सहमतिमा हुर्केको बालकले सहभागिताको संस्कार सिक्दछ
सुरक्षित रूपमा हुर्केको बालकले आत्मविश्वास साथ अघी बढ्‌न सिक्दछ